## *परिच्छेद-एक*

# अनुसन्धानको परिचय

### १.१.भूमिका

सामान्यतया राजनीतिमा मानिसहरुको संलग्नतालाई राजनीतिक सहभागिता भनिन्छ । “राजनीतिक सहभागिता भनेको राजनीतिक व्यवस्थाका विविध तहमा व्यक्ति तथा समूहहरुको सहभागिता हो” (असरफ र शर्मा, १९९५ : १४२) । यस्ले नै लोकप्रिय र व्यवस्थित शासन तथा सभ्य समाजको जग खडा गर्दछ । सभ्य, समतामूलक समाजको परिचय भनेको नै सुदृढ शासन व्यवस्था हो । यसको लागि जनताको अर्थपूर्ण राजनीतिक सहभागिता अनिवार्य हुन्छ । प्रजातन्त्रले यस खालको सहभागिता सुनिश्चित गर्छ भन्ने विश्वव्यापी मान्यता छ । शासन व्यवस्था र शासकहरुका लागि प्रजातन्त्र प्रिय शव्द बनेको छ । आज सवैखाले शासन पद्धति एवं शासक बिशेष र राजनीतिक पार्टीहरुले आफूलाई प्रजातन्त्रवादी भन्न रुचाउँछन् । चाहे ती अधिनायकवादी, तानाशाही, निरकुंश र स्वच्छाचारी नै किन नहुन् । तर व्यवस्था प्रजातान्त्रीक हो वा होइन भन्ने कुराको निरुपण त्यस व्यवस्थाले नागरिकहरुलाई सहभागिताको लागि ढोका खुल्ला गरेको छ, छैन भन्ने कुरा बाट हुन्छ भने राजनीतिक पार्टी प्रजातन्त्रिक तथा समाबेशी छ । छैन भन्ने कुरा त्यस पार्टीमा सवै जातजाती क्षेत्र, लिंग, समुदायको समानुपातिक समावेशी भए, नभए बाट पुष्टि हुन्छ ।

प्रजातन्त्रमा राजनीतिक सहभागिताद्धारा नागरिकले संगठित हुने, प्रतिनिधित्व गर्ने, मत दिने, नीति निर्माण तथा कार्यन्वयन पक्षमा प्रभाव पार्ने गर्दछन् । तसर्थ प्रजातन्त्रिक व्यवस्थाको दिगो विकासका लागि राजनीतिक सहभागिता अपरिहार्य छ । राजनीतिक सहभागिता मुख्यतय व्यवस्था र यसका सञ्चालक तथा सामाजिक वातावरणमा निर्भर गर्छ । मुलुक सम्पन्न भएपनि अवसरको असमान वितरण वा असन्तोषका कारण राजनीतिक सहभागिता नहुन सक्छ । त्यस्तै जाति, रंग, धर्म, लिंग आदिका आधारमा पनि यो निर्धारण हुन्छ । अबिकसित समाजमा धेरैजसो राजनैतिक, आर्थिक, सामाजिक अवस्था, धर्म, जातिपाति आदिका आधारमा राजनीतिक सहभागिताको निर्धारण हुन्छ (निए र भर्वा, १९७६ : ११२) ।

हिन्दु वर्णाश्रम जाती व्यवस्था अनुसार १९१० को मुलूकी ऐनमा नै व्यवस्था गरी देशको १३ प्रतिशत भन्दा बढी जनसख्या भएका श्रम र सीपका धनी सिर्जनशील दलित समुदायलाई

पानी नचल्ने र अछुत जाति भनि नामाकरण गरियो। यसरी राज्यद्धारा नै छुवाछुत तथा जातीय भेदभावको मारमा पर्दै आएका जातीहरु हाल दलित समुदाय भनि चिनिएका छन्। जुन समुदायलाई हाल राष्ट्रिय दलित आयोगमा सूचिकृत गरिएको छ। देशको तेह्र प्रतिशत भन्दा बढी जनसख्या भएका दलित समुदायहरुको राजनीतिमा न्यून उपस्थिति रहेको पाइन्छ। राजनीतिमा दलित सहभागिता भन्नाले निर्वाचन आयोगमा राजनीतिक दलको रुपमा दर्ता भई जनताहरुको बीचमा प्रभावमा रहेका पार्टीहरुमा दलित समुदायका व्यक्तिहरु पार्टीको विधानलाई आत्मासात गरी पार्टीको सदस्य लिई कार्यकर्ता वा नेताको रुपमा राजनीतिक क्रियाकलापमा भाग लिनु नै राजनीतिमा दलित सहभागिता हो। दलित समुदाय बाट कुनै पनि राजनीतिक पार्टीको विधान, घोषणपत्र लाई आत्मासात गर्दै पार्टीको रणनीतिक उदेश्यलाई पूरा गर्न बनेका, कार्यनीति र कार्यदिशालाई पक्रीई काम गर्नु नै राजनीतिमा दलित सहभागिता हो। राजनीतिक पार्टीमा काम गर्दा उसको भूमिकाले नै उसको राजनीतिक हैसियत बनेको हुन्छ। कसैले राजनीतिलाई नै आफ्नो मुख्य पेशाको रुपमा अंगाली पुर्णकालीन कार्यकता वा नेताको रुपमा काम गरेका हुन्छन् भने कसैले सहायक पेशाको रुपमा लिएका हुन्छन् भने कसैले सदस्यका रुपमा काम गरेका हुन्छन्। त्यसैले राजनीतिमा सहभागी हुनुको मुख्य उदेश्य राजनीतिक अधिकार प्राप्तिको लागि हो।

दलित समुदायहरुले अहिले पनि राज्यसत्ता संञ्चालन तथा नीति, निर्माण गर्ने स्थानमा पंहुच विस्तार गर्न सकेको पाईदैन। यसको मुख्य कारण भनेको दलित समुदायका व्यक्तिहरुको राजनीतिमा प्रभावकारी उपस्थिति नहुनु नै हो। यसका पछाडि धेरै कारणहरु छन् जस मध्ये मुख्य कारण हिन्दुवर्णाश्रम व्यवस्थामा आधारित राज्यव्यवस्था नै हो। जुन व्यवस्थामा दलित समुदायका व्यक्तिहरुले राजनीति गर्ने होइन कि ब्राहमण, क्षेत्री र वैश्यको सेवा गर्ने, शारीरिक परीश्रम गरी जीवन निर्वाह गर्नु पर्ने र निर्माणका कामहरु गर्ने भन्ने बिभेदीत नीतिहरु बनेका थिए। जसले गर्दा दलित समुदायका दिनहरु गरीबी र अभावमा वितिरहे। शिक्षाको ज्योतिबाट बञ्चित हुनु पर्‍यो। जसले गर्दा राजनीतिको महत्व थाहा हुन सकेन। केहि राजनीतिक महत्व बुझेका दलितहरुका आर्थिक अभावले गर्दा राजनीति गर्न सम्भव भएन। तत्कालिन शासकहरुले श्रम शोषण गर्ने अचुक हतियारका रुपमा प्रयोग गरेका जातीय बिभेद तथा उत्पादनका साधन स्रोतबाट बञ्चित दलित समुदायहरु आज आएर राज्यसत्ता बाट पूरै बञ्चित हुनु परेको छ। राजनीतिमा दलित सहभागिता किन चाहिन्छ भन्ने

सवालमा अध्ययन गर्दा राजनीतिले नै सवै कुराको निर्धारण गर्ने भएका र व्यवस्था प्रजातान्त्रिक बनाउन हरेक जात, जाति भाषा, लिङग, क्षेत्र को राजनीतिमा सहभागिता हुनु जरुरी भए जस्तै दलित समुदायको पनि राजनीतिमा सहभागिताको आवश्यकता परेको हो ।

राजनीतिक दलहरु बाट बनेको व्यवस्थापिका संसदले नै कानुन बनाउने हुंदा नीति, निर्माण गर्ने ठाउमा दलितहरुको प्रतिनिधि जान पर्ने हुन्छ । शदीयौं देखि राज्यसत्ता बाट बञ्चित बनाइएका दलित समुदायहरु नीति निर्माणको तहमा नपुगेका कारण दलितमैत्री कानून बन्न सकेका छैनन । जसले गर्दा दलितहरुलाई राज्यको कानूनले संरक्षण गर्न सकेको पाईदैन । त्यसैले देशका उत्पादन र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने दलित समुदायहरुको राज्यसत्तामा पहुँच बढाई तिनीहरुको जीवन स्तर वृदि गरी सम्मानित जीवन जिउनको लागि पनि राज्यसत्तामा पुग्नु अपरिहार्य हुन्छ । राज्यसत्तामा पुग्ने मुख्य आधार भनेको नै राजनीतिक सहभागिता हो । राजनीतिक सहभागिता बिना राज्य संञ्चालनको अँगमा पुग्न प्राय असम्भव हुन्छ । त्यसैले इतिहासको लामो कालखण्ड बाट छुवाछुत तथा जातीय बिभेदको शिकार भएका दलित समुदायहरु राजीतिक दलमा आफ्नो उपस्थितिलाई अधिकतम् बढाउन सचेततापूर्वक लाग्न जरुरी देखिन्छ । राजनीतिक पार्टीमा भएको प्रतिनिधित्वको आधारमा राज्यको नीति निर्माण गर्ने तहमा पुगिने हुंदा दलितहरु राजनीतिमा आबद्ध हुन जरुरी हुन्छ । किनभने राजनीतिक दलले आफ्नो वर्ग समुदायको हितको निमित्त काम गरेको हुन्छ । दलितहरु राजनीतिक पार्टीमा आवद्ध भएर मात्र सिङगो दलित समुदायको समस्यालाई उजागर गरी समाधानको लागि सरकारलाई दवाव दिन सक्छन् । राज्यमा पहुँच विस्तारको लागि दलितहरुले राजनीतिमा सहभागिता बढाउन जरुरी छ ।

**राजनीतिमा दलित सहभागिता : ए.ने.क.पा.(माओवादी) कास्की एक अध्ययन** शीर्षक रोज्नुको पछाडि धेरै कारणहरु हुन सक्छन् र पनि मुख्य कारण के हो भने शदींयौ देखि राजनीतिक र शैक्षिक रुपमा बञ्चित, सामाजिक, धार्मिक र सांस्कृतिक रुपमा उपेक्षित, अपमानित र आर्थिक रुपमा बिपन्न तेह्र प्रतिशत भन्दा बढी जनसँख्या भएका दलित समुदायहरुको राजनीतिक दलमा सहभागिताको बिषयमा खोज, अनुसन्धान नभएको र स्वयम् दलित समुदायका स्नातकोत्तर गर्नेले पनि यस बिषयमा शोधपत्र तयार गरेको नपाइएकोले यस बिषयलाई शोधकर्ताले शोधपत्रको विषय बनाइएको हो ।

## १.२. समस्या कथन

कुल जनसंख्याको तेह्र प्रतिशत जनसख्या भएका दलित समुदायहरुको राजनीतिमा न्युन सहभागिता छ। राजनीतिमा दलित समुदायको सहभागिता कम हुनका पछाडी विविध कारणहरु छन । जस मध्ये मुख्य कारणहरु युगौदेखि कायम रहेको हिन्दु वर्णाश्रममा आधारीत राज्यव्यवस्था नै हो । हिन्दुवर्णव्यवस्थाले दलितहरुलाई राजनीतिमा भाग लिने त टाढाको कुरा वेद, पुराण उपनिषद जस्ता शिक्षा आदिका कुराहरु सुन्न समेत बञ्चित गरेका पाइन्छ। जसले गर्दा दलित समुदायको शैक्षिक र राजनीतिक चेतना उठ्न पाएन । उत्पादनका साधन स्रोत जमीन, जङगल, जल आदिबाट बञ्चित गरीयो । जसले गर्दा बाध्य भई सधै अर्काको जमीनमा शारीरिक परीश्रम गर्नु पर्ने तर सोही आम्दानी बाट खान, लाउन तथा छोरा, छोरीलाई उचित शिक्षा, दीक्षा दिन नसक्ने अवस्थाबाट दलित समुदायहरुको जीवन गुज्रेको पाइन्छ । दलित समुदायको राज्यमा पहुँच नहुनको कारण राजनीतिमा सहभागिताको अभाव नै हो । तथापि नेपालको केही प्रभावशाली राजनीतिक दल जस्तै एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी - माओवादी मा दलित समुदायको राजनीतिक सहभागिता भएको देखिन्छ। नेपालमा १३३ राजनीतिक दल दर्ता भएको पाइन्छ। ति मध्ये केही राजनीतिक दलको केन्द्रीय तहमा प्रतिनिधित्व छ भने अधिकांश दलमा दलित सहभागिता शून्य भएको पाइन्छ। केहि राजनीतिक पार्टीको केन्द्रीय समितिमा दलित समुदायको सहभागिताको उल्लेख गरिएको छ। साथै कास्की जिल्लामा भएका प्रभावशाली दलको जिल्ला समितिमा भएका दलित सहभागिताको विवरण राखिएको छ , भने मुलरुपमा ए.ने.क.पा.(माओवादी) कास्कीमा दलित समुदायको सहभागिताको सन्दर्भलाई लिएर यो शोधपत्र तयार पारीएको छ। तत्कालीन ने.क.पा.(माओवादी) ले संञ्चालन गरेको दश वर्षे जनयुद्धमा कास्की जिल्लाका माओवादी पार्टीमा संगठीत दलित नेता, कार्यकर्ताको भुमिका र बलीदानलाई अभिलेखीकरण गर्नु आफैंमा एक समस्या हो, त्यसलाई परिपूर्ति गर्न यस शोधकार्यमा निम्न लिखित प्रश्नको उठान गरिएको छ

- नेपाली राजनीतिमा दलित सहभागिता के कस्तो छ ?
- दलित समुदायको राजनीतिमा सहभागिताका लागि के कस्ता अवसर र चुनौतिहरु छन् ?
- तत्कालीन ने.क.पा.(माओवादी) मा दलितहरु लाग्नुका कारणहरु के के हुन ?

- ए.ने.क.पा (माओवादीमा) दलित समुदायको कस्तो सहभागिता छ ?

## १.३. शोधको उद्देश्यहरू

यस शोधपत्रमा कास्की जिल्लाको ए.ने.क.पा. (माओवादी) पार्टीमा दलित समुदायको सहभागिता संम्बन्धमा अध्ययन गरीने भएकोले यसको निम्न मूलभूत उद्देश्यहरू रहेका छन्-

(क) नेपाली राजनीतिमा दलित समुदायको प्रतिनिधित्वको खोजी गर्ने ।

(ख) तत्कालीन ने.क.पा.(माओवादी)मा दलित सहभागिताको कारणहरु खोजी गर्ने ।

(ग) एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कास्कीमा दलित सहभागिताको स्थिति अध्ययन गर्ने ।

(घ) ए.ने.क.पा.(माओवादी) पार्टी भित्र दलित सदस्यहरुको भूमिका पहिचान गर्ने, अवसरको अवस्था र समस्याको अध्ययन गर्ने ।

## १.४. अनुसन्धानको विधि

प्रस्तुत शोध अध्ययनमा दलितहरुको राजनीतिमा सहभागिता र विशेषत ए.ने.क.पा. (माओवादी), कास्कीको सन्दर्भमा दलित सहाभागिता के कस्तो छ भन्ने अध्ययन भएकोले प्रस्तुत शोधपत्रमा अध्ययन ढाँचा वर्णनात्मक र विश्लेषणात्मक रहेको छ ।

यस अध्ययनमा तथ्याङक सँकलनको लागि प्राथमिक तथा द्धितीय दुवै स्रोतहरुको प्रयोग गरिएको छ । द्धितीय स्रोतका रुपमा पुस्तक, स्मारिका, पत्रपत्रिकाहरु, सम्बन्धीत ऐन र नियमावलीहरु तथा सम्बद्ध अभिलेखहरु उपयोग गरि पुस्तकालय विधि प्रयोग गरिएको छ। प्राथमिक स्रोत अन्तरगत प्रश्नावली सूची र अन्तरवार्ता विधिहरु प्रयोग गरिएका छन् । (१) प्रश्नावली : तथ्याङ्क संकलनमा प्रश्नावलीविधि प्रचलित विधिको रुपमा रहेकोले यस शोधपत्र तयार पार्नका लागि प्रश्नावलीविधिको सहयोग लिइएको छ। यसमा कास्की जिल्लाको ए.ने.क.पा.(माओवादी) पार्टीमा आवद्ध ८० जना नेता, कार्यकर्तालाइ उत्तरदाताको रुपमा छनोट गरिएको छ । (२) अन्तर्वार्ता : यस शोधपत्र तयार पार्नका लागि कास्की जिल्लाको ए.ने.क.पा. (माओवादी) पार्टीमा नेता, कार्यकर्ताको रुपमा काम गर्ने विशेष सूचनादाताको रुपमा ५ जनासँग विषयवस्तु सँग सम्वन्धित गहन अन्तर्वार्ता लिइएको छ ।

## १.५. अध्ययनको सीमा

(१) यस शोधपत्रमा केही प्रभावशाली पार्टीको केन्द्रीय तहमा दलित समुदायको सहभागिता उल्लेख गरे पनि मुख्य रुपमा ए.ने.क.पा. (माओवादी) कास्कीमा दलित समुदायको राजनीतिक सहभागिताको मात्र अध्ययन गरिएको छ ।

(२) ए.ने.क.पा.(माओवादी) पार्टी कास्कीमा भएका दलित नेता, कार्यकर्ताले बिकाश गरेको राजनीतिक हैसीयत तथा खेलेका भुमिका र बलिदानीको खोजी गर्नुको साथै ऐतिहासीक सबिधानसभा २०६४ मा दलित सहभागिताको पनि उल्लेख गरिएको छ ।

## १.६ पूर्वसाहित्यको समीक्षा

प्रजातन्त्र पूर्ण हुनका लागि व्यापक जनसहभागिता हुनु जरुरी हुन्छ। नेपाल बहुजाति, बहुभाषि, बहुधार्मिक, बहुसांस्कृतिक र विबिधायुक्त मुलुक हो। त्यसैले गर्दा राज्यसत्तामा सबै जात जाती, दलित, महिला, मधेसी, अल्पसंख्यक, भाषा, लिंग क्षेत्र आदि सबैको प्रतिनीधित्व आवश्यक हुन्छ। प्रजातान्त्रिक व्यवस्था हुनको लागि राज्यको सबै भन्दा बढी शोषीत, पीडित, अपहेलित, उपेक्षित देशको १३ प्रतिशत भन्दा बढी जनसंख्या भएका दलित समुदायहरुको पहुंच अनिवार्य छ। दलितहरु राज्यको नीति निर्माण तहमा पुग्नको लागि राजनीतिमा सहभागी हुन पर्ने हुन्छ। राजनीतिमा महिला सहभागिता, नेपालमा दलित आन्दोलन, नेपालका दलितहरु, नयां नेपालमा दलित र कास्की जिल्लाको स्थानीय निकायमा दलित सहभागिता भन्ने विषयमा बिभिन्न बिद्धानहरुले लेख, रचना लेखेको पाइन्छ तर यस शोध शीर्षक संग संम्बन्धी कुनै बिद्धानले लेख, पुस्तक प्रकाशन गरेको पाइएन। तापनि विभिन्न लेखकहरुको लेख, रचना, संघ, संगठनले प्रकाशन गरेका लेख, रचना ऐन, कानूनमा दलित संम्बन्धि गरिएका व्यवस्थाहरुलाई आधार बनाई यहां दलित सम्बन्धि साहित्य समिक्षा गरिएको छ।

“राजनीतिक सहभागिता भनेको यस्तो कार्यप्रणाली हो जसले सरकारका नीति निर्माण र कार्यशैलीमा प्रभाव पार्छ ” (जोहारी, १९९४:४३५) । “कुनै पनि राजनीतिक प्रणालीमा राजनीतिक गतिविधि को केन्द्रबिन्दु त्यसलाई सञ्चालन गर्ने राजनीतिक नेतृत्वको चयन नै हो। तसर्थ यस कार्यमा नागरिकले भाग लिनुलाई उसको सहभागिता भनिन्छ” (पोखरेल, २०५९:१७५) । कुनै पनि सभ्य समाजमा जातीय विभेद र छुवाछुतय विभेद भन्दा अन्यायपूर्ण

व्यवहार अर्को हुनै सक्दैन। बस्तुत् : यो समाजको सबैभन्दा लज्जाजनक र कुनै पनि समाजको सबै भन्दा ठूलो कलङ्क पनि हो। हुँदा-हुँदै पनि यस्तो कलङ्कपूर्ण समाज व्यवस्था बोक्नेमध्ये एउटा पछौटे समाज व्यवस्था भएको देश हाम्रो नेपाल पनि हो भन्नुपर्दा ज्यादै पीडा र लज्जावोध हुन्छ (के.सी., डा. ८, पुस, २०६७)।

उच्च र सम्भ्रान्त वर्गको हालीमुहाली हुँदैआएको राज्यसत्ताका कारण विगतमा संविधान निर्माण प्रक्रियामा दलित समुदायको सहभागिता कहिँ कतैबाट हुन सकेन । भनिन्छ राजनीतिमा भाग होइन, ठाँउ ठूलो हुन्छ, र सम्मानजनक ठाउँकै विवादमा पार्टीहरु फुटेका छन्, विद्रोहीहरु जन्मेका छन् र युद्ध भएको छ (नेपाली, २०६८) । नदेखाइएका तथ्यहरु नियाल्दा निष्कर्ष यहि निस्किन्छ, ताम्रपत्रमा वेद कुँद्ने शुद्र नै थिए । यो पहिलो कुरा हो । अझ रामायणको तथ्यले त शूद्र त्यति वेलाको निर्माणकर्मी भएको देखाएको छ । जस्तो कि, रामायणका अनुसार समुन्द्रमा पुल बनाउने विश्वकर्मा बावा थिए । वैज्ञानिकहरुको अपमान गरेर विज्ञानको विकास हुँदैन । अत् दलितको वास्तविक चिनारीको सम्मान हुनुपर्छ । उनीहरुको पुर्ख्यौली पेशामाथिको अग्राधिकार र हरक्षेत्रमा विशेषाधिकार सुनिश्चित हुनुपर्छ यदि दलितहरुको सीप र सिर्जनालाई आधुनिक ढङगले समृद्ध पार्ने हो भने सम्भव छ नेपाल साठी लाख अछुतहरुको होइन, वैज्ञानिकहरुको देश बन्ने छ (वि.क., २०६८)।

छुवा-छुत मुक्तिका लागि आन्दोलन गरेका दलितहरु सँघर्ष गर्दा गर्दै थाकेपछि धर्मान्तरण गरेका पाइन्छ। दलितका मसिहा भनिने डा.अम्वेडकरले पाँचलाख दलित सहित हिन्दुधर्म परित्याग गरी बुद्ध धर्ममा प्रवर्जित भएका थिए। आज पनि केही दलितहरु मुसलमान, इसाई बनिरहेका छन्। चौधौं शताव्दीमा पनि भारतमा दलितहरुले हिन्दु धर्म त्यागी इसाई भएका थिए, तिनीहरु आज पनि "दलित इसाई," "दलित बौद्ध" कै रुपमा चिनिन्छन। (धर्मान्तरणबाट दलित समस्या सुल्झिदैन ) (पाण्डेय, (२०६४) । त्यस्तै कुनै विद्धानका अनुसार दलित समस्या भनेको दक्षिण एसियाको नेपाल र मुख्यतः भारतमा संकेद्रित भएको वर्गसङघर्षको एउटा रुप हो (दाहाल, २०६४)।

दलित अधिकार नै मानवअधिकार हो, मानव अधिकारको दृष्टिमा संसारमा कहि पनि छुवाछुत र विभेद जातको आधारमा, रङको आधारमा, भौगोलिक आधारमा धनी र गरीवको आधारमा विभेद गर्न पाईदैन। दलित समुदायलाई समानस्तरमा नल्याएसम्म राज्यले विशेष व्यवस्था

गर्नु पर्छ, कम्तीमा २० वर्ष सम्म दलितहरुलाई विशेष व्यवस्था अन्तरगत आरक्षण दिनै पर्छ (पाठक, २०६६)। दलित भनेर भेदभाव गर्नेलाई नयां सबिधानमा कठोर सजाँयको व्यवस्था गर्नु पर्छ यस्तो सजाँय दिनको लागि दलित समुदायको प्रतिनिधित्वमा एउटा विशेष अदालतको व्यवस्था गरिनु पर्दछ (उपाध्यय, २०६६ )। विशेष अधिकार सहितको संघियता दलितको लागि विशिष्ट रुप हुन सक्छ । दलितहरुको लडाई राज्य प्राप्तिको निमित्त होइन, अधिकार प्राप्तिको निमित्त हो । सवै संघहरुमा दलितहरुका सामाजिक, आर्थिक, राजनीतिक अधिकारलाई संबिधानमै सुनिश्चित गर्नु पर्छ (दुलाल, २०६६)।

सामन्ती राज्यव्यवस्थाको एउटा ज्वलन्त उत्पीडनको दृष्टान्त दलित समुदाय हो । नेपालको इतिहासलाई हेर्दा दलित समुदाय नै ऐतिहासिककालदेखि सर्वहारा र श्रमजीविवर्ग रहँदै आएको छ । उत्पीडनको ठूला-ठूला जांताहरुले पिल्सिएको एकमात्र वर्ग जताबाट हेर्दा पनि दलित समुदाय हुन आउँदछ । अधिकार मागेर होइन खोसेर लिइनुपर्छ । त्यसको लागि सशस्त्र आन्दोलन गरिनुपर्छ । महान् जनयुद्धको थालनी यिनै प्रतिवद्धताहरुबाट भएका हुन् । दलित समुदायलाई विशेषाधिकारको व्यवस्था गरेर मात्र वास्तविक मुक्ति प्रदान गर्न सकिन्छ भन्ने क्रान्तिकारीहरुको निष्कर्ष रहेको छ (वि.क., २०६७)।

जातिमाथि शोषण गर्ने जाति स्वयं पनि स्वतन्त्र हुन सक्दैन । कालमार्क्सका अनुसार "जुन अनुपातमा एक व्यक्तिद्धारा अर्को व्यक्तिको शोषण अन्त्य हुनेछ जुन अनुपातमा जाति भित्र वर्गहरुको वीचमा वैरभाव बिलाउँछ, त्यही अनुपातमा एक जाति प्रति अर्को जातिको शत्रुताको पनि अन्त्य हुनेछ" ( नेपाली, (२०६६) । हिन्दु धर्म मान्ने दलितहरुलाई हिन्दुधर्मीहरुले मात्र होइन गैर हिन्दू, आदिवासीहरु, जसको धर्ममा कुनै जातपात र ठूलोसानो भन्ने नै हुँदैन ले समेत जातपातको नाममा छुवाछुतको व्यवहार गरेर आफ्नै धर्म, संस्कृति र परम्पराका खिल्ली उडाइएको छ (राई, २०६७)। दलित समुदायको विशेषाधिकारको हक अन्तरगत स्पष्ट रुपमा दलित समुदायलाई राज्यसत्ताका सम्पूर्ण अङ्ग र निकायहरुमा समानुपातिक प्रतिनिधित्व सहितको थप अधिकारको रुपमा बिशेषाधिकारको सुनिश्चितता गरिनुपर्दछ (रम्तेल, २०६६)। त्यस्तै विशेषाधिकारले दलितहरुलाई कसैको दया-माया भन्दा पनि आफ्नो अधिकारको रुपमा विभिन्न अधिकारहरु सुनिश्चित गराउंछ र उनीहरुलाई सवल र सशक्तीकरण गरेर समाजका अरु तह, तप्का र वर्ग सरह बराबरीको हैसियतमा पुऱ्याउंछ (भट्टराई, २०६६)।

देशमा उत्पीडित जातिको कूल जनसख्या, सामाजिक, राजनीतिक आर्थिक शैक्षिक अवस्थाको समग्र अध्ययन, अनुसन्धान र विश्लेषण गरी उक्त समस्याको समाधानको निम्ति ठोस पहल गर्न संम्बन्धित निकायको ध्यान आकर्षणका निम्ति हामीले जोडदार पहल गर्नु आवश्यक छ (वि.क., २०६४)। "सबै प्राणीहरु इश्वरका वरदान हुन भन्ने सिद्धान्तका आधारमा जातभात, लिङ्गभेद र छुवाछुतलाई सामाजिक अपराध सरह कारवाही गरिएन भने हाम्रो देश पनि असभ्य नागरिकहरुको थलोको रुपमा गणना हुनेछ। जातियता, साम्प्रदायिकताको कुरा गरेर छुवाछुतको समर्थन गरेर हाम्रो राष्टियता सुदृढ हुन सक्दैन कमजोर हुन्छ। त्यसो भएकाले छुवाछुत र लिङगभेदको कुरा राष्ट्रको रोग हो, यसको उन्मुलन हुनै पर्दछ " ( प्रसाइ, कान्तिपुर )

संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९२ मा पारित गरेको घोषणा पत्र नं ४७ १३५ मा उल्लेख गरिएको अल्पसंख्यकहरुले बाँच्न पाउने अधिकार, जातिय पहिचान, धार्मिक भाषिक एवं सांस्कृतिक अधिकार जस्ता कुराहरुलाई समेटेर नेपालमा पनि विकास योजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने भएको छ। " बहुसंख्यक ( दलित एवं जनजाति) जनतालाई उनीहरुले जलन, उत्पीडन, दमन र दुत्कार मात्र खप्नुपर्ने र अत्यन्त सानो जमातले पूरै देशलाई मागी खाने भाँडो बनाउन पाउने शासन व्यवस्था कुनै प्रजातान्त्रिक व्यवस्था कहलाउन सक्दैन " ( राना, २०५७ ) अम्वेडकरले के भन्नुभएको छ भने "मैले राजनीतिमा आरक्षण स्वीकार गरेर ठूलो भूल गरें"। यसरी उहाँले आफैंले उठाएको आरक्षण र बनाएको संबिधानप्रति आलोचनात्मक अभिव्यक्ति ठाउं-ठाउमा दिनुभएको थियो (गिरी, २०६६)। " बहुसंख्यक जनसमुह माथि राजनैतिक एवं प्रशासनिक बर्चस्व कायम राख्ने केहि सीमित मान्छेहरुको हातको तरवार हो जाती व्यवस्था" अम्वेडकर, (१९७९:१९)

"दलित आन्दोलनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि उत्पीडित वर्ग, जात, जाति, र लिङ्गप्रति अझै उत्पीडिन, दमन र भेदभावको नीति अवलम्वन गर्न चाहने कम्युनिष्ट आन्दोलनभित्रको पूंजीवादपन्थी वा सामन्तवादपत्थीहरुका विरुद्ध सशक्त एवम प्रभावकारी रुपमा विचारधारात्मक संर्घष चलाउन अनिवार्य रुपमा आवश्यक देखिन्छ " ( वैद्य, २०६६) दलित समस्या भनेको जाति वा राष्ट्रियताको प्रश्न नभएर हिन्दु वर्णव्यवस्थाले आविस्कार गरेको जातपात-छुवाछुत र सामाजिक विभेद जस्तो शोषण-उत्पीडन गर्ने स्वरुप मात्र हो। यो

समस्या मधेसी जनसमुदायमा अझ निकृष्ट रुपमा रहेको छ। नेवार समुदायमा पनि कायम छ। आर्य खस उच्च जातीय अहंकारवादीभित्र यो समस्या छ, त्यसैभित्र ऐतिहासिक उत्पीडनको क्षतिपूर्तिवापत विशेषाधिकारको सुनिश्चितता गरिनुपर्दछ भन्ने कुरा नै वैज्ञानिक हुन्छ (परियार, २०६६)।

मार्क्सवादी दृष्टिकोणमा दलित समस्याको समाधान : दलित समस्याको समाधान त्यो समस्याको पहिचानमा आधारित रहेको छ। दलित समुदाय अहिलेको भूमिहीन किसान वा ग्रामीण सर्वहारा हुनुको कारण उसलाई जमीन जोत्नेको नाराका आधारमा जमीनको स्वामी बनाउनु पर्दछ। दलित समुदाय शिल्पकार हुनुको नाताले उनीहरुले गर्दै आएको धातु, चर्म, कपडा, वाद्यवादन आदिमा आधारित व्यवसायलाई स-सम्मान नयां ढङ्गले संगठित गर्दै राष्ट्रिय उद्योग व्यवसायसंग गाँसेर लग्न र उनीहरुका लागि रोजगारको समुचित व्यवस्था गर्न आवश्यक छ। हिन्दु धर्म द्धारा लादिएको जातपात तथा छुवाछुत प्रथाको पूर्ण अन्त गरिनुपर्दछ। यी सबै कामका लागि अहिलेको विशिष्ट स्थितिमा संवैधानिक रुपमा राजनीतिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा विशेषाधिकारको व्यवस्था, पुराना कानूनको खारेजी र नयां कानुनको निर्माण, दलितप्रति सांस्कृतिक रुपमा भेदभाव गर्नेहरुमाथि कडा कानुनी दण्डसजायको व्यवस्था गरिनु आवश्यक छ (वैद्य, २०६६)। २०५२ साल फागुन १ गतेबाट शुरु गरिएको महान जनयुद्ध र त्यसको तीब्रतम् विकासले नेपाली दलित मुक्ति आन्दोलनको विगतका नकारात्मक विरासतहरुलाई पूरै तोड्दै विचारधारात्क तथा सैद्धान्तिाक, राजनैतिक, नेतृत्व, विकास, सामाजीक- सांस्कृतिक, सैन्य, आर्थिक, बलिदानी लगायतका सबै क्षेत्रहरुमा गुणात्मक छलाङ्गमा विकास गरिदिएको छ (रम्तेल, ८ पुस २०६६)।

कास्की जिल्लामा दलितहरुको राजनीतिक सहभागिताका सम्वन्धमा उमानाथ वरालले अनुसन्धनात्मक लेख प्रकाशित गर्नु भएको छ। उहाँका अनुसार दलितहरुमा राजनीतिक चेतनाको अभाव, शैक्षिक तथा आर्थिक स्थिति मजवुत नहूनु, समुदायिका रुपमा एकिकृत शक्तिका रुपमा अनुभूत नहुनाले दलितहरु राजनीतिमा पिछडिएका छन्। त्यस्तै उहाँले उल्लेख गर्नु भएको छ कि "समावेशी प्रजातन्त्रको अभाव र सामाजिक रुपमा तल्लो जातको रुपमा हेरी विभेद, शोषण र उत्पीडनका कारण सामाजीक न्याय प्राप्त नहुनाले दलितको राजनीतिक सहभागिताको स्थिति सन्तोषजनक छैन " (बराल, २००१:१३९-४९)।

माथि चर्चा गरिएका विभिन्न बिद्वानहरुका पुस्तकहरु तथा लेख रचनाहरुको राजनीतिक सहभागिता सम्वन्धमा आफ्नै महत्व छ। तथापि यि विविध समस्याका बावजुद विशेष गरेर ए.ने.क.पा.(माओवादी) कास्कीमा दलित सहभागिताको छुट्टै अध्ययन गरेको पाइएन। तरपनि यो आवश्यकतालाई थोरै भएपनि पूरा गर्न ए.ने.क.पा.(माओवादी) कास्कीमा दलित सहभागितालाई अध्ययन गर्नू आवश्यक भएको छ। यसै सन्दर्भमा प्रस्तुत शोधपत्र राजनीतिमा दलित सहभागिता ए.ने.क.पा.(माओवादी) कास्कीको एक अध्ययनले त्यो अभावलाई केहिहदसम्म भएपनि पूरा गर्न सहयोग गर्ने हुँदा यसको अपरिहार्यतालाई महत्वका साथ लिएको छ।

## १.७.अध्ययनको महत्त्व

सभ्य समाजको परिचय नै सुदृढ शासन व्यवस्था हो। यसको लागि जनताको अर्थपूर्ण सहभागिता अनिवार्य हुन्छ। प्रजातान्त्रीक व्यवस्थामा यस खालको सहभागिताको सुनिश्चितता गर्छ भन्ने विश्वव्यापी मान्यता छ। नेपालमा भएका सवै जात जाति भाषा, लिङग, क्षेत्रको राज्यमा अर्थपूर्ण प्रतिनिधित्व हुनु जरुरी छ। त्यसको लागि सवै जनताको राजनीतिमा सहभागिता अनिवार्य हुन्छ। राज्यको सवै भन्दा उत्पीडित समुदायको रुपमा रहेका दलित अनुसूचिमा सूचिकृत भएका जातिहरुको **राजनीतिमा दलित सहभागिता : ए.ने.क.पा.(माओवादी) कास्की एक अध्ययन** शोध शिर्षक मा शोधपत्रको अध्ययन भएकोले पनि यसको असाध्यै महत्व हुनेछ। किन भने राजनीतिक जनसहभागिताले नै व्यवस्थालाई लोकतान्त्रिकरण बनाउने हुँदा देशको करीव तेह्र प्रतिशत भन्दा वढी जनसँख्या भएका आर्य खस जाति भित्र पर्ने दलित समुदायको राजनीतिमा पहुंच किन पुग्न सकेन ? एक मानिसले अर्का मानिसलाई जातीय आधारमा छुवाछुत जस्तो निकृष्ट व्यवहार कहिले देखि किन गर्न थाले ? एक्काइसौ शताव्दी सम्म पनि दलित समुदायहरु प्रति जातीय भेदभाव तथा छुवाछुतको व्यवहार किन गरिन्छ ? जातीय विभेद अन्त्यको लागि राज्यद्वारा के कस्ता कानूनहरु तर्जुमा गरिएको छ ? नेपालको इतिहासमा दलित समुदायहरुको के कस्तो योगदान र भूमिका छ ? नेपालका राजनीतिक पार्टीहरुमा दलित समुदायहरुको कस्तो सहभागिता छ ? तत्कालीन ने.क.पा.(माओवादी) ले सञ्चालन गरेको १० वर्षे शसस्त्र जनयुद्धमा दलित समुदायहरुको सहभागिता, भूमिका र योगदान आदि समेतको गहिरो गरी अध्ययन अनुसन्धान

सहित यस शोध पत्रमा अभिलेखिकरण गरिएको हुँदा राजनीति र दलित संग सरोकार राख्ने जो कोहिलाई पनि यस शोधअध्ययनले सहयोग एवं जिज्ञांसा पूरा गर्ने भएको हुँदा यस शोधको महत्व हुनेछ भन्ने ठानेको छु। साथै दश वर्षे शसस्त्र जनयुद्ध लडी दशौ हजारको वलीदानी, सयौं बेपत्ता भई बुलेटबाट व्यालेटमा आएको ए.ने.क.पा. (माओवादी) को राजनीतिक दलमा नै अधिकतम् दलित समुदायहरु आवद्ध हुनु पर्ने कारणहरुको समेत यस अध्यायनले खोजी गरेको हुँदा यसको महत्व झनै बढ्ने देखिन्छ।

## *परिच्छेद-दुई*

# राजनीतिक सहभागिता र दलित सम्बन्धि सैद्धान्तिक अवधारणा

### २.१ राजनीतिक सहभागिताको अर्थ

राजनीति एक सर्वव्यापी गतिविधि हो । आधुनिक विश्वमा राजनीतिबाट कोहि पनि असंलग्न रहन सक्दैन । केवल मात्रामा धेरै वा थोरै पाइन्छ । प्रजातन्त्रको मेरुदण्डको रुपमा रहेको राजनीतिमा हरेक नागरिकहरुको सहभागिता हुनुपर्छ । एउटा राजनीतिक प्रणालीको जीवन्तताको बलियो आधार नै प्रजातन्त्र हो । बिश्वमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना भएका विभिन्न परिवर्तनहरु सन् १२१५को म्याग्नाकार्टा देखि सन् १६८८ को गौरवमय कान्ति (Gloricus Revolution), सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्राम र सन् १७८९ को फ्रान्सेली राज्यक्रान्ति को उपज वर्तमान विश्वमा नै प्रजातन्त्र लोकप्रिय शासन व्यवस्थाको रुपमा मानिन्छ । कुनै राजनीतिक प्रणाली कति प्रजातान्त्रिक छ भन्ने निर्धारण राजनीतिक सहभागिताले गर्छ भन्ने कुरालाई कसैले नकार्न सक्दैन ।

सामान्य अर्थमा राजनीतिक सहभागिता भन्नाले त्यस्तो सहभागितालाई जनाउँछ जसमा राजनीतिप्रति रुची, उत्सुकता पैदा भई व्यक्ति राजनीतिमा संलग्न हुन्छ । "राजनीतिक सहभागिता भन्नाले त्यस्तो स्वेच्छिक क्रियालाई संकेत गर्दछ जहाँ समाजका सदस्यहरु शासकको छनौटमा तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सार्वजनिक नीति निर्माण प्रक्रियामा भाग लिन्छन्" (जोहरी, १९९४ : ४३६) जोहरीले मत खसाल्ने, सूचना खोज्ने, छलफल गर्ने, बैठकमा भाग लिने, राजनीतिक दलहरुलाई आर्थिक सहयोग गर्ने, हडताल एवं प्रदर्शन गर्ने तथा विधायक र अरु नेतृत्व वर्ग लगायतसंग संवाद गर्ने जनताको गतिविधिलाई राजनीतिक सहभागिताको व्यवहारीक प्रक्रिया भनेका छन् । उनका अनुसार दलीय राजनीतिमा प्रत्यक्ष संलग्नता, भाषण लेख्ने तथा गर्ने, प्रचार प्रसारमा भाग लिने, दलभित्र र सार्वजनिक पदका लागि प्रतिस्पर्धा गर्नु राजनीतिमा सक्रिय सहभागी हुनु हो । "राजनीतिक सहभागिता आधुनिक युगको उपज हुनका साथै यो सर्वव्यापी गतिविधि भएको आधुनिक राज्य व्यवस्थाको प्रकृति, कार्यप्रणाली र कार्यक्षमता तथा प्रभावकारीतालाई बुझाउने साधन राजनीतिक सहभागिता हो" (गेना, १९९३ : २७९)

राजनीतिक सहभागिताका दायराभित्र रहेर सरकारी कार्यसम्पादन शैली छनौटलाई बढी वा घटी मात्रमा प्रभावित पार्ने उदेश्यले नीजि व्यक्तिहरुबाट संचालन हुने वैधानिक गतिविधिलाई **नाइ र भर्वाले** राजनीतिक सहभागिताको रुपमा परिभाषित गरेका छन् । **हन्टिङगटन र नेल्शन** ले सरकारी निर्णय प्रक्रियालाई प्रभाव पार्ने नीजि व्यक्तिहरुको गतिविधिलाई राजनीतिक सहभागिताको रुपमा परिभाषित गरेका छन । सार्वजनिक मामिलालाई निश्चित दिशा प्रदान गर्न व्यक्तिको सचेत प्रयासलाई राजनीतिक सहभागिता मानिनु पर्ने **मिश्रा र आयगर** को धारणा छ ।

यसै सम्वन्धमा **रोबर्ट ए.दाहाल** ले आफ्नो पुस्तकमा आधुनिक राजनीतिक विश्लेषणमा राजनीतिक सहभागिता ,असहभागिताको बारेमा उल्लेख गरेको पाईन्छ । राजनीतिक सहभागिता भन्नाले त्यस्ता व्यक्तिहरुको कार्यलाई जनाउछ जो नीति निर्माण गर्ने कार्यमा संलग्न हुन्छन् । वास्तवमा आधुनिक प्रजातन्त्रिक व्यवस्थाको अभ्यास नै जनसहभगिताको सिद्धान्तमा अडिएको छ । जनसत्तालाई आधुनिकीकरण, सुव्यवस्थित या मर्यादित गरिमामा वृद्धि गराउने सशक्त माध्यम नै जनताद्धारा आफ्नो प्रतिनिधिहरुको निर्वाचन वा मतदान गर्नु हो । राजनीतिक नेताको छनौट जस्तै राजनीतिक प्रणालीको अर्को महत्वपूर्ण आयाम हो । तसर्थ त्यही नीति या निर्णय प्रकृया र तिनको संञ्चालनमा नागरिकहरुले कस्तो भुमिका खेल्न पाउँछ भन्ने कुराको राजनीतिक सहभागिताको निर्णायक तह नै राजनीतिक सहभागिता हो ( दाहाल, १९९५) । राजनीतिक सहभागिता आफ्नो नेता छान्ने र सार्वजनिक नीति कार्यन्वयनमा प्रभाव पार्ने नागरीकको संगठीत प्रयास हो (माइरन र वीनेर, १९९६) । यि विद्धानहरुको अनुसार राजनीतिक प्रणालीको सुदृढ आधार जनसहभागिता हो र व्यवस्थाको सफलता / असफलता जनसहभागितामा निर्भर गर्छ यसैका आधारमा व्यवस्था कति प्रजातान्त्रिक हो भन्ने मूल्यांकन गरिन्छ । यसैले राजनीतिक सहभागिता भनेको राजनीतिक प्रणालीको विभिन्न तहमा व्यक्ति वा समुहको संलग्नता हो ।

राजनीतिक सहभागितालाई प्रजातन्त्र को आधार मानिन्छ । व्यवस्थाको प्रजातान्त्रिकरण राजनीति सहभागिता द्धारा मापन गर्न सकिन्छ । तसर्थ प्रजातन्त्रको सफलताको साँचो राजनीतिक सहभागिता हो । जति मात्रामा राजनीतिक सहभागिता बढि हुन्छ त्यति नै प्रजातन्त्र सफल हुन्छ । त्यसकारण अब्राहम लिकंन को *Democracy of the people for*

*the people and by the people* लाई राजनीतिक सहभागिता द्वारा उजागर गर्न सकिन्छ । प्रजातन्त्रिक व्यवस्थाको कार्यदक्षाको आधार राजनीतिक व्यवस्थामा जनसहभागिता नै मानिन्छ । राजनीतिक अलगाव वा उदासिनता प्रजतन्त्रको लागि खतरापूर्ण स्थिति मानिन्छ ।

राजनीतिक सामाजिकीकरण एक त्यस्तो प्रक्रिया हो जसद्धारा राजनीतिक सँस्कृतिलाई मजबूत बनाउनुको साथै समय सापेक्ष परिवर्तन गर्न सकिन्छ । राजनीतिक सामाजिकीकरण राजनीतिक व्यवस्था द्धारा राजनीतिक प्रवृतिको विकास गर्नु हो (गेना १९९६:१४५) । "राजनीतिक सामाजिकिरण त्यो प्रक्रिया हो जसको माध्यमबाट राजनीतिक संस्कार यथावत कायम राखिन्छ र परिवर्तन गरिन्छ" (एलमण्ड र पावेल १९९५:२३८) । यसरी राजनीतिक सहभागिताका लागि प्रजातन्त्र र व्यक्तिहरुको एवं समूदायको सामाजिकीकरण आवश्यक पर्दछ ।

## २.२. **दलितको परिचय** र अर्थ

नेपाल क्षेत्रफलको रुपमा बिश्वमान चित्रमा ज्यादै सानो रहेता पनि यहाँका भौगोलीक अनेकता र सांस्कृतिक विविधताले नेपाललाई साच्चै सुन्दर र रमणीय बनाएको छ । संबिधानत : नेपाल एउटा बहुजाती, बहुभाषी, बहुधार्मिक, एवं बहुसांस्कृतिक परम्परा भएको मुलुक हो । सिद्धान्तत : बिभिन्न जात, भाषा, धर्म र संस्कृतिको संगमस्थलको रुपमा रहन सक्नु नेपालको सौभाग्य नै हो । तर एक्काइसौ शताव्दीको संघारमा सिङगो नेपाली समाजमा व्याप्त मानिस मानिस बीचको जातीय भिन्नता र छुवाछुत प्रथाले नेपाली समाजलाई गांज्नु मुलुकको दुर्भाग्यनै बनेको कुरालाई नकार्न सकिदैन । यद्यपि जातीय प्रथा नेपाली समाजमा चल्दै आएको लामो सामाजिक परम्पराको उपज हो, जुन विना बैज्ञानिक कारण पूर्विय दर्शनको आधारमा वर्णाश्रम धर्मको आडमा मात्र टिकेको पाईन्छ । यसरी जातीय उचनीचको आधारमा समाजका निश्चित जात र वर्गका मानिसलाई सामाजिक रुपमा तल्लो जात वा अछुत (दलित) को नाउमा गरिने घृणात्मक व्यवहारले आज मानवीय मूल्य र मान्यतालाई नै चुनौति दिइरहेको आभाष हुन्छ ।

शब्दार्थको हिसावले दलित भन्नाले अंग्रेजी शव्द (depressed) डिप्रेस्ड भन्ने बुझिन्छ । जसको अर्थ हो, शोषित, पीडित र वञ्चित । त्यसैगरी नेपाली, हिन्दी र संस्कृत शव्दकोषको आधारमा दलित शब्दको सार अर्थ चाही दमन गरिएको, थिचिएको, कुल्चिएको, विनस्ट गरिएको आदि भन्ने पाईन्छ । त्यसैको आधारमा पनि के भन्न सकिन्छ भने दलित वर्ग भन्नाले समाजमा समान हक, इज्जत र प्रतिष्ठा पाउन नसकेको जाति वा समूह सामाजिक व्यवस्थाको असमानताले शोषिएको वा पछि परेको जनसमुदाय नै दलितको नामले चिनिन्छन । प्रस्तुत शोधपत्रमा सिद्धान्तत : दलित समुदाय भन्नाले नेपाल सरकार राष्ट्रिय दलित आयोगको अनसूची १ मा सूचिकृत गरिएका जातिहरु लाई लिइएको छ । दलित समुदाय भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक एंव धार्मीक क्षेत्रमा समाजको सवै भन्दा पछाडी पारीएको र मानवीय सम्मान एंव सामाजिक न्याय पाउन नसकेका जात र समुदायलाई जनाउनेछ ( राष्ट्रिय दलित आयोगको स्थापना गर्न बनेको विधेयक २०५९ ) ।

बृहत् नेपाली शव्द कोषमा 'दलित' शव्दको अर्थ दलिएका, पिछडीएका, थिचिएका, हेपिएका, पिसिएका भनेर अर्थ लागाएको छ । "हिन्दू वर्णाश्रम जाति व्यवस्था, वि.स.१९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवँ समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मीकरुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भनी परिभाषा गरिएको छ" । (राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूची) । दलित शव्दको उपर्युक्त अर्थको आधारमा शब्दकोषहरुमा समाजको त्यस वर्ग जसलाई सवभन्दा तल्लो सम्झिन्छ । र जसलाई उपल्लो वर्गका मानिसले विकसित हुन दिदैंनन्, त्यस समुदायलाई दलित भनिन्छ । हिन्दू वर्ण एवं जाति व्यवस्थाअनुसार शुद्रहरुको गणना दलित वर्गमा गरिन्छ । इ.स.१९३० को आसपासमा समाजवादी धाराको प्रार्दुर्भावसँगै आर्थिक एवं सामाजिक रुपले जुन वर्ग दलिएको, कुल्चिएको र शोषित थिए । त्यस वर्ग प्रति सहानुभूति उत्पन्न भयो र उसैलाई दलित वर्गको रुपमा स्वीकार गरियो (प्रतिवोध, २०५७ : ३) । त्यसैगरी जाति र छुवाछुत प्रथाकै आधारमा दलित शव्द प्रचलन भएकोले जाति व्यवस्थाका बारेमा पनि बुझ्न उत्तिकै सान्दर्भिक ठानिन्छ । बहुसंख्यक जनसमुह माथि राजनैतिक एवं प्रशासनिक बर्चस्व कायम राख्ने केही सीमित मान्छेहरुको हातको तरवार हो जाति व्यवस्था ।

त्यसैगरी एउटै समाजमा बस्ने एकथरी मानिसले निश्चित स्वार्थ सिद्ध गर्ने उदेश्यले अर्को थरी मानिसलाई जवरजस्ती रुपमा "छुत" बनाउनु बैज्ञानिक रुपले असत्य, धार्मिक दृष्टिले अनैतिक र कानुनी दृष्टिले दण्डनीय कार्य मानिन्छ । यसै प्रसंगमा प्रस्तुत उद्गार सान्दर्भिक हुनेछ । "आदिम समाजमा जातपात र छुवाछुतको चलन थिएन । सबैभन्दा पुराने ग्रन्थ ऋग्वेदमा समेत "चमार" शव्दको प्रयोग भएपनि "अछुत" शव्दको उल्लेख भएको पाइँदैन । इरानीहरुको धर्मग्रन्थ "अक्वेता" अनुसार इ.पु.३००० वर्ष पहिले वर्ण व्यवस्थामा आधारित प्राचीन इरानीहरुले भारतवर्षमा आई त्यस क्षेत्रका अनार्यहरुलाई हराए । त्यतिमात्र नभई उनीहरुलाई दास समेत बनाए । पछि यिनै दासहरु शुद्रको रुपमा चित्रित भए । (वि.क., २०५४, १९:२०) । उपरोक्त भनाई बाट समेत दलितहरुको संरचना सीमित सम्पन्न व्यक्तिहरुले शक्तिको आधारमा स्वार्थ सिद्ध गर्न गरेको (बनाएको) बुझिन्छ । त्यसैगरी दलित शव्दकै परिचयको सन्दर्भमा अर्का विद्वान भन्दछन् । यसरी दलितको शाव्दिक अर्थ दलिएको, थिचिएको, कुल्चिएको वा नष्ट गरिएको भन्ने हो भने दलित वर्ग या समूदायको अर्थ चाहिँ समाजमा हक, इज्जत र प्रतिष्ठा समानरुपले पाउन नसकेको जनसमुह अर्थात सामाजिक व्यवस्थाका असमानताले शोषिएका वा पछि परेको जाति वा जनसमुह हो ।

सामान्यतया : वर्णाश्रम धर्मको आधारमा निर्मित तल्लो वर्ण (शुद्र) र आर्थिकरुपमा विपन्न गरिव वर्गलाई समानान्तर ढंगबाट बुझाउने गरेको पाइन्छ । प्रारम्भमा वर्ग र वर्णमा कुनै अन्तर नभएकोले मानिस आफ्नो चाहनाअनुरुप आफ्नो वर्ग वर्ण परिवर्तन गर्न सक्दथ्यो । कालान्तरमा वर्गले वर्णको रुप लिन पुग्दा वर्ग र वर्णमा एकैरुप भन्ने भानपर्नु अस्वभाविक थिएन । तर वर्ण जन्मगत हुदैन बरु मानिसमा निहित गुणमा आधारित हुनेहुँदा केवल तल्लो वर्णको मानिसलाई अछुत र दलित सम्झनु मुर्खता सिवाय अरु केही हुँदैन । त्यसैगरी आर्थिक स्तरमा आधारित वर्गको आधारमा विपन्न वर्गलाई दलित सम्झनु यस अर्थमा सान्दर्भिक हुँदैन कि दलितहरु गरीविको अलावा छुवाछुत जस्तो घृणा एवं तिरस्कार र अन्य विविध सामाजिक भेदभावका शिकार भएका छन् । एकातर्फ गरिवी र अर्कोतर्फ सामाजीक भेदभाव र अपमानको कारण जन्मिएको हो दलित वर्ग । जसरी एक विपन्न बाहून र बिपन्न दलित आर्थिक रुपले एउटै वर्गमा परे तापनि सामाजिक रुपले एउटै वर्णमा पर्दैनन् त्यसैले गर्दा वर्ण र वर्ग भिन्न, भिन्न विषय हुन भन्ने भनाईलाई पुष्टि गर्दछ ।

उपरोक्त परिभाषाहरुको आधारमा भन्न सकिन्छ कि दलित, केवल सीमित व्यक्तिहरुले असीमित व्यक्तिहरुलाई केवल स्वार्थको साधनको रुपमा उपयोग गर्न रचिएको प्रपञ्चको उपज हो । कथित वर्णव्यवस्थाको नाउंमा एकथरी मानिसले अर्काथरी मानिसमाथि लगाइएको कलंकको टीका हो । यसरी दलित वर्ग वर्णाश्रम धर्मको आधारमा कथित ठुला जातिले आफ्नो बर्चस्व कायम राख्न रचिएको जालमात्र हो । समानुपातिक एवं सन्तुलित रुपमा राष्ट्रोन्नति गर्ने हो भने जातीय छुवाछुतको धरातल भन्दा माथि उठेर सबै जाति र भाषालाई उत्तिकै सम्मानपूर्ण व्यवहार गर्नु आजको प्रमुख जिम्मेवारी हो ।

## २.३. सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धि, १९६५

मानवअधिकारको वडापत्र, घोषणा-पत्र र अन्य अन्तर्राष्ट्रिय मापदण्डको मुलभूत मान्यता समानता, स्वतन्त्रता र मानवमर्यादाको संरक्षण गर्नु हो । जातीय विभेद र त्यसबाट उत्पन्न द्वन्द्वले विश्व शान्तिमा प्रत्यक्ष परोक्ष प्रभावको फलत : संयुक्त राष्ट्र संघको महासभाले सन् १९६५ मा यस महाससन्धिलाई पारित गरी सन् १९६६ मा सदस्यको लागि खुला गरी नेपालले सन् १९७१ मा जुन ३०मा पक्ष राष्ट्रको हैसीयतले अनुमोदन गऱ्यो ।

“जातीय भेदभाव” भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका कुनै पनि क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएको जाति, वर्ण वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, वहिस्कार, प्रतिवन्ध वा प्राथमिकतालाई जातीय भेदभाव संम्झनु पर्दछ” (अन्तराष्ट्रिय महासन्धि १९६५ )

## २.४ दलित जाति

### २.४.१. पहाडी दलित

(१) कामी ( विश्वकर्मा ) (२) दमाई (३) सार्की

(४) गाइने ( गन्दर्भ ) (५) वादी

### २.४.२. नेवारी समुदायका दलितहरु

(क) कपाली (ख) कुसुले (ग) पोडे (घ) च्यामे

(ङ) देउला (च) खड्गी ७) कसाही

### २.४.३. मधेशी समुदायका दलितहरु

| | | |
|---|---|---|
| (क) कलर | (ख) ककैहिया | (ग) कोरी |
| (घ) खटिक | ( ङ) खत्वे ( मण्डल, खङग ) | |
| (छ) चिडीमार | (ज) डोम (मरिक) | |
| (झ) तत्मा (तांती, दास ) | (ञ) दुसाध (पासवान, हजरा ) | |
| (ट) धोवी (रजक) हिन्दू | (ठ) पत्थरकटा | ( ड) पासी |
| (ढ) बांतर | (ण) मुसहर | (त) मेस्तर ( हलखोर) |
| (च) चमार ( राम, मोची, हरिजन, रविदास) | | (थ) सरभङ (सरबरिया) |

## २.५. दलित संम्बन्धी संबैधानिक र कानूनी व्यवस्था

### २.५.१. जातीय भेदभावजन्य कार्यलाई संरक्षण गर्ने खालका कानुनी व्यवस्था

नेपालको वर्तमान संविधानअनुसार "प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ" नेपालको अन्तरिम संविधान २०६३ को धारा (२३)१ । यस व्यवस्थाले प्रत्यक्षरुपमा नेपालका सवै धर्मावलम्बीलाई आ-आफ्नो धर्म परम्पराको, अवलम्वन, अभ्यास र संरक्षण गर्ने भनिए पनि अप्रत्यक्ष रुपमा समाजमा चलि आएको जातीय भेदभाव तथा छुवाछुत लगायतका गलत परम्पराको संरक्षण गर्ने समेत मनसाय राखेको देखिन्छ ।

मुलुकी ऐनमा भएको व्यवस्थाअनुसार "कसैले अर्काको सामाजिक रीतिस्थितिमा खलल पर्ने वा हुने गरी झुक्याई वा जवरजस्ती गरी कुनै काम कुरा गर्न गराउनु हुँदैन, कसैले गरे वा गराएमा निजलाई बढीमा एक वर्षसम्म कैद वा एक हजारसम्म जरिवाना हुन्छ" (मु.ऐन अदलको १० ) । यस प्रावधानले सोझो रुपमा कुनै एक धार्मिक वा जातीय समुदायले अर्को कुनै धार्मिक वा जातीय समुदायको सामाजिक रीतिस्थितिमा अवरोध पार्न नहुने अर्थ राखे पनि घुमाउरो रुपमा गलत किसिमका सामाजिक रीतिस्थितिलाई संरक्षण गर्ने मनसाय राखेको पाइन्छ । त्यस्तै नागरिक अधिकार ऐनमा भएको व्यवस्था अनुसार "धार्मिक र गुठी सदावर्त संस्थाहरु कायम गर्ने, चलाउने धार्मिक सम्प्रदायको हकमा कसैले हस्तक्षेप गर्न नहुने" नागरिक अधिकार ऐन, २०१२ को दफा ७ (क)) , कुनै पनि धार्मिक सम्प्रदायको उपरोक्त हक अधिकारको संरक्षण हुनु पर्छ तर त्यो अधिकारले आम नेपाली नागरिकको समानता,न्याय र

प्रतिष्ठामा आघात पुऱ्याएको छ, छैन विभेद गरेको छ, छैन ध्यान दिनुपर्छ । त्यस्तै प्राचीन स्मारक संरक्षण ऐनमा भएको व्यवस्थाअनुसार “नेपाल सरकारको वा निजी स्वामित्वमा रहेको जुनसुकै प्रचीन ऐतिहासिक, धार्मिक महत्वको स्थानमा प्रवेश गर्न चाहेमा सम्बन्धित व्यक्तिको धार्मिक भावना वा चलिआएको रीतिस्थितिमा आघात नपुऱ्याई प्रवेश गर्न पाउंछ”। (प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १०) ।

### २.५.२. अन्तरिम संविधान २०६३ मा गरिएको संवैधानिक व्यवस्था

#### २.५.२.१. समानताको हक : (धारा १३)

(१) सवै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन

(३) राज्यले नागरिकहरुको बीच धर्म, वर्ण, लिङग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद तथा अपाङ्ग वा शारीरिक वा मानसिकरुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकाशको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

#### २.५.२.२. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक : (धारा१४)

(१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाको आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्धारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित्त गरिने छैन ।

(३) कुनै बस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा, वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पतिका व्यक्ति वा व्यक्तिहरुको समूहको उच, नीच दर्शाउने, जात, जातिका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) उपधारा(२) (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ ।

### २.५.२.३. मुलुकी ऐनमा भएको व्यवस्था

“कसैले कसैलाई जातिपाति, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार वा बहिस्कार वा निषेध गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद वा एकहजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ” (मुलुकी ऐन, अदलको महल १० (क) मा व्यवस्था ।

### २.५.२.४.सकारात्मक उपाय सम्वन्धी व्यवस्था

आर्थिक, सामाजिक, वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिव किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । सामाजिक न्यायको हक (धारा २१)

### २.५.२.५. संबिधानसभामा दलित समुदायको समावेशीकरण सम्वन्धी व्यवस्था

संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ ऐनको दफा ५ को उपदफा ३ ले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम राजनैतिक दलहरुले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ । यसै ऐनको दफा ७ को उपदफा ३ ले समानुपातिक निर्वाचन प्रणाली अन्तरगत दलहरुले उम्मेदवार सूचीकृत गर्दा दलित समुदायको समेत जनसंख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी...(प्रथम) बन्दसूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

### २.५.२.६. स्थानीय निकायमा दलित समुदायको लागि सकारात्मक उपाय

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८ को उपदफा (२) (ग) ले गाउँ परिषदमा, सोही ऐनको दफा ७६ को उपदफा (२) (ग) ले नगरपरिषदमा र दफा १७२ को उपदफा (२) (ङ) ले जिल्ला परिषदमा समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएको जाति, जनजाति, दलित तथा आदिवासी मध्ये ती परिषदहरुमा प्रतिनिधित्व हुन नसकेका वर्गहरु मनोनित गर्ने व्यवस्था गरेको छ ।

### २.५.२.७. निजामति सेवामा दलित समुदायको लागि सकारात्मक उपाय

निजामति सेवा ऐन,२०४९ को दफा ७ (७) अनुसार खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितका लागि नौ प्रतिशत कोटा छुट्टाइएको छ ।

### २.५.२.८. नेपाल प्रहरीमा दलित समुदायको लागि सकारात्मक उपाय

प्रहरी ऐन, २०१२ को दफा ९ (क) अनुसार प्रहरी (बाह्रौ) संशोधन नियमावली, २०६४ को नियम ११ ले खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितका लागि पन्ध्र प्रतिशत पद छुट्टाइएको छ ।

### २.५.२.९. सशस्त्र प्रहरी बलमा दलित समुदायको लागि सकारात्मक उपाय

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ९ को (१०) क अनुसार प्रहरी (चौथो संशोधन ) नियमावली, २०६४ नियम २ ले खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितका लागि पन्ध्र प्रतिशत पद छुट्टाइएको छ ।

### २.५.२.१०. नेपाली सेनामा दलित समुदायको लागि सकारात्मक उपाय

सैनिक ऐन, २०६३ को दफा १२ (क) (१) बमोजिम नेपाली सेनाको पदमा नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टयाई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितका लागि पन्ध्र प्रतिशत सिट छुट्टाइएको छ ।

**२.५.२.११. व्यवस्थापिका–संसद सचिवालयमा दलित समुदायको लागि सकारात्मक उपाय**

व्यवस्थापिका-संसद सचिवालय सेवा ऐन २०६४ को दफा १७ (६) ले व्यवस्थापिका संसद सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टायाई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमा दलितका लागि नौ प्रतिशत सिट छुट्टाइएको छ ।

**२.५.२.१२. स्वास्थ्य सेवामा दलित समुदायको लागि सकारात्मक उपाय**

स्वास्थ्य सेवा ऐन,२०५३ को दफा (८) ग.(१) ले स्वस्थ्य सेवाका कर्मचारी पदपूर्ति गर्दा खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टायाई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमा दलितका लागि नौ प्रतिशत सिट छुट्टाइएको छ ।

**२.५.२.१३. विकास समितिहरुमा दलित समुदायको लागि सकारात्मक उपाय**

विकास समिति ऐन, २०३१ को दफा ६ क (१) बमोजिम समितिका कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टायाई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमा दलितका लागि नौ प्रतिशत सिट छुट्टाइएको छ ।

**२.५.२.१४. शिक्षक कर्मचारीमा दलित समुदायको लागि सकारात्मक उपाय**

शिक्षा ऐन, २०२८ को दफा १६ ङ (१) ले यस ऐन अनुसार सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टाई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमा दलितका लागि नौ प्रतिशत सिट छुट्टाइएको छ ।

**२.५.२.१५. विशेष सेवामा दलित समुदायको लागि सकारात्मक उपाय**

नेपाल बिशेष सेवा ऐन,२०४२ को दफा ६ क (१) ले विशेष सेवाको कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्टाई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमा दलितका लागि नौ प्रतिशत सिट छुट्टाइएको छ ।

### २.५.२.१६. वैदेशिक रोजगारीमा दलित समुदायको लागि सकारात्मक उपाय

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ वैदेशिक रोजगार नियमावली २०६४ को नियम १४ को खण्ड (त) ले वैदेशिक रोजगारको लागि विज्ञापन प्रकाशन गर्दा ऐनको दफा ९ बमोजिम दलित लगायत पिछडिएको क्षेत्र, दुर्गम क्षेत्रलाई तोके बमोजिम आरक्षण प्रदान गरिने संख्याको विवरण खुलाउनु पर्ने व्यवस्था गरेको छ भने दफा १६ ले कामदार छान्दा महिला, दलित, आदिवासी, जनजाति, पिछडिएको क्षेत्र, दुर्गम क्षेत्रका आधारमा समेत छान्नुपर्ने व्यवस्था गरेको छ ।

### २.५.२.१७. छात्रावृत्तिमा दलित समुदायको लागि सकारात्मक उपाय

शिक्षा ऐन, २०२८ को दफा ३ (क) अनुसार छात्रवृत्ति सम्वन्धी नियमावली (तेस्रो संशोधन) २०६५ को नियम १० (क) ले छात्रवृत्तिमा आरक्षण गरिने व्यवस्था गरेको छ । यस नियमले नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये पैतालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न र नियमावलीले तोकिएका समावेशीकरण गरिनुपर्ने समुदाय तथा व्यक्तिलाई आरक्षण गरिने सो प्रतिशतलाई शतप्रतिशत कायम गरी दलित समुदायका लागि नौ प्रतिशत सिट छुट्टाएको छ । त्यसमा महिलालाई छुट्टाएका सीट, अपाङगलाई छुट्टाएका सिट, मधेशीलाई छुट्टाएको सिट र दुर्गम क्षेत्रलाई छुट्टाएको सिटहरु मध्येबाट पनि निश्चित प्रतिशत दलितलाई थप गरी जम्मा पन्ध्र प्रतिशत कोटा छुट्टायाएको भए पनि अन्यत्रबाट थपिएको सिटमा दलितले लाभ लिन सक्ने सम्भावना अत्यन्तै कम छ ।

### २.५.२.१८. राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा ५ को उपदफा (२) ले नेपाल सरकारले राष्ट्रिय महिला आयोगमा चार जना सदस्यको नियुक्ति गर्दा एक जना आदिवासी, जनजाति, एकजना मधेशी मध्येबाट नियुक्ति हुनुपर्ने व्यवस्था गरेको छ ।

## २.५.३. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८

**जातीय भेदभाव तथा छुवाछुत गर्न नहुने : दफा –३**

(१) कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन ।

(२) कसैले जातीय भेदभाव वा छुवाछुत गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुदैन ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

**जातीय भेदभाव तथा छुवाछुत गरेको मानिने : दफा – ४**

(१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा , परम्परा, धर्म, सँस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा यस दफा बमोजिमका कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछुत गरेको मानिन्छ ।

(२) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव तथा छुवाछुत गरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनि कार्य गर्न वा गराउन हुँदैन :

(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिवन्ध लगाउने, वा

(ख) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्कासन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने ।

(३) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुँदैन ।

(४) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न हुँदैन ।

(५) कसैले पनि जातीय छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने, वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी-जानी सहभागी हुनु हुँदैन ।

(६) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कनै पनि पेशा वा व्यवसाय गर्न प्रतिवन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई पेशा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन ।

(७) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुदैन ।

(८) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति वंश समुदाय वा पेशाको आधारमा कुनै वस्तु, सेवा, वा सुविधा उत्पादन बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउनु हुँदैन ।

(९) कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो बस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउन हुँदैन ।

(१०) कसैले जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रबेश गर्न नदिने वा घर वा गाउंबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन हुँदैन ।

(११) कसैले प्रचलित कानुन मोजिम उमेर पुगेका वर-वधू बाट मञ्जुर भएको अन्तरजातीय विवाह गर्न बाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुँदैन ।

(१२) कसैले श्रव्य-दृश्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक, वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उचनीच दर्शाउने , जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शव्दको प्रयोग गर्ने वा आचारण, हाउभाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने

वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवद्धि गर्ने किसिमबाट उक्साउन वा दुरुत्साहन गर्न वा गराउन हुँदैंन ।

(१३) कसैले जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्कासन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुँदैन ।

**उजुर गर्ने : दफा ५.** दफा ४ बमोजीमको कसुर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजुर गर्न सक्नेछ ।

**सजाय : दफा ७**

(क) तीन महिनादेखि तिन वर्षसम्म कैद वा एकहजार देखि पचीसहजार सम्म जरिवाना वा दुवै सजाय , ।

(ख) दफा ४ को उपदफा (८), (९), (१०), (११) (१२) वा (१३) वमोजिमको कसुर गर्ने व्यक्तिलाई एक महिनादेखि एक वर्षसम्म कैद वा पाँचसयदेखि दशहजार सम्म जरिवाना वा दुवै सजाय,

(ग) जातीय भेदभाव वा छुवाछुत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय ।

(२) सार्वजनिक पद धारण गरेको कसुरदारलाई पचास प्रतिशत थप सजाय हुनेछ ।

**क्षेतिपूर्ति : दफा ९** पचीस हजारदेखि एकलाखसम्म क्षतिपूर्ति भराइदिन सक्ने व्यवस्था छ ।

(२) उपदफा (१)को क्षतिपूर्ति वाहेक कसुरदारले पीडितलाई कुनै हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानी नोक्सानीको मनासिव रकम कसुरदारवाट पीडितलाई भराउने आदेश दिन सक्नेछ ।

**हदम्याद : दफा १०**

यस ऐन अन्तर्गतको कसुरमा कसुर भए गरेको मितिले ३ महिनाभित्र मुद्धा दायर गर्न पर्नेछ ।

**सरकारवादी हुने : दफा ११**

यस अन्तरगतको मुद्धा सरकारवादी हुनेछ र त्यस्तो मुद्धा स.मु.स.ऐन २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## २.५.४. जातीय भेदभाव तथा छुवाछुत सम्वन्धी कसुर गर्ने लाई गरिएको सजायहरु

परम्पराअनुसार मन्दिरमा बली चढाएको राँगा, नखाएको आरोपमा दलितहरुले गैरदलितहरुबाट कुटाई खाएको र सो जातीय बिभेदको मुद्धामा वैतडी जिल्ला अदालतले सन् २००९ मा पीडकहरुलाई कसुरदार ठहर गर्दै २ वर्ष कैद र वीस हजार जरिवाना हुने गरी फैसला गऱ्यो । त्यस्तै दलित बेहुलाले घोडामा सवार गरी जन्ति गयो भनी गैर दलितबाट आक्रमण गरेको जातीय विभेदको मुद्धामा कसुरदारहरुलाई १ वर्ष कैद र पाँचहजार जरिवाना गरेको पाइन्छ । तर विडम्वना न्यायाधीशहरुको निर्णयको बावजुद पनि प्रहरीको निष्कृयताको कारण हालसम्म पनि अपराधीहरुलाई प्रक्राउ गरीएको छैन ।

परशुराम परियार समेत विरुद्ध तुलाराम थापा समेत प्रतिवादी भएको मन्दिरमा पूजा गर्ने नदिएको भन्ने मुद्धामा जातीय आधारमा भेदभाव गरेको ठहर गर्दै मिति २०५६।०४।२१ मा तनहुँ जिल्ला अदालतका माननिय न्यायाधीश उमेशराज पौडेल बाट प्रतिवादीहरुलाई मु.ऐन.अदलको १०(क) को कसुर गरेको ठहर गर्दै पचास जरिवाना गरेको पाइन्छ । त्यस्तै हरिकुमार वि.क. विरुद्ध देवीप्रसाद सापकोटा समेत प्रतिवादी भएको दलित किसानद्धारा उत्पादित दूध अस्वीकार गरी छुवाछुत जातीय विभेद गरेको भन्ने मुद्धामा नवलपरासी जिल्ला अदालतका न्यायाधीश पुरुषोत्तम भण्डारीबाट मिति २०५६।०७ ।०९ मा प्रतिवादीहरुलाई कसुरदार ठहर गर्दै प्रतिव्यक्ति रु.२५०।- जरिवाना गरेको पाइन्छ । त्यस्तै रामबहादुर बसेल विरुद्ध तिलकबहादुर पुलामी मगर समेत प्रतिवादी भएको मन्दिरमा पूजा गर्न नदिई जातीय विभेद गरेका भनी धादिङ जिल्ला अदालतका न्यायाधीश शान्तिराज सुवेदीले मिति २०५८।०२।०३ मा प्रतिवादीहरुलाई मु.ऐन अदलको १० (क) को कसुर गरेको ठहर गर्दै प्रतिव्यक्ति दुईहजार जरिवाना गरेको पाइन्छ । अर्को कर्णबहादुर नेपाली विरुद्ध कुमार गरुङ समेत ८ जना प्रतिवादी भएका जातिय भेदभाव तथा छुवाछुत मुद्धामा मिति २०६९।११।१७ गते कास्की जिल्ला अदालतका न्यायाधीश हेमराज पन्तबाट कसुरदार ठहर गर्दै सार्वजनिक पद धारणा गरेका प्रतिवादीलाइ जनही पन्ध्रहजार र अन्य ६ जनालाई जनही दशहजार जरीवाना गरेका र पीडकहरु बाट पीडितलाइ असीहजार क्षतिपूर्ति भराइदिने गरी फैसला भएको पाइन्छ ।

*परिच्छेद-तीन*

# नेपालको राजनीतिमा दलित सहभागिता

## ३.१ पृष्ठभूमी

हिन्दू वर्णाश्रमी पितृसत्तात्मक राज्य व्यवस्थाले शुद्र (दलितहरु) लाई ज्ञान आर्जन र बौद्धिक विकास गर्ने काममा प्रत्यक्ष प्रतिवन्ध लगाएको र उनीहरुले सम्पूर्ण समय सेवामूलक शारीरिक श्रममा नै लागाउनुपर्ने बाध्यात्मक परिस्थितिले त्यस अवधिमा दलितहरुले राजनीतिक चेतनाको विकास गर्ने अवसर पाएनन् । उत्पीडक राज्य विरुद्ध गतिविधि गरेवापत दलितहरुलाई ज्यान सजाय थियो । त्यसैले आफ्नो मुक्ति अभियानको, राजनीतिमा लाग्नु, दलितहरुको निमित्त जोखिमपूर्ण हुन्थ्यो *(भट्राई,......) ।* निरकुंश राजतन्त्रकाल र राणाकालको राजनीतिक प्रणालीमा ब्राह्मण र भाईभारदारको सल्लाहमा क्षेत्री राजाहरुले स्वेच्छाचारी शासन चलाउने भएकाले त्यहाँ दलितहरुको सहभागिताको कुनै सम्भावना नै थिएन । यद्यपि तत्कालीन राजनीतिमा यो वा त्यो ढङगले दलितहरुको सहभागिता र क्रियाशिलता थियो भन्ने तथ्य इतिहासले सिद्ध गरेको छ । यो अवधिको संस्थागत राजनीतिमा दलित समुदायको प्रतिनिधित्व भेटिदैन । वि.स.१८२५ मा पृथ्वीनारायण शाहको राज्य निर्माणको राजनीतिक अभियानमा अर्थविदको भूमिका निर्वाह गर्ने दलित विशे नगर्ची, वि.स.१६६६ मा व्रिटिश साम्राज्यवादी फौजलाई बाटो नदेखाई गोली थापी राष्ट्रवादको प्रदर्शन गर्ने बाघे सार्की, सोही युद्धका अभियानमा हातहतियार, युद्ध सामग्री निर्माण गर्ने जसवीर कामी, युद्धमा छालाको पेटी, तोप, मन्दिर महल निर्माण गर्ने कालु सार्की र सारङ्गीको धुन सँगै गीत गाउँदै युद्धको प्रचार, प्रसारको सन्देश छाड्ने मनिराम गाइने, हिरा गइनेनी र राणा शासन विरुद्धको जारी आन्दोलनमा चन्द्र बहादुर सार्की आदि दलितहरुको प्रत्यक्ष सहभागिता र अमूल्य योगदान रहेको पुष्टि हुन्छ (दलित आवाज, २०६७ : ३९) । यद्यपि, तत्कालीन राजनीतिमा दलितहरुको सहभागिता र अमूल्य योगदानले बसीखाने शासकहरुलाई नै उकासेको देखिन्छ । दलितहरुले आफू र आफ्नो समुदायको निमित्त केही पाएनन् बरु गुमाए ।

## ३. २. पञ्चायत काल हुँदै संसदीय राजनीतिमा दलित सहभागिता

निरङ्कुश राणशासनको उत्पीडनको प्रतिरोधकै क्रममा राजनैतिक दलहरुको गठन प्रक्रिया शुरु भयो । औपचारिक रुपमा वि.स. २००४ सालमा नेपाली काँग्रेस, २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको गठनसँगै दलित समुदयमा संस्थागत राजनीतिक चेतना प्रवाह भएको

देखिन्छ । यद्यपि, तत्कालीन राजनैतिक दलहरुको संस्थापक सदस्यमा दलित प्रतिनिधित्व देखिदैंन । तापनि दलित अगुवाहरुले छुवाछुत तथा जातीय भेदभावको विरुद्ध २००४ सालमा नै विभिन्न संगठन खोली सोही मार्फत आन्दोलन गरेको पाइन्छ । पश्चिम नेपाल बाग्लुङका सर्वजित विश्वकर्माले (विश्व सर्वजन संघ), पूर्वी नेपाल धरानका जदुवीर वि.क.ले (समाज सुधार संघ) र काठमाडौका सहर्षनाथ कपालीले (टेलर यूनियन) गठन गरी नेपालका तीन ठाँउबाट जातीय समानता तथा जातीय मुक्ति र पेशागत हक हितको लागि आन्दोलन गरेको पाइन्छ । सो आन्दोलमा दलित महिलाहरुको पनि भूमिका महत्वपूर्ण देखिन्छ, २०११ सालमा पशुपति मन्दिर प्रवेश संघर्षमा मेवा कपालीले खेलेको भूमिका उल्लेखनीय रहेको र २०११ सालमा नै मिठाईदेवी विश्वकर्मा को नेतृत्वमा “नेपाल परिगणित नारी संघ” गठन भएको पाइन्छ । वि.स. २०५० को दशकमा आएर दलित महिलाहरुलाई दलित संगठनको केन्द्रीय समितिमा राखेको देखिन्छ । (दुलाल, २०६४) २००७ सालमा राणाशासनको अन्त्यपछि राजनीतिक वातावरण केही खुकुलो भए पनि राज्यसत्ताको मूल संरचनामा कुनै फेरवदल आएन । राजतन्त्र र हिन्दुराज्य लाई यथावत राखियो ।

वि.स.२०१७ सालमा राजा महेन्द्रले फौजी “कु” गरी ३० वर्षे पञ्चायति व्यवस्था जवरजस्त लादे । नेपालको इतिहासमा ऐतिहासिक २०४६।०४७ को जनआन्दोलनबाट पञ्चायति व्यवस्था अन्त्य भयो, तर निरङकुंश राजतन्त्र कथित संवैधानिक कभरमा भन् निरङकुश बन्यो । समग्रमा निरकुश राणा शासनदेखि शाही शासकहरुको संवैधानीक राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थासम्म राज्यको वर्गीय संरचनामा कुनै परिवर्तन भएन, वरु राज्ययन्त्रले नयाँ भेष धारण गरेर दलितहरुलाई दमन गरिरह्यो । यसर्थ, यो अवधिको लागि राजनीतिक परिदृश्यमा स्थानीय र केन्द्रीय राजनीतिमा दलितहरुको भिनो उपस्थिति मात्र देखिन्छ । उदाहणको लागि धनमानसिंह परियार तत्कालीन नेपाली कांग्रेसको केन्द्रीय महामन्त्री र रुपलाल विश्वकर्मा तत्कालिन कम्युनिष्ट घटक सर्वहारा श्रमिक मोर्चामा महामन्त्रीका रुपमा नेपाली राजनीतिमा क्रियाशील रहे पनि त्यो भिनो उपस्थितिमात्रै सावित भएको इतिहासले सिद्ध गरेको छ । यही अवधिमा तत्कालिन शासकहरुले र राजनीतिक दलले दलितहरुको सत्ताविरुद्धको बढ्दो असन्तुष्टि र विद्रोहभावलाई मत्थर पार्न र आफ्नो तथाकथित प्रजातान्त्रिक छवि देखाउन एकाध टाठा-बाठा घरानीया दलित वर्गलाई टपक्क टिपेर मन्त्री, रा.प.स.तथा सांसद आदि बनाए ।

३० वर्षे पञ्चायतिकालमा दलित समुदायबाट १ जना मन्त्री, ३ जना रा.प.स. तथा संसदीय

बहुदलीयकालमा ४ जना सांसद बनेका तथ्याङक भेटिन्छ । यो तथ्याङ्कबाट प्रष्ट हुन्छकी तत्कालिन राजनीतिक व्यवस्था दलितहरुको राजनैतिक मुद्दा सम्वोधन गर्ने सापेक्ष व्यवस्था थिएन । तत्कालिन दलहरुले दलितहरुको एजेन्डालाई आफ्नो राजनीतिक एजेन्डा बनाउन सकेनन् । फलतः राजनीतिक दलहरु दलित बस्तीमा झाङिगन सकेनन । उत्पीडनबाट अक्रान्त दलित, महिला, अल्पसंख्यकहरुको मुद्दालाई समेटेर तत्कालिन ने.क.पा.(माओवादी) ले ०५२ फागुन १ गते पुरानो सत्ताको विरुद्ध फौजी धावा बोल्दै जनयुद्धको शंखघोष गऱ्यो, भीषण जनयुद्धको साढे दश वर्षमा दलित समुदायको उत्साहजनक सहभागिता देखिन्छ । जनयुद्धका प्रथम शहिद दिल बहादुर रम्तेल देखि मोर्चाका के.महासचिव प्रेम वराइली र जनमुक्ति सेनाका व्रिगेड सह-कमाण्डर अमर वि.क.(क.योद्धा) लगायतका एकहजार भन्दा बढी दलितहरुले बलिदान गरेको पाइन्छ । तत्कालिन माओवादीले संचालन गरेको १० वर्षे जनयुद्धको जगमा  मिति २०६२ साल मंसिर ५ गते भएको सात राजनीतिक दल र विद्रोही पक्ष तत्कालिन ने.क.पा.माओवादीबिच भएको १२ बुँदे समझदारीको आधारमा नेपालमा भएको  २०६२ । ०६३ को ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलनको क्रममा समेत २९ जनाले बलिदान गरेका थिए भने जसमा दलित समुदायका दीपक विश्वकर्मा, सेतु वि.क. र चन्द्र वयलकोटीले शहादात प्राप्त गरेका पाइन्छ । जनआन्दोलनको सफलतापछि नेपाली जनताको ६० वर्षदेखिको चाहना सोहीअनुसारको सघर्ष त्याग र बलिदानबाट सबिधानसभाको निर्वाचन मिति २०६४ साल चैत २८ गते सम्पन्न भयो । सविधानसभाको पहिलो बैठकबाट नेपालमा दुई सय वर्षदेखि एकछत्र राज गरेको राजतन्त्रको विधिवत रुपमा अन्त भयो ।

नेपालको इतिहासमा जनप्रतिनिधिसभाको रुपमा रहेको पहिलो संविधान सभामा दलित समुदायबाट पहिलो पटक ५१ जना सविधानसभाको सदस्य बने । जसमा २६ जना ए.ने.क.पा.माओवादी बाट प्रतिनिधित्व गरेका थिए ।  २५ जना अन्य राजनीतिक दलबाट समानुपातिक सभासद भएको पाइन्छ । माओबादी बाट प्रतिनिधित्व गर्ने मध्येका ७ जनाले प्रत्यक्ष निर्वाचनमा निर्वाचित भएका थिए । जसमा दुर्गा कुमारी वि.क. कास्की जिल्लाबाट निर्वाचित भएकी हुन । ६०१ जनाको सबिधानसभामा  गणतान्त्रिक  नेपालको माओवादी नेता  पुष्प कमल दाहाल (प्रचण्ड) को नेतृत्वको सरकारमा दलित समुदाय बाट  पूर्ण मन्त्री महिला तथा बालबालिका मन्त्री खडक बहादुर वि.क. हुनु भयो भने उहाँ नै फेरि पर्यटन मन्त्री समेत भएको पाइन्छ , त्यस्तै गरी नविन विश्वकर्मा स्थानीय राज्य मन्त्री भएको

देखिन्छ ।  अन्य दलको नेतृत्वमा धेरै पटक सरकार बने पनि दलित समुदाय बाट मन्त्री परिषदमा लगेको पाइएन ।  यसरी नेपालको राजनीतिक इतिहासमा दलित समुदायहरुले असाध्यै महत्वपूर्ण योगदान गरेको देखिए पनि  राजनीतिक पार्टीहरुले दलित समुदायलाई राजनीतिक नेतृत्व दिने सवालमा संकुचित भएको स्पष्ट हुन्छ । यद्यपि अहिलेको परिवर्तित राजनीतिक सन्दर्भमा स्थानीय स्तर र केन्द्रीयस्तरको राजनीतिक मञ्चमा अत्यन्तै नगन्य मात्रामा दलितहरुको सहभागिता भएको देखिन्छ ।

नेपालमा हालसम्म १५५ राजनीतिक पार्टीहरु खुलेको देखिन्छ भने ऐतिहासिक संबिधान सभाको दोस्रो निर्वाचनको लागि निर्वाचन आयोगमा समानुपातिक तर्फ १२२ दलले दर्ता गरी सकेका छन । यसरी विश्व इतिहासमा नै यति धेरै राजनीतिक दल भएको नेपालको राजनीतिमा केही प्रभावशाली पार्टीहरुमा दलित समुदायहरुको सहभागिताको उल्लेख गरिएको छ । जस्तैः ए.ने.क.पा.(माओवादी), नेपाली काग्रेस, ने.क.पा (एमाले), ने.क.पा.माले, रा.प्र.पा.नेपाल, संघीय समाजबादी पार्टी नेपाल र निर्वाचनमा भाग नलिएका सशक्त पार्टीको रुपमा ने.क.पा-माओवादी रहेका छन् जुन पार्टीहरुको केन्द्रीय समितिमा निम्नअनुसारको दलित समुदायहरुको सहभागिता देखिन्छ ।

## ३.३. राजनीतिक पार्टीहरुको केन्द्रीय समितिमा दलित समुदायको सहभागिता

तालिका ३.१: नेपालका मुख्य राजनीतिक दलहरुका केन्द्रीय समितिमा दलित समुदायको प्रतिनिधित्व

| राजनीतिक दल | कूल केन्द्रीय समिति | दलित | प्रतिशत |
|---|---|---|---|
| ए,ने.क.पा.(माओवादी) | २४५ | १४ | ५.७१ |
| नेपाली काँग्रेस | ८५ | ६ | ७ |
| ने.क.पा.ए,मा.ले. | ११५ | ९ | ७.८२ |
| संघीय समाजवादी पार्टी | १३८ | १४ | १०.१४ |
| ने.क.पा-माओवादी | १५१ | १४ | ९.२७ |

स्रोत : क्षेत्रगत अध्ययन, २०७०

नेपालको राजनीतिक इतिहासमा धेरै दलहरु दर्ता भए पनि केही प्रभावशाली राजनीतिक दलहरुको केन्द्रीय समितिमा दलित समुदायहरुको सहभागिता भएको पाइन्छ । उल्लेखित राजनीतिक दलहरुमा सहभागी भएका दलितहरुको संख्यालाइ हेर्दा ए.ने.क.पा.माओवादीको

केन्द्रीय समितिमा १४ जना दलितहरुको सहभागी छन् । जुन कुल संख्याको ५.७१ प्रतिशत हुन्छ । उल्लेखित दलहरु मध्ये सघिय समाजादी नेपाल पार्टीको केन्द्रीय समितिमा पनि १४ जना दलित सहभागी छन् जुन कुल सख्याको १०.१४ प्रतिशत हुन्छ । त्यस्तै गरी ने.क.पा.एमाले पार्टीको केन्द्रीय समितिमा ९ जना दलित सहभागि भएको पाइन्छ, जुन कुल संख्याको ७.८२ प्रतिशत हुन्छ । नेपाली कांग्रेस पार्टीको केन्द्रिय समितिमा ६ जना दलितहरु सहभागी गरेको छ, जुन कुल संख्याको ७ प्रतिशत हुन्छ । र निर्वाचन आयोगमा दर्ता नभएको तर प्रभावमा रहेको ने.क.पा.- माओवादीको केन्द्रीय समितमा १४ जना दलितहरु सहभागी भएका छन् जुन कुल संख्याको ९.२७ प्रतिशत हुन्छ । यसरी माथी उल्लेखित राजनीतिक दलहरुले आफूलाई जतिसुकै लोकतान्त्रिक, प्रजातान्त्रिक पार्टीको रुपमा प्रस्तुत गरे पनि व्यवहारिक रुपमा समानुपातिक समावेशीतालाई पक्रिन सकेको पाइएन । शोषित र उत्पीडित जातिको मुक्तिदाता भनिने एमाओवादीमा अन्य दलहरुको तुलनामा दलितहरुको प्रतिनिधित्व कम हुनाले, वास्तविक दलित समावेशी राजनीति भन्दा पनि नाराको रुपमा मात्रै प्रयोग गरेको त छैन भन्ने आशंका देखाउँछ ।

## ३.४. माओवादी जनयुद्धमा दलित समुदायको भूमिका

नेपालको आमूल परिवर्तन गर्ने उद्देश्य लिएर ने.क.पा.माओवादीले राष्ट्रियता, जनतन्त्र एवं जनजीविकाको विषयमा ४० सुत्रीय माग तत्कालीन सरकार प्रमुख शेरबहादुर देउवालाई राखेका थिए । तर सो मागप्रति सरकारले कुनै चासो नदेखाएपछि २०५२ साल फागुन १ गते ने.क.पा.माओवादीले घोषितरुपमा दीर्घकालीन जनयुद्ध शुरु गरेको हो । त्यसपछि विद्रोहीको रुपमा रहेको माओवादीले आफ्नो रणनीतिक योजना पुरा गर्न विभिन्न कार्यक्रमहरु जनतामाझ लगे । जसमा ग्रामीण क्षेत्रमा बस्ने अधिकाँस जनताहरुले माओवादीको एजेन्डालाई साथ दिन थाले । माओवादीले राखेको ४० सुत्रीय मागहरु मध्ये १८ नं वुंदामा नेपाललाई धर्मनिरपेक्ष राज्य धोषित गरिनु पर्ने, २० नं वुँदामा सवै खाले जातीय शोषण र उत्पीडिनको अन्त्य गरिनुपर्छ र २१ नं वुदामा दलितहरुमाथिको भेदभावको अन्त्य गरिनुपर्छ, छुवाछुत प्रथा पूर्णरुपले बन्द गरिनुपर्छ भन्ने लगायतका दलितमैत्री तथा जनमूखी नाराहरु भएकाले सोही नाराहरु बाट समेत प्रभावित भई लामो समयदेखि उत्पीडनमा परेका दलित समुदायहरु माओवादी जनयुद्धमा लामवद्ध भएको पाईन्छ । जनयुद्धको शुरुवातमा नै तत्कालीन सरकारले जनयुद्धलाई दमन गर्ने शिलशिलामा गोरखा जिल्लाका दलित समुदाय सेते नेपालीको

११ वर्षे छोरा दिल बहादुर रम्तेल  शाही सेनाको पहिलो निशाना भई जनयुद्धको प्रथम सहिद भए ।  जनयुद्धले थोरै दिनमै नेपालको विभिन्न भागमा प्रभाव पार्दै लग्यो । सामान्य घरेलु हतियारबाट शुरु गरिएको जनयुद्धले सातवर्षको अवधि पार गर्दासम्म जनमुक्ति सेना निर्माण गरी डिभिजन नै खडा गऱ्यो ।  नेपालको पहिलो श्रमिक वर्गमा गनिने दलित समुदाय जसलाई हजारौ वर्षदेखि छुवाछुत र जातीय उत्पीडनबाट थिचेर राखिएको थियो । तिनीहरुलाई पनि जनयुद्धले प्रभावित र उद्देलित बनायो ।

माओवादी जनसेना तथा नेता, कार्यकर्तालाई संरक्षण गर्ने क्रममा जङ्गलमा खाना तथा खाजा पुऱ्याउने  वास वस्ने व्यवस्था मिलाउने र सुरक्षाकर्मीहरु बाट जोगाउने काम इमान्दारिताका साथ दलित समुदायबाट भएको पाइन्छ । सोही क्रममा दलित समुदायलाई सुरक्षा निकायबाट शारीरिक तथा मानसिक यातना दिने काम भएको देखिन्छ । जनयुद्धको क्रममा उच्च तहका सदस्यदेखि माओवादी समर्थक जनतासम्मको वलीदान भएको अवस्था भेटिन्छ । जनमुक्ति सेनाका ब्रिगेड भि.सि. अमरबहादुर विश्वकर्मा म्याग्दी जिल्लाको बेनी आक्रमणमा लडदा सहिद भएका रहेछन । प्रथम सहिद दिलबहादुर रम्तेलदेखि दलित मोर्चाका तत्कालिन महासचिव प्रेम बराइली, मोर्चाका केन्द्रीय कोषाध्यक्ष  चित्रबहादुर विश्कर्मा, केन्द्रीय सदस्य शंकर दलामी,  बलबहादुर विश्वकर्मा,  रामकुमार विश्वकर्मा, महेन्द्र सदाय,  लालबावु दास, एक बहादुर विश्वकर्मा लगायतले उच्च शाहदात गरेका छन् ।

जनयुद्धमा  सहभागी भएका दलित महिलाहरुले नयाँ पहिचान बनाएको  देखिन्छ । जस्तै : जनयुद्धको तिव्र चापको अवस्थामा कालिकोट जिल्लाका कुमालगाउं ७ निवासी निःशस्त्र दलित महिलाहरुले सःशस्त्र प्रहरीलाई हायल कायल पार्दै हतियार खोसेर पार्टीलाई वुझाउने कार्य गोरीकला वि.क. को नेतृत्वमा भएको थियो । साथै उमा भुजेलको नेतृत्वमा भएको गोरखाको जेल व्रेकमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एन्जिला वि.क.लगायतका महिलाहरु मिना वि.क., निर्मला नेपाली, नानु वि.क. र श्रीजना तोलाङ्गे तत्कालीन सरकारको दमन, हत्या हिंसा र चरम यातना र सामुहिक बलत्कारको अगाडि पनि नझुकी प्राण आहुति  दिएको पाइन्छ । *(विश्वकर्मा, २०६४)* । त्यस्तैगरी पुरुष योद्धाहरु सगै तत्कालिन सरकारी सेना संग खारा मोर्चामा लड्नेक्रममा वटालीयन कमाण्डर सिता वि.क. ले आफ्नो जिवनसाथी जलन लाई गुमाएकी थिइन । गीता गहतराज लगायत सयौ दलित महिलाहरु कुसल कमाण्डरको रुपमा

काम गर्दै जनयुद्धमा अहम भूमिका निर्वाहा गरेका पाइन्छ । यसरी जनयुद्धका क्रममा १०८४ जना सहिद भएका र ६९ जना वेपत्ता भएका छन् भने २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनमा पनि दलित महिला सेतु वि.क. ले बलिदान गरेकी थिइन ।

स्रोत : नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलव्ध तथ्याङक ।

**एमाओवादीले प्रस्तावित गरेको प्रादेशिक राज्यहरुमा दलित सहिद तथा वेपत्ताको विवरण निम्नानुसार छ ।**

**तालिका ३.२ : सेती-महाकाली राज्यमा दलित सहिद तथा वेपत्ताको स्थिति**

| क्र.स. | जिल्लाको नाम | सहिद संख्या | बेपत्ता संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | डडेलधुरा | १२ | ४ | |
| २. | बैतडी | १४ | - | |
| ३. | दार्चुला | २ | - | |
| ४. | बझाङ | १५ | २ | |
| ५. | बाजुरा | ४८ | ५ | |
| ६. | डोटी | १३ | - | |
| ७. | अछाम | १५ | - | |
| | जम्मा | ११९ | ११ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलव्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी ) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचनाअनुसार क्षेत्रीय आधारमा नामकरण भएको राज्य सेती-महाकाली प्रदेशमा जम्मा ७ जिल्लाहरु पर्दछन् । यस राज्य भित्रका जिल्लाहरु मध्ये बाजुरा जिल्लामा ४८ जना दलितहरु सहिद भएका छन । दार्चुला जिल्लामा सवै भन्दा कम २ जना सहिद भएको देखिन्छ । यसरी समग्रमा हेर्दा यस राज्यबाट ११९ जना सहिद भएका छन भने ११ जना बेपत्ता भएको अवस्था देखिन्छ ।

**तालिका ३.३ : थारुवान राज्यमा सहिद तथा वेपत्ता दलितको विवरण**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | दाङ | ४५ | - | |
| २. | बांके | ६ | | |
| ३. | बर्दिया | ४ | | |
| ४. | कैलाली | १२ | | |
| ५. | कञ्चनपुर | ९ | | |
| | जम्मा | ७६ | | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी ) ले प्रस्ताव गरेको जातीय,भाषीय र क्षेत्रीय पहिचान सहितको संघिय संरचनाअनुसार नामाकरण भएका थारुवान राज्यमा जम्मा ५ जिल्लाहरु पर्दछन् । जसमा सवै जिल्लाहरुमा सहिद हुनेको संख्या जम्मा ७६ जना छन् भने यस राज्यमा बेपत्ता नभएको अवस्था छ । ति मध्ये दाङ जिल्लामा ४५ जना सहिद भएका छन् भने बर्दीया जिल्लामा सवै भन्दा कम ४ जना सहिद भएको अवस्था देखिन्छ ।

*तालिका ३.४ : भेरी-कर्णाली राज्यमा सहिद तथा वेपत्ताको स्थिति*

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | हुम्ला | १९ | २ | |
| २. | जुम्ला | २४ | | |
| ३. | डोल्पा | ३ | | |
| ४. | मुगु | ९ | २ | |
| ५. | कालिकोट | १०६ | ४ | |
| ६. | दैलेख | २२ | | |
| ७. | जाजरकोट | ५६ | १ | |
| ८. | सुर्खेत | ३४ | १ | |
| | जम्मा | २७३ | ९ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी ) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचनाअनुसार क्षेत्रीय आधारमा नामकरण भएको भेरी-कर्णाली राज्यमा जम्मा ८ जिल्लाहरु पर्दछन् जुन भौगोलिक दृष्टिले अति विकट मानिन्छ । जनयुद्धको क्रममा सवै भन्दा धेरै

बलिदान गर्ने र कालिकोट जिल्लाकै प्रथम सहिद गोरीकला वि.क.को जन्मस्थान कालीकोट जिल्ला यसै राज्यभित्र पर्दछ। यस राज्यमा २७३ जना सहिद ९ जना बेपत्ता भएका छन भने कालिकोट जिल्लामा १०६ जना सहिद र ४ जना बेपत्ता भएको अवस्था छ। यो जिल्ला त्यस्तो ऐतिहासिक विश्व कीर्तिमान कायम गरेको जिल्ला हो जहाँ कालिकोट जिल्ला कुमालगाउँ ७ निवासी जनयोद्धा गोरीकला वि.क.को नेतृत्वमा सशस्त्र प्रहरीमाथि निःशस्त्र महिलाहरुले लडेर विजय हासिल गर्दै प्रहरीको हतियार खोसेर पार्टीलाई बुझाएकी थिइन।

**तालिका ३.५ : मगरात राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | सल्यान | २९ | २१ | |
| २. | रुकुम | ७२ | ९ | |
| ३. | रोल्पा | ७८ | १ | |
| ४. | प्युठान | ६ | - | |
| ५. | अर्घाखाँची | ९ | - | |
| ६. | पाल्पा | ८ | - | |
| ७. | गुल्मी | ९ | १ | |
| ८. | म्याग्दी | २८ | - | |
| ९ | बाग्लुङ | २८ | - | |
| | जम्मा | २६७ | ३२ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलव्ध तथ्याङक।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचनाअनुसार जातीय पहिचानको आधारमा नामकरण भएको मगरात राज्यमा ९ जिल्लाहरु पर्दछन। यस राज्यमा जम्मा २६७ जना सहिद र ३२ जना बेपत्ता भएका छन्। उपरोक्त जिल्लाहरुमा सवै भन्दा बढी बलीदान गर्ने जिल्ला रोल्पामा ७८ जना सहिद भएका छन भने १ जना मात्र वेपत्ता भएको अवस्था छ, भने रुकुम जिल्लामा ७२ जना सहिद र ९ जना बेपत्ता छन। त्यस्तै गरी प्युठान जिल्लामा सवै भन्दा कम ६ जना सहिद भएको अवस्था छ।

**तालिका ३.६ : तमुवान राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | पर्वत | ८ | - | |
| २. | मुस्ताङ | - | - | |
| ३. | मनाङ | - | - | |
| ४. | कास्की | ११ | २ | |
| ५. | स्याङजा | ५ | १ | |
| ६. | लमजुङ | १३ | १ | |
| ७. | तनहूं | १२ | १ | |
| ८. | गोरखा | २४ | २ | |
| | जम्मा | ७४ | ८ | |

स्रोत :- नेपाल राष्टिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघिय संरचनाअनुसार जातीय पहिचानको आधारमा नामकरण भएको तमुवान राज्यमा ८ वटा जिल्लाहरु पर्दछन् । ऐतिहासिकता कायम राख्ने राज्य मध्यको एक जिल्ला गोरखा यसै राज्यमा पर्दछ । जुन गोरखा जिल्लामा २४ जना सहिद र २ जना बेपत्ता भएको अवस्था छ । जनयुद्धको क्रममा जेल ब्रेक गर्ने ६ जना साहसी महिलाहरु मध्ये एक जना सुशिला वि.क. रहिछन् ।

**तालिका ३.७ : ताम्सालिङ राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | रसुवा | - | | |
| २ | धादीङ | ४ | | |
| ३ | नुवाकोट | १३ | | |
| ४ | सिन्धुपाल्चोक | ८ | | |
| ५ | दोलखा | ७ | | |
| ६ | रामेछाप | ९ | १ | |
| ७ | सिन्धुली | २२ | | |
| ८ | काभ्रेपाल्चोक | १० | | |
| ९ | मकवानपुर | ३ | | |
| १० | चितवन | १० | | |
| | जम्मा | ८६ | १ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यलयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी ) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचनाअनुसार  जातीय पहिचानको आधारमा नामकरण भएको राज्य ताम्सालिङमा १० जिल्लाहरु पर्दछन ।  एक जिल्ला बाहेक सवै जिल्लाहरुमा गरी ८६ जना सहिद र १ जना बेपत्ता भएको अवस्था रहेछ । उक्त जिल्लाहरु मध्ये सिन्धुलीमा २२ जना सहिद भएका छन । मकवानपुर जिल्लामा सवै भन्दा कम ३ जना सहिद भएको पाइन्छ ।

**तालिका ३.८ : नेवा राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | काठमाडौ | - | १ | |
| २. | ललितपुर | - | - | |
| ३. | भक्तपुर | १ | १ | |
| | जम्मा | १ | २ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलव्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचनाअनुसार जातीय पहिचानको आधारमा नामकरण भएको राज्य नेवा हो, जहां राजधानीका ठूला ३ जिल्लाहरु पर्दछन । जुन राज्यले अन्य राज्यको तुलनामा धेरै मानवीय क्षेति नभोगी १ जना सहिद र २ जना वेपत्ता भएको अवस्था छ ।

**तालिका  ३.९ : अवध राज्यमा शहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | कपिलवस्तु | ११ | - | |
| २. | रुपन्देही | ६ | १ | |
| ३. | नवलपरासी | १३ | १ | |
| | जम्मा | ३० | २ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलव्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचनाअनुसार भाषिक पहिचानको आधारमा नामकरण भएको राज्य अवध हो, जसमा तराइका ३ जिल्लाहरु पर्दछन् । जुन राज्यमा ३० जना सहिद र २ जना वेपत्ता भएको अवस्था पाइन्छ ।

**तालिका ३.१० : भोजपुरा राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | बारा | ४ | | |
| २. | पर्सा | ४ | ,, | |
| ३. | रौतहट | २९ | ,, | |
| | जम्मा | ३७ | ,, | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलव्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी ) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचना अनुसार भाषिक पहिचानको आधारमा नामकरण भएको राज्य भोजपुरा हो । जहां तराईका ३ जिल्लाहरु पर्दछन् । यस राज्यमा ३७ जना सहिद भएको पाइयो । उक्त जिल्लाहरु मध्ये रौतहट जिल्लामा २९ जना सहिद भएका छन , भने अन्य २ जिल्लामा ८ जना सहिद भएको अवस्था छ ।

**तालिका ३.११: मिथिला राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | सर्लाही | ३ | | |
| २. | महोत्तरी | २ | - | |
| ३. | धनुषा | ६ | ,, | |
| ४. | सिराहा | ३४ | ,, | |
| ५. | सप्तरी | ७ | ,, | |
| | जम्मा | ५२ | ,, | |

स्रोत :-नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलव्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी ) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचना अनुसार भाषिक पहिचानको आधारमा नामकरण भएको मिथिला राज्यमा ५ जिल्लाहरु पर्दछन । यस राज्यमा ५२ जना सहिद भएका छन् । जस मध्ये सिराहा जिल्लामा ३४ जना सहिद भएका छन् भने महोत्तरी जिल्लामा २ जना मात्र सहिद भएको पाईन्छ ।

**तालिका १२: किरात राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | सोलुखुम्वु | ५ | | |
| २. | ओखलढुङ्गा | ३ | ,, | |
| ३. | उदयपुर | १ | ,, | |
| ४. | खोटाङ | ४ | ,, | |
| ५. | भोजपुर | ४ | ,, | |
| ६. | संखुवासभा | ४ | ,, | |
| | जम्मा | २१ | | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचना अनुसार जातिय पहिचानको आधारमा नामकरण भएको किरांत राज्यमा ६ जिल्लाहरु पर्दछन । जहां २१ जना सहिद भएको पाईन्छ ।

**तालिका ३.१३ : कोचीला राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | मोरङ | ९ | २ | |
| २. | सुनसरी | ८ | १ | |
| ३. | झापा | १ | | |
| | जम्मा | १८ | ३ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचना अनुसार पहिचानको आधारमा नामकरण भएको कोचीला राज्यमा ठूला ३ जिल्लाहरु पर्दछन् । यस राज्यमा १८ जना सहिद र ३ जना वेपत्ता भएका पाइन्छ ।

**तालिका ३.१४ : लिम्वुवान राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति**

| | जिल्ला | सहिद | वेपत्ता | कैफियत |
|---|---|---|---|---|
| १. | पांचथर | १४ | | |
| २. | ताप्लेजुङ | ४ | | |
| ३. | तेह्रथुम | ३ | १ | |
| ४. | धनकुटा | २ | | |
| ५. | इलाम | ५ | | |
| | जम्मा | २८ | १ | |

स्रोत :- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालयबाट उपलब्ध तथ्याङक ।

ए.ने.क.पा.(माओवादी) ले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितको संघीय संरचना अनुसार जातिय पहिचानको आधारमा नामकरण भएको लिम्वुवान राज्यमा ५ जिल्लाहरु पर्दछन् । यस राज्यमा २८ जना सहिद र १ जना वेपत्ता भएको अवस्था देखिन्छ ।

यसरी समग्रमा हेर्दाखेरी जनयुद्धका क्रममा दलित समुदायबाट ५ जिल्ला बाहेक सबै जिल्लाहरुमा सहिद र बेपत्ता भएको अबस्था देखिन्छ । जसमा दलित सहिदहरु १,०८४ जना र बेपत्ताहरु ६९ जना भएको पाईन्छ ।

## ३.५. जनमुक्ति सेनामा दलित सहभागिता

नेपालमा करीव २०० वर्ष पुरानो सामन्ति राज्यसत्ताको अन्त्य गरी जनताको जनवादी सत्ता स्थापना गर्न २०५२ साल फागुन १ गते तत्कालीन ने.क.पा.माओवादी ले जनयुद्धको शङखघोष गऱ्यो । हातहतियार द्धारा सुसज्जित राज्यसत्ताका सुरक्षा निकायसंग तत्कालिन ने.क.पा.(माओवादी) ले फौजी लडाई लड्न सामान्य घरेलु हतियार, भरुवा बन्दुक बाट शुरु गरेको पाइन्छ । सोही क्रममा छापामार, जनमिलिसिया लडाकु दस्ताको निर्माण गर्दै ठूला मोर्चाहरु लड्न सफल भएको देखिन्छ । युद्धहरु पेचिलोरुपमा अगाडि बढ्दै जाने क्रममा सरकार पक्षबाट वार्ताको लागि आह्वान गर्नुको सट्टा झन दमनको निति लिएपछि माओवादीले २०५७ सालमा जनमुक्ति सेनाको निर्माण गऱ्यो । सरकारको तर्फबाट विभिन्न नामको अप्रेशन चलाउदै माओवादीको शंका लागेको कुनै पनि व्यक्तिलाई विना अनुसन्धान गिरफ्तार, हत्या, वेपत्ता गर्ने काम सरकार पक्षबाट हुन थाल्यो भने विद्रोही पक्षबाट पनि सुरक्षा निकायलाई चुनौति दिंदै सेनाको व्यारेक नै कव्जा गर्न सम्म सफल भए । यसरी माओवादीले जनमुक्ति सेनाको संख्या विस्तार गर्दै सातौ डिभिजन निर्माण गरे । शान्तिप्रक्रियामा आएपछि क्यान्टोनमेन्टमा बस्ने जनसेनाहरुमा २३०५ जना दलित समुदायका थिए । यसरी मालेमावादी विचार सहितका जनमुक्ति सेनामा पुरानो राज्यसत्ताले लामो समयदेखि शोषण, दमन, भेदभाव गरेका समुदायहरु महिला, दलित जनजातिहरुको जनसेनामा उल्लेखनीय सहभागिता रहेको पाइन्छ । सवै भन्दा उत्पीडिनमा परेको दलित समुदायबाट प्रभावकारी उपस्थिति रहेको छ । जनमुक्ति सेनामा काम गर्ने दलितहरुले आफ्नो सैन्य हैसियत वृद्धि गर्दै सेक्सन कमाण्डर, प्लाटुन कमाण्डर, कम्पनी कमाण्डर, बटालीयन कमाण्डर-२४, ब्रिगेड कमाण्डर-६ र डिभिजन सहायक कमान्डर-१, कमिसारसम्मको सैन्य क्षमताको बिकास गरेको पाइन्छ । स्रोत :- (श्रीपाली, २०६७) ।

## ३.६. २०६३ सालको अन्तरिम व्यवस्थापिका–संसदमा तत्कालीन ने.क.पा.माओवादी बाट प्रतिनिधित्व गर्ने दलित विधायकहरु

**तालिका ३.१५: अन्तरिम व्यवस्थापिका-संसदमा दलित (माओवादी) को प्रतिनिधित्व**

| क.स. | नाम थर | ठेगाना |
|---|---|---|
| १. | श्री मा.खड्क ब.विश्वकर्मा | कालिकोट । |
| २. | श्री मा.तिलक परियार | बाके । |
| ३. | श्री मा.मंगल विश्वकर्मा | सुर्खेत । |
| ४. | श्री मा.पद्मलाल विश्वकर्मा | इलाम |
| ५. | श्री मा.महेन्द्र पासवान | सिराहा |
| ६. | श्री मा.परसुराम रम्तेल | गोरखा |
| ७. | श्री मा.सम्फना विश्वकर्मा | प्युठान |
| ८. | श्री मा.राम आश्रय राम | पर्सा । |
| ९. | श्री मा.उमा विश्वकर्मा | कपिलबस्तु । |
| १०. | श्री मा.रुपा विश्कर्मा | पाल्पा । |
| ११. | श्री मा.सरस्वती मोहरा | दैलेख । |
| १२. | श्री मा. नन्द सिहं सार्की | डडेलधुरा । |

स्रोत :- नेपाल दलित मुक्ति मोर्चा (एकीकृत) केन्द्रीय समितिको मुखपत्र (२०६४)

जनयुद्धको जगमा भएको सात राजनीतिक दल र तत्कालीन ने.क.पा.माओवादी बिच भएको १२ बुँदे समझदारी अनुसार भएको २०६२/२०६३ को सफल जनआन्दोलन पछि अन्तरिम सरकारको गठन भएको थियो, जसमा माओवादीले प्राप्त गरेको ७३ सिट मध्ये १२ जना विधायकहरु दलित समुदायबाट सहभागिता जनाएको पाइयो ।

## ३.७. २०६४ साल चैत २८ मा भएको ऐतिहासिक संबिधानसभाको निर्वाचनमा प्रत्यक्ष तर्फ निर्वाचित दलित सभासदहरु

**तलिका ३.१६: संबिधानसभा (२०६४) मा प्रत्यक्ष रुपमा जननिर्वाचित दलित (माओवादी) सभासदहरुको विवरण**

| क.स. | **राजनीतिक दल** | **प्रत्यक्षतर्फ निर्वाचित सभासद** | ठेगाना |
|---|---|---|---|
| १ | ने.क.पा.माओवादी | श्री मा.खडक बहादुर वि.क. | कालिकोट |
| २ | ,, ,, | श्री मा.तिलक परियार | बांके |
| ३ | ,, ,, | श्री मा.तेज ब.मिजार | काभ्रे |
| ४ | ,, ,, | श्री मा.सीता वौडेल | नवलपरासि |
| ५ | ,, ,, | श्री मा.महेन्द्र पासवान | सिराहा |
| ६ | ,, ,, | श्री मा.दुर्गा कुमारी वि.क. | कास्की |
| ७ | ,, ,, | श्री मा.गोपी अछामी | मोरङ |

स्रोत :-- सबिधानसभा गतिविधि -२, (२०६८) नागरिक सम्वन्ध समिति, काठमाडौ ।

ऐतिहासिक सँबिधानसभाको निर्वाचन २०६४ मा केही प्रभावशाली राजनीतिक दलहरुले दलित समुदायलाई प्रत्यक्ष र समानुपातिक निर्वाचनमा सहभागी गराएका थिए । जस मध्ये प्रत्यक्ष तर्फ माओवादी तर्फका उम्मेदार बाहेक अन्य दलबाट निर्वाचित हुन सकेनन् । इतिहासमा नयाँ किर्तिमान कायम राख्दै माओवादी बाट ७ जना प्रत्यक्ष तर्फ नै निर्वाचित भएकामा २ जना महिला सभाष्सद हुनुहुन्छ । जसमध्ये खडग बहादुर वि.क. पूर्ण मन्त्री बनेको पाइन्छ ।

**तालिका ३.१७:**

**संबिधानसभा (२०६४) मा समानुपातिक तर्फ निर्वाचित दलित सभासदहरुको विवरण**

| | राजनीतिक दल | समानुपातिक तर्फका सभासदहरु | ठेगाना |
|---|---|---|---|
| १. | ने.क.पा.माओवादी | मा.श्री पदमलाल विश्वकर्मा | इलाम |
| २. | ,, ,, | मा.श्री परशुराम रम्तेल | गोरखा |
| ३. | ,, ,, | मा.श्री विनोद पहाडी | पाल्पा |
| ४. | ,, ,, | मा.श्री धर्मराज विश्वकर्मा | वझाङ |
| ५.. | ,, ,, | मा.श्री मंगल विश्वकर्मा | सुर्खेत |
| ६. | ,, ,, | मा.श्री सन्तोषी विश्वकर्मा | रोल्पा |
| ७. | ,, ,, | मा.श्री विश्वभक्त दुलाल | काठमाडौ |
| ८. | ,, ,, | मा.श्री रुपा विश्वकर्मा | पाल्पा |
| ९. | ,, ,, | मा.श्री दुर्गा पासवान | |
| १०. | ,, ,, | मा.श्री बावुलाल पासवान | |
| ११. | ,, ,, | मा.श्री हिमकुमारी सुनार | लमजुङ |
| १२. | ,, ,, | मा.श्री बिमला मिजार | उदयपुर |
| १३. | ,, ,, | मा.श्री पार्वती रसाईली | रामेछाप |
| १४. | ,, ,, | मा.श्री शम्भुहजरा पासवान | |
| १५. | ,, ,, | मा.श्री हरीराम श्रीपाली | कैलाली |
| १६. | ,, ,, | मा.श्री चन्द्रदेवी राम | पर्सा |
| १७. | ,, ,, | मा.श्री उमा कपाली | भक्तपुर |
| १. | नेपाली कांग्रेस | मा.श्री खड्गबहादुर वस्याल | सुर्खेत |
| २. | ,, | मा.श्री महा नेपाली | बाजुरा |
| ३. | ,, | मा.श्री कविता कुमारी सरदार | मोरङ |
| ४. | ,, | मा.श्री कृष्णकुमारी परियार | कास्की |
| ५. | ,, | मा.श्री विमला नेपाली | दाङ |

| | | | |
|---|---|---|---|
| ६. | ,, | मा.श्री चन्द्रीराम टमटा | बैतडी |
| ७. | ,, | मा.श्री लक्ष्मी परियार | उदयपुर |
| ८. | ,, | मा.श्री कल्पना सोव | डोटी |
| १. | ने.क.पा.एमाले | मा.श्री छविलाल विश्कर्मा | रुपन्देही |
| २. | ,, | मा.श्री दल बहादुर सुनार | बांके |
| ३. | ,, | मा.श्री विष्णुमाया वि.क. | तनहुं |
| ४. | ,, | मा.श्री रिमा कुमारी नेपाली | रोल्पा |
| ५. | ,, | मा.श्री गोविन्द नेपाली | बाग्लुङ |
| ६. | ,, | मा.श्री रामपृत पासवान | सप्तरी |
| ७. | ,, | मा.श्री पुरनसिँह दयाल | वैतडी |
| ८. | ,, | मा.श्री शान्ति देवी चमार | कपिलवस्तु |
| ९. | ,, | मा.श्री दुर्गा परियार | उदयपुर |
| १०. | ,, | मा.श्री रामरति राम | सिराहा |
| ११. | ,, | मा.श्री भैरे कामी | अछाम |
| १२. | ,, | मा.श्री महा नेपाली | |
| १. | त.म.लो.पा. | मा.श्री रमणी राम | सप्तरी |
| २. | ,, | मा.श्री गणेश तिवारी (नेपाली) | महोत्तरी |
| १. | राष्ट्रिय जनमोर्चा | मा.श्री रश्मिराज नेपाली | दाङ |
| २. | ,, | मा.श्री सन्त बहादुर नेपाली | अर्घाखाँची |
| १. | रा.प्र.पा. | मा.श्री बविता देवी धोवी | रुपन्देही |
| १. | म.ज.अ.फो.लो | मा.श्री कलावती देवी दुसाध | बारा |
| १. | द.ज.पा. | मा.श्री विश्वेन्द्र पासवान | सिराहा |

स्रोत :- सबिधानसभा गतिविधि -२, (२०६८) नागरिक सम्वन्ध समिति, काठमाडौं ।

नेपालमा ऐतिहासिक संबिधानसभा मार्फत राजतन्त्रको अन्त र लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको अवस्थामा ऐतिहासिक संविधानसभामा ५१ जना दलित सभासदहरु चुनिएका छन् । जुनसुकै दलबाट प्रतिनिधित्व गरे तापनि दलित समुदायका सभासदहरुले जातीय विभेदका विरुद्ध साझा एजेण्डा बनाइ सविधानसभामा लडेको पाइन्छ । ऐतिहासिक सविधानसभामा प्रत्यक्ष तर्फ २४० सिट, समानुपातिक तर्फ ३३५ र २६ जना मनोनित गरी ६०१ जनाको संबिधान सभा बनेको थियो । जसमा तत्कालीन ने.क.पा.माओबादीबाट उम्मेदवार बनेका दलित समुदायले प्रत्यक्षमा ७ जना निर्बाचीत भएका र समानुपातीकमा १९ जना गरी

२६ जना दलित सभासद भएको पाइन्छ । भने अन्य दलबाट २५ जना समानुपातिक सभासद भएका छन । यसरी दलित सभासदहरुले संबिधानसभामा सहभागी भई निम्न भूमिका निर्वाह गरेको  पाईन्छ ।

**संवैधानिक समिति** : मा. श्री निलाम्वर आचार्यको सभापतित्वमा गठन भएको संबैधानिक समितिमा मा.श्री खडग बहादुर विश्वकर्मा-१ मा.श्री छविलाल विश्कर्मा-१ मा.श्री महेन्द्र पासवान-१ मा.श्री रुपा वि.क.-१ र मा.श्री विश्वेन्द्र पासवान-१ समेत ५ जना दलित सभासदहरुले सदस्यको रुपमा रही संबैधानिक समितिमा काम गरेका पाइन्छ ।

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति** : मा.श्री विन्द्रा पाण्डेको सभापतित्वमा गठन भएको उक्त समितिमा मा. श्री गणेश तिवारी (नेपाली)-१ मा.श्री परशुराम रम्तेल-१ मा.श्री महा नेपाली-१ र मा.श्री रामपृत पासवान-१ समेत ४ जना दलित सभासदहरुले सदस्यको रुपमा भूमिका निर्वाहा गरेको पाइन्छ ।

**अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति** : मा.श्री लालबावु पण्डितको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री तिलक परियार-१, मा.श्री पदमलाल विश्वकर्मा-१, मा.श्री कविता कुमारी सरदार-१, मा.श्री कृष्णकुमारी परियार-१, र मा.श्री पुरनसिंह दयाल-१ समेत ५ जना दलित सदस्यहरु सदस्यको रुपमा रही काम गरेका थिए ।

**राज्यको पुनसंरचना र राज्यशक्तिको बांडफांड समिति** : मा.श्री लोकेन्द्र विष्टमगरको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री विश्वभक्त दुलाल-१, मा.श्री सन्तोषी वि.क.-१, मा.श्री चन्दा देवी राम-१, मा.श्री सन्त बहादुर नेपाली-१ र मा.श्री शान्तिदेवी चमार - १ समेत ५ जना दलित  सभासदहरुले  सदस्यको  रुपमा रही भूमिका निर्वाह गरेका थिए ।

**व्यवस्थापकीय अंगको स्वरुप निर्धारण समिति** : मा.श्री रमेश रिजालको सभापतित्वमा गठन भएको उक्त समितिमा दलित सभासदहरुको प्रतिनिधित्व भएको पाइएन ।

**राज्यको शासकीय स्वरुप निर्धारण समिति** : मा.श्री शम्भुहजरा पासवानको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री तेज बहादुर मिजार-१, मा.श्री गोविन्द नेपाली-१ र मा.श्री दुर्गीदेवी पासवान-१ समेत ३ जना दलित सभासदहरुले सदस्यको रुपमा रही काम गरेको देखिन्छ ।

**न्याय प्रणाली सम्वन्धी समिति** : मा.श्री प्रभु  शाहको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री खड्ग बहादुर सार्की-१, मा.श्री रीमा कुमारी नेपाली-१ र मा.श्री विमला नेपाली-१ समेत ३ जना दलित सभासदहरुले  सदस्यको रुपमा रही काम गरेका थिए ।

**संवैधानिक निकायको संरचना निर्धारण समिति** : मा.श्री गोविन्द चौधरीको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री गोपी बहादुर सार्की-१, मा.श्री उमागोठे कपाली-१ समेत २ जना दलित सभासदले सदस्यको रुपमा रही काम गरेको पाइन्छ ।

**प्रकृति स्रोत, आर्थिक अधिकार तथा  राजस्व बांडफांड समिति** : मा.श्री अमृता थापामगरको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री विष्णुमाया विश्कर्मा-१ सदस्यको रुपमा रही काम गरेको पाइन्छ ।

**सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति** : मा.श्री नवोदिता चौधरीको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री दुर्गाकुमारी वि.क.-१, मा.श्री धर्मराज वि.क.-१, मा.श्री पार्वती रसाइली-१, मा.श्री मंगल वि.क.-१, मा.श्री शारदा नेपाली-१ र मा.श्री हिमकुमारी सुनार-१ समेत ६ जना दलित सभासदहरुले सदस्यको रुपमा रही काम गरेका थिए ।

**राष्ट्रिय हितको संरक्षण समिति** : मा.श्री अमिक शेरचनको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री दुर्गा परियार-१ र मा.श्री रश्मिराज नेपाली-१ समेत २ जना दलित सभासदहरुले सदस्यको रुपमा रही काम गरेको पाइन्छ ।

**जनमत संकलन तथा समन्वय समिति** : मा.श्री प्रमोद प्रसाद गुप्ताको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री दल बहादुर सुनार-१, मा.श्री रमणी राम-१, मा.श्री लक्ष्मी परियार-१, मा.श्री विरेन्द्र पासवान-१ र मा.श्री सन्ध्य देवी-१ समेत ५ जना दलित सभासदहरुले सदस्यको रुपमा रही काम गरेका पाइन्छ ।

**क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति** : मा.श्री मृगेन्द्र कुमार सिंह यादवको सभापतित्वमा गठन भएको उक्त समितिमा मा.श्री विनोद पहाडी-१, मा.श्री सेवक देवी दास-१ र मा.श्री हरिराम श्रीपाली-१ समेत ३ जना दलित सभासदहरुले सदस्यको रुपमा रही भूमिका निर्वाह गरेको पाइन्छ ।

*परिच्छेद - चार*

# कास्की जिल्लाको दलीय राजनीतिमा दलित सहभागिता

## ४.१ कास्कीका राजनीतिक दलहरु र दलित

नेपालको राजनीतिक इतिहासमा काठमाडौपछिको ठूलो राजनीतिक महत्व राख्ने क्षेत्रको रुपमा परिचित पश्चिमाञ्चल क्षेत्रको केन्द्रविन्दु पोखरा हो । गण्डकी अञ्चल भित्रको ७ जिल्लाहरुको क्षेत्रीय कार्यालय रहेको पोखरा साततालको सहर तथा पर्यटकीय स्थलको रुपमा प्रसिद्ध छ । कास्की जिल्लामा पोखरा उप महानगरपालिका - १ र लेखनाथ नगरपालिका - १ गरी २ नगरपालिकाहरु छन । केही गा.वि.स.हरु नगरउन्मुखको रुपमा विकास भइरहेका छन । राजनीतिक दृष्टिकोणले असाध्यै महत्व राख्ने कास्की जिल्लामा लोकतन्त्रको स्थापनापछि जातीय सघंठन ब्राह्मण समाज, क्षत्री समाज, रानाभाट समाज आदि संघ, गठन भएका छन् भने केहि नयाँ पार्टीहरु पनि खुलेका छन । बहुदलीय व्यवस्थाको स्थापनापछि कास्की जिल्लामा सक्रिय राजनीतिक दलको रुपमा कांग्रेस, एमाले, ने.क.पा.माले र रा.प्र.पा. नेपाल आदि भएको पाइन्छ । यी पार्टीहरुमा दलित समुदायको न्युन सहभागिता रहेको देखिन्छ । कास्की जिल्लाका ग्रामीण इलाकामा जन्मेका जीवन परियार नेपाली कांग्रेसको केन्द्रीय समितिमा सहभागी छन् भने ऐतिहासिक सबिधानसभाको निर्वाचनमा नेपाली काँग्रेस बाट कृष्ण कुमारी परियार समानुपतिक सभासद भएकी पाइन्छ । भने अर्का जगत विश्वकर्मा ने.क.पा.एमाले को वैकल्पिक केन्द्रीय सदस्यको रुपमा स्थापित भएका छन । नयां पार्टीको रुपमा गठन भएको संघीय समाजबादी नेपालको केन्द्रीय सचिवमा डिलबहादुर नेपाली सहभागी भएको देखिन्छ । तत्कालीन ने.क.पा.माओवादीले संञ्चालन गरेको १० वर्षे जनयुद्धमा दलित समुदायहरुबाट उल्लेखनीय सहभागिता भएको पाइन्छ जनयुद्धको जगमा भएको सात राजनीतिक दल र माओवादी बिच भएको १२ बुंदे समझदारीको आधारमा भएको ऐतिहासिक संबिधान सभाको चुनाव सम्पन्न भएपछि नेपालको राजनीतिमा उदयमान शक्ति तथा ठूलो पार्टीको रुपमा ए.ने.क.पा.(माओवादी) बन्यो ।

संबिधान सभाको विघटनपछि नेपालमा दोस्रो संविधानसभाको निर्वाचनसम्म आई पुग्दा कास्की जिल्लाको निर्वाचन अधिकृतको कार्यालयमा २२ दलहरुले सम्म दर्ता गरेका थिए । तर

चुनावी प्रक्रियामा भाग लिने दल धेरै भए पनि प्रभावकारी पार्टीका रुपमा ए.ने.क.पा. (माओवादी), ने.क.पा.एमाले, र नेपाली काँग्रेस छन, भने नयां पार्टीको रुपमा संघीय समाजबादी पार्टी नेपाल देखिएको छ । चुनावमा भाग नलिने पार्टीहरुमा ने.क.पा.- माओवादी प्रभावकारी दलको रुपमा देखिएको छ । कास्की जिल्लाको निम्न उल्लेखित प्रभावकारी राजनीतिक दलहरुमा जिल्ला कार्यसमितिमा दलित सहभागिता निम्नअनुसार छन् ।

**तालिका ४.१: कास्की जिल्लाका मुख्य राजनीतिक दलहरुका संगठनमा दलितको प्रतिनिधित्व**

| राजनीतिक दल | कुल सदस्य संख्या | दलित | प्रतिशत |
|---|---|---|---|
| ए.ने.क.पा.(माओवादी) | २३० | ३१ | १३.४७ |
| ने.क.पा.( एमाले ) | ६८ | ८ | ११.७६ |
| ने.क.पा.-माओवादी | ११३ | १२ | १०.६१ |
| नेपाली कांग्रेस | ४२ | - | |
| संघीय, समाजबादी पार्टी नेपाल | १०१ | १० | ९.९० |

स्रोत : क्षेत्रगत अध्ययन, २०७० ।

कास्की जिल्लामा सक्रिय भएका उपरोक्त राजनीतिक पार्टीहरुको जिल्ला कार्यसमितिमा दलित समुदायहरु बाट सहभागिता भएको पाइन्छ । नेपालको राजनीतिक इतिहासमा सवै भन्दा प्रजातान्त्रिक पार्टीको रुपमा प्रस्तुत गर्ने नेपाली कांग्रेस पार्टीको जिल्ला कार्य समितिमा अझैसम्म पनि दलित समुदायको प्रतिनिधित्व गराएको पाइएन । माथि उल्लेखित राजनीतिक दलहरुको जिल्ला कार्यसमितिमा सहभागी भएका दलित सँख्यालाई हेर्दा ए.ने.क.पा. ( माओवादी) ले समानुपातिक समावेशी प्रतिनिधित्वलाई आत्मसाथ गरेको देखिन्छ । त्यस्तै गरी ने.क.पा.एमाले ले पनि जिल्ला कार्य समितिमा दलितलाई प्रतिनिधित्व गराउने सवालमा समानुपातिक समावेशीतालाई पछ्याउदै गएको देखिन्छ । ने.क.पा.माले पार्टीले सानो सख्याको जिल्ला कमिटी भएको हुँदा २० प्रतिशत दलित सहभागिता गरेको देखिन्छ । त्यस्तै गरी नयां पार्टीको रुपमा स्थापित संघीय समाजवादी नेपाल र ने.क.पा.- माओवादीले पनि समानुपातिक समावेशीताको नीतिलाई आत्मसाथ गर्न सकेको पाइँदैन ।

## ४.२. ए.ने.क.पा. माओवादी कास्कीमा दलित सहभागिता

जनयुद्धको सर्वोच्च कमाण्डर एवं ए.ने.क.पा.माओवादी का अध्यक्ष पुष्पकमल दाहाल (क.प्रचण्ड) को जन्मथलो कास्की जिल्लामा नै पर्दछ । राजधानी पछिको ठूलो सहर पोखरा कास्की जिल्लाको सदरमुकाम हो । यस जिल्ला राजनीतिक, सामाजिक, धार्मीक, आर्थिक र सामरिक महत्वको दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । तत्कालीन ने.क.पा.(माओवादी) ले शुरु गरेको जनयुद्धले यस जिल्लाका दलितहरुलाई प्रभावित बनायो । माओवादीको बासस्थान दलित बस्तीहरु नै हुने भएकाले माओवादीको नीति कार्यक्रमबाट बढी प्रभावित हुने अवसर पनि दलितहरुलाइ मिलेको पाइन्छ । सोही क्रममा सदियौंदेखि जातीय भेदभाव तथा छुवाछुतको मारमा परेका र राजनीतिक, सामाजिक, सांस्कृतिक शैक्षिक आदि विषयमा शोषण, दमनमा पर्दै आएका दलितहरुले जातीय मुक्तिको बाटो खोजि रहेको अवस्थामा त्यो संम्भावना माओवादीले सञ्चालन गरेको जनयुद्धबाट मात्रै देखेका हुँदा दलितहरु माओवादी पार्टीमा हामफालेको पाइन्छ । यस जिल्लाका करिव १५ प्रतिशत जनसंख्या भएका दलितहरुको नेतृत्व गर्दै ए.ने.क.पा. (माओवादी) को राजनीतिमा सहभागी भई सक्रियता बढाएको देखिन्छ । सोहिक्रममा दलित समुदायका कास्की जिल्ला माझठाना गाउमा जन्मेका सर्वहारा वर्गका जननेता थमन परियार जनयुद्धको शुरुवातदेखि नै पार्टीमा निरन्तर काम गर्दै मिति २०५५ सालमा कास्की जिल्लाको पार्टीको भातृ संगठन दलित मुक्ति मोर्चाको संस्थापक जिल्ला अध्यक्ष समेत भई काम गरेको पाइन्छ ।

कहिले जनकलाकारको भूमिकामा त कहिले साहित्य लेखन तर्फ पनि कलम चलाउँदै स्वाभिमान राष्ट्रिय साप्ताहिक पत्रिकाको सह-सम्पादक समेतको भूमिका निर्वाह गरेका थमन परियार जनप्रिय नेताका रुपमा समेत पहिचान बनाई पार्टीको योजनमा इमान्दार सिपाहीको रुपमा काम गरेको पाइन्छ । थमन परियारको पार्टी र जनताप्रतिको त्याग र समर्पणले गर्दा पार्टीको जिम्मेवारी निर्बाह गर्ने क्रममा पार्टीले सञ्चालन गरेको जनसत्ता अन्तरगत गण्डक व्युरो सदस्य एवं तमुवान राज्यको संञ्चार मन्त्री सम्म भएको पाइन्छ । त्यस्तै गरी पार्टीले देशव्यापी रुपमा सञ्चालन गरेको जनसत्तामा कास्की जिल्लाको जनसरकार प्रमुख समेत भई काम गरेको देखियो । यस जिल्लाका अर्का सशक्त योद्धाहरु डम्मर परियार र भिम बहादुर नेपाली पनि दलितहरुको राजनीतिक नेतृत्व गर्दै पार्टीको योजनाअनुसार कहिले फौजी मोर्चामा लड्दै जिम्मेवारी पूरा गरेको पाइन्छ । माओवादीले निर्माण गरेको जनमुक्ति सेनामा कास्की जिल्लाबाट प्रतिनिधित्व गर्ने जनसेना मध्ये सेनाको वटालियन भि.सि.सम्मको सैनिक

हैसियत बनाएका डम्मर परियार र भिमबहादुर नेपालीले सेना समायोजनमा सहभागी नभई राजनीतिक नेतृत्व गर्ने उदेश्यले कास्कीमा नै काम गर्दै आएको पाइयो । त्यस्तै गरी जनयुद्धका क्रममा जेलनेल, यातनाको साथै आफ्नो बहिनी साहदात हुँदा समेत अविचलित भई पार्टीको इमान्दार सिपाहीको रुपमा काम गर्दै आएकी सामान्य किसान परिवारको छोरी दुर्गा कुमारी विश्वकर्मा ऐतिहासिक सबिधानसभाको निर्वाचनमा प्रत्यक्ष तर्फ नै बिजयी भइन् । कास्की घार्मी निवासी दलित नेता भिम बहादुर वि.क. (क्षितिज) लामो समयदेखि पार्टीमा पूर्णकालीन कार्यकर्ताको हैसियतमा काम गर्दै पार्टीको राज्य सदस्य एवं दलित मुक्ति मोर्चाको केन्द्रीय सदस्य भई सक्रिय रुपमा काम गरेका र पोखरा नगरपालिकाको बोर्ड सदस्यको हैसियतले जापानमा राजनीतिक उपस्थिति जनाएको देखिन्छ ।

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कास्की मा २०६९।९।०१ सम्म नवीकरण भएका सक्रिय पार्टी सदस्यहरु जम्मा ५,१५६ जना छन् जसमा राज्य सदस्यहरु ६१ जना छन्, भने दलित राज्य सदस्यहरु ७ जना देखिन्छन । कास्की जिल्लामा पार्टी जिल्ला सदस्यहरु २३० जना छन् भने दलित जिल्ला सदस्यहरु ३१ भएको पाइन्छन । यस जिल्लामा इलाका सदस्यहरु ५१९ जना छन् भने दलित इलाका सदस्यहरु ७८, जना छन । जुन कुल इलाका सदस्यको १५ प्रतिशत हुन्छ । जम्मा दलित पार्टी सदस्यहरु ८७८ जना छन् । जसमा महिलाहरु १९९ र पुरुषहरु ६७९ छन् जुन कुल संख्याको १७ प्रतिशत हुन्छ ।

### ४.२.१. कास्की क्षेत्र नं १ अन्तरगतका गांउ तथा वडा कमिटिमा दलित सहभागिता र पार्टी सदस्यहरु

**तालिका ४.२: कास्कीको क्षेत्र नं १ मा माओवादी संगठनमा दलितहरुको उपस्थितिको विवरण**

| गाउं कमिटी | ज. पार्टी सदस्य | जम्मा दलित सदस्य | प्रतिशत | गाउँ कमिटी | दलित सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सिल्दजुरे | ३३ | २ | ६.०६ | १६ | - | - |
| थुमकोडांडा | २६ | ५ | १९.२३ | १३ | २ | १५.३८ |
| थुम्की | ४५ | २ | ४.४४ | १५ | ३ | २०. |
| सैमराङ | ३७ | ३ | ८.१० | ११ | स.सहित, ३ | २७.२७ |
| मिजुरे | ३६ | ७ | १९.४४ | २१ | २ | ९.५२ |
| भाचोक | २५ | ६ | २४ | १३ | २ | १५.३८ |
| मौजा | १५ | ५ | ३३.३३ | ७ | २ | २८.५७ |
| नामार्जुङ | १५ | २ | १३.३३ | ९ | २ | २२.२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पार्चे | १३ | २ | १५.३८ | ११ | स.सहित, २ | १८.१८ |
| रुपाकोट | २७ | ३ | ११.११ | ९ | १ | ११.११ |
| सिद्ध | १५ | १ | ६.६६ | ६ | १ | १६.६६ |
| देउराली | २५ | ६ | २४ | १७ | २ | ११.७६ |
| हंसपुर | ६८ | ३ | ४.४१ | १८ | ३ | १६.६६ |
| कालिका | २६ | ३ | ११.५३ | ९ | स.सहित,२ | २२.२२ |
| माझठाना | ४० | ५ | १२.५ | १२ | १ | ८.३३ |
| पो.वि.वि. | ३० | ४ | १३.३३ | ११ | १ | ९. |
| ले. न.पा.-१ | ४२ | २ | ४.७६ | १२ | अ.सहित,५ | ४१.६६ |
| ,, ,, २ | २२ | २ | ९. | ७ | १ | १४.२८ |
| ,, ,, ३ | १२ | १ | ८.३३ | ७ | १ | १४.२८ |
| ,, ,, ४ | ४० | १ | २.५ | १३ | स.सहित,५ | ३८.४६ |
| ,, ,, ५ | ९ | | | ५ | - | - |
| ,, ,, ६ | ४५ | २ | ४.४४ | ११ | २ | १८.१८ |
| ,, ,, ७ | ४३ | ८ | १८.६० | १३ | ३ | २३. |
| ,, ,, ८ | ३५ | ७ | २०. | १२ | २ | १६.६६ |
| ,, ,, ९ | ४९ | ४ | ८.१६ | ९ | १ | ११.११ |
| ,, ,, १० | १२ | - | | ५ | - | - |
| ,, ,, ११ | ४९ | २ | ४.०८ | १४ | अ.सहित,२ | १४.२८ |
| ,, ,, १२ | ४४ | ३ | ६.८१ | १२ | - | - |
| ,, ,, १३ | ४५ | ३ | ६.६६ | ५ | - | - |
| ,, ,, १४ | १७ | ७ | ४१.१७ | ९ | २ | २२.२२ |
| ,, ,, १५ | ११ | ३ | २७.२७ | ५ | २ | ४०. |
| | जम्मा ९५१ | १०४ | १०.९३ | जम्मा,३३५ | ५५ | १६.४१ |

स्रोत : ए.ने.क.पा.(माओवादी ) १ नं क्षेत्रीय कार्यालय, कास्की ।

यस निर्वाचन क्षेत्र नं १ अन्तरगत १५ वटा गा.वि.स. पर्दछन भने एउटा लेखनाथ नगरपालिका छ । लेखनाथ नगरपालिका भित्र १५ वडाहरु पर्दछन् । सवै गा.वि.स.हरुमा ए.ने.क.पा.(माओवादी) पार्टीको गाउँ कमिटीहरु बनेका छन । जसमा २ गा.वि.स.को गाउँ कमिटीमा अध्यक्ष र २ गाउँ कमिटीमा सचिव दलित भएको पाईन्छ । राजनीतिक नेतृत्व गर्ने दृष्टिकोणबाट हेर्दा अध्यक्ष र सचिव पद महत्वपूर्ण मानिन्छ । यस क्षेत्रका गा.वि.स. अन्तरगतका अधिकांश वडाहरुमा वडा कमिटीहरु बनेको भए पनि यहां अभिलेखीकरण गरिएको छैन । यस क्षेत्रमा मिश्रित खालको सवै जात जातिहरुको घनावस्ती भेटिन्छ । यस क्षेत्रमा गठन भएका ए.ने.क.पा. (माओवादी) गाउँ

कमिटीमा  दलितहरुको सहभागिता अधिकतम् २७ प्रतिशतसम्म  भएको देखिन्छ भने नगरका वडा कमिटिहरुमा अधिकतम् ४१.६६ प्रतिशतसम्म सहभागिता देखिन्छ । यस क्षेत्रमा काम गर्ने राज्य सदस्य स्तरका  दलित नेताहरु पूर्व जनमुक्ति सेनामा भएका र जनयुद्धताका धेरै मोर्चामा आफ्नो युद्धकौसलता प्रदर्शन गरी लामो समय जनसेनामा काम गरी हाल राजनीतिक नेतृत्वको रुपमा कार्य गरेको पाईन्छ । यस क्षेत्रमा पार्टीमा संगठित पार्टी सदस्यदेखि,  राज्य सदस्यसम्म गरी जम्मा ९५१ जना छन भने दलित  पार्टी सदस्यहरु १०४ जना छन् । जुन कुल संख्याको १०.९३ प्रतिशत हुन्छ ।  यस क्षेत्रमा कूल पार्टी सदस्य संख्याको आधारमा दलित पार्टी सदस्यको सहभागिता समानुपातिक हुन सकेको पाईदैन ।

## ४.२.२. कास्की क्षेत्र नं २ अन्तरगतका गाँउ  तथा  वडा कमिटीमा दलित सहभागिता र पार्टी सदस्यहरु

**तालिका ४.३: कास्कीको क्षेत्र नं २ का एमाओवादी संगठनहरुमा दलितको प्रतिनिधित्वको विवरण**

| गाउँ तथा वडा | कूल पार्टी सदस्य | जम्मा दलित सदस्य | प्रतिशत | गाउँ तथा कमिटी वडा | दलित सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|---|
| आर्वाविजय | ४२ | ३ | ७.१४ | १७ | ३ | १७.६४ |
| अर्मला | २५ | ४ | १६ | १७ | ४ | २३.५२ |
| भलाम | १७ | २ | ११.७६ | १७ | २ | ११.७६ |
| काहुँ | ९ | ३ | ३३.३३ | ९ | ३ | ३३.३३ |
| पिएन.क्याम्पस | ६५ | २ | ३. | १५ | - | - |
| पोखरा - १ | ६३ | २ | ३.१७ | १५ | - | - |
| ,, ,, ३ | १९ | ७ | ३६.८४ | १३ | अ.सहित ३ | २३. |
| ,, ,, १० | ४५ | २ | ४.४४ | १५ | १ | ६.६६ |
| ,, ,, ११ | ४६ | ८ | १७.३९ | १५ | ४ | २६.६६ |
| ,, ,, १२ | ४४ | ४ | ९. | १५ | २ | १३.३३ |
| ,, ,, १३ | ३२ | ६ | १८७५ | १७ | स.सहित ४ | २३.५२ |
| ,, ,, १४ | ३३ | ८ | २४.२४ | १३ | स.सहित ६ | ४६.१५ |
| ,, ,, १५ | ८५ | ११ | १२.९४ | १५ | १ | ६.६६ |
| ,, ,, १६ | ४० | ३ | ७.५ | ११ | ३ | २७.२७ |
| ,, ,, १८ | ४८ | १० | २०.८३ | १५ | अ.सहित ४ | २६.६६ |
|  | जम्मा ६१३ | ७४ | १२.०९ | जम्मा २१९ | ४० | १८.२६ |

स्रोत :- क्षेत्रगत अध्ययन, २०७० ।

यस २ नं क्षेत्रमा ४ वटा गा.वि.स. र १० वटा वडाहरु पर्दछन भने पि.एन.क्याम्पसमा अध्यायनरत एवं प्रध्यापन गर्ने पार्टी निकटका बौद्धिक व्यक्तित्वहरुको समेत विशेष प्रशाखा बनाई संगठन विस्तार भएको छ । जसअन्तरगत पार्टीका सदस्य देखि लिएर जिल्ला, राज्य सदस्यहरु समेत गरी जम्मा ६१२ जना छन् जस मध्ये ८० जना दलित सदस्यहरु छन । जुन कूल संख्याको १३.०७ प्रतिशत हुन्छ । यस क्षेत्रमा सवै गा.वि.स.मा गाउँ कमिटी र सवै वडाहरुमा वडा कमिटी बनेका देखिन्छ । यस क्षेत्रका वडा कमिटीमा २ वटा वडा कमिटीको अध्यक्ष र २ वटा वडा कमिटीको सचिव भई दलितले नेतृत्व गरेको पाइन्छ । गाउँ पार्टी कमिटीमा अधिकतम् २३.५२ प्रतिशत र नगर भित्रका वडा कमिटीमा २७.२७ प्रतिशतसम्म दलित सहभागिता देखिन्छ । जनसंख्याको आधारमा यस क्षेत्रको पार्टी संगठनमा दलित समुदायको समानुपातिक सहभागिता भएको देखिन्छ ।

### ४.२.३. कास्की क्षेत्र नं ३ अन्तरगतका गाउं तथा वडा कमिटीमा दलित सहभागिता र पार्टी सदस्यहरु

**तालिका ४.४: कास्कीको क्षेत्र नं ३ का एमाओवादी संगठनहरुमा दलितको प्रतिनिधित्वको विवरण**

| गाउ तथा वडा | कुल पार्टी सदस्य | जम्मा दलित सदस्य | प्रतिशत | गाउँ तथा वडा कमिटी | दलित सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|---|
| भरतपोखरी | १८२ | ४१ | २२.५२ | २१ | अ.सहित,५ | २३.८० |
| निर्मलपोखरी | ८१ | १३ | १६.०४ | १९ | ३ | १५.७८ |
| कृस्ती | ९४ | १३ | १३.८२ | १७ | १ | ५.८८ |
| पोखरा- ४ | ३५ | २ | ५.७१ | ९ | - | - |
| पोखरा - ५ | ९० | ९ | १०. | १५ | १ | ६.६६ |
| पोखरा - ६ | १५८ | २३ | १४.५५ | २३ | २ | ८.६९ |
| पोखरा - ७ | ७४ | १० | १३.५१ | १५ | ३ | २०. |
| पोखरा - ८ | ५८ | ४ | ६.५८ | १३ | - | - |
| पोखरा - ९ | १२८ | ३५ | २७.३४ | २१ | अ.सहित,७ | ३३.३३ |
| पोखरा - १७ | १३६ | १८ | १३.२३ | २१ | ३ | १४.२८ |
| जम्मा संख्या | १०२४ | १६८ | १६.४० | १७४ | २५ | १४.३६ |

स्रोत : ए.ने.क.पा.(माओवादी) क्षेत्र नं ३ को कार्यालय,कास्की ।

यस क्षेत्र नं ३ मा ३ गा.वि.स. र ७ वडाहरु पर्दछ । जसमा पार्टी सदस्य देखि राज्य सदस्य सम्म गरी जम्मा पार्टी सदस्यहरु १०३६ जना छन । जसमा १७७ जना दलित सदस्यहरु छन जुन कुल संख्याको १६.४० प्रतिशत हुन्छ । यस क्षेत्रका गा.वि.स मा गांउ कमिटि र नगरका वडाहरुमा वडा कमिटी बनी सकेका छन । जसमा एक गा.वि.स.अध्यक्ष र एक नगरका वडा अध्यक्ष दलित भएको पाइन्छ । गांउ कमिटिमा अधिकतम् २३.८० प्रतिशत दलित सहभागिता देखिन्छ । वडा कमिटीहरुमा अधिकतम ३३.३३ प्रतिशतसम्म दलित सहभागिता भएको पाइन्छ यस क्षेत्रको पार्टी संगठनमा दलित पार्टी सदस्यहरुको समानुपातिक सहभागिता भएको पाइन्छ ।

### ४.२.४. कास्की क्षेत्र नं ४ अन्तरगतका गाउं तथा वडा कमिटीमा दलित सहभागिता र जम्मा पार्टी सदस्यहरु

**तालिका ४.५: कास्कीको क्षेत्र नं ४ का एमाओवादी संगठनहरुमा दलितको प्रतिनिधित्वको विवरण**

| गाउँ कमिटी | कूल पार्टी सदस्यहरु | ज. दलित सदस्य | प्रतिशत | गाउं पार्टी कमिटी | दलित सदस्य | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पोखरा - २ | ८६ | ५४ | ६२.७९ | १५ | अ.सहित, ७ | ४६.६६ |
| माछापुच्छ्रे | ९ | | - | - | | |
| पुम्दीभुम्दी | १३३ | १९ | १४.२८ | १९ | ३ | १५.७८ |
| पुरनचौर | ४४ | ४ | ९.०९ | १३ | १ | ७.६९ |
| रिभान | ५१ | १९ | ३७.२५ | १२ | ४ | ३३.३३ |
| सल्यान | २९ | १३ | ४४.८२ | १५ | ७ | ४६.६६ |
| घान्द्रुक | ३६ | १० | २७.७७ | १७ | ३ | १७.६४ |
| धम्पुस | ३० | ११ | ३६.६६ | १९ | ७ | ३६.८४ |
| धिताल | ६१ | १३ | २१.३१ | २१ | ७ | ३३.३३ |
| सार्दीखोला | २२ | १ | ४.७६ | ७ | १ | १४.२८ |
| भदौरे | ८५ | ४० | ४७.०५ | २१ | स.सहित, ९ | ४२.८५ |
| चापाकोट | ३८ | ३ | ७.८९ | १५ | - | |
| दाङसिङ | ३३ | १३ | ३९.३९ | १३ | स.सहित, ५ | ३८.४६ |
| ढिकुरपोखरी | १४७ | ४० | २७.२१ | २१ | ५ | २३.८० |
| घाचोक | २० | १ | ५. | ९ | १ | ११.११ |
| लाहाचोक | २९ | ५ | १७.२४ | १५ | ४ | २६.६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सराङकोट | २०४ | ४८ | २३.५२ | २१ | ३ | १४.२८ |
| कास्कीकोट | ७६ | ७ | ९.२१ | २१ | २ | ९.५२ |
| लुम्ले | ५२ | २० | ३८.४६ | १५ | ५ | ३३.३३ |
| सल्यान | २९ | १३ | ४४.८२ | १५ | ७ | ४६.६६ |
| ल्वाङघलेल | २२ | ८ | ३६.३६ | १३ | ३ | २३.०७ |
| हेम्जा | १०३ | ७ | ६.७९ | २१ | १ | ४.७६ |
| जम्मा संख्या | १२९२ | ३३६ | २६. | ३४४ | ८४ | २४.४१ |

स्रोत :-एमाओवादी क्षेत्र नं ४ को कार्यालय, कास्की ।

यस क्षेत्र नं ४ मा २० गा.वि.स.हरु र पोखराको २ नं वडा पर्दछ । जसमा पार्टी सदस्यदेखि राज्य सदस्यसम्म गरी १२९२ जना छन । जहां ३३६ जना दलित सदस्यहरु छन जुन कूल संख्याको २६ प्रतिशत हुन्छ । यस क्षेत्रका गा.वि.स मा गाउँ कमिटी र नगरका वडाहरुमा वडा कमिटी बनि सकेका छन । गाउ कमिटीको अध्यक्षमा २ जना दलित र वडा कमिटीका अध्यक्ष १ जना दलित भएको पाइन्छ । जसमा गांउ कमिटीमा अधिकतम् ४६.६६ प्रतिशतसम्म सहभागिता भएको पाइन्छ । यस क्षेत्रको पार्टी संगठनमा दलित सहभागिता राम्रो देखिन्छ ।

### ४.२.५. ए.ने.क.पा.माओवादी कास्कीको जनवर्गीय संगठनमा दलित समुदायको सहभागिता

**तालिका ४.६: एमाओवादी कास्कीको जनवर्गीय संगठनहरुमा दलितको उपस्थिति**

| जनवर्गीय संगठन | जिल्ला कार्य समिति | दलित | प्रतिशत |
|---|---|---|---|
| योङ कम्युनिष्ट लिग कास्की | १३५ | १८ | १३.३३ |
| अखिल नेपाल सुकुम्वासी संगठन | ७५ | ९ | १२ |
| अ. ने. महिला संघ (क्रान्तिकारी) | ४१ | ५ | १२.१९ |
| अखिल नेपाल ट्रेड यूनियन महासंघ | ३० | ९ | ३०. |

स्रोत :- एमाओवादी जिल्ला कार्यालय, कास्की ।

ए.ने.क.पा.माओवादी को भातृ संगठनको रुपमा धेरै सगठनहरु क्रियशील भए पनि केही माथि उल्लेखित सगठनहरुको जिल्ला कार्यसमितिमा दलित सहभागिताको विषयमा मात्र उल्लेख गरिएको छ । पार्टीको सहायक सँगठनको रुपमा रहेको युवा सँगठन, योङ कम्युनिष्ट लिग कास्कीको जिल्ला कार्यसमिति १३५ जना भएकोमा दलितहरु उपाध्यक्ष सहित १८ जना सहभागी छन् जुन कूल सख्याको १३.३३ प्रतिशत हुन्छ । त्यस्तै गरी अखिल नेपाल महिल संघ क्रान्तिकारी जिल्ला कार्यसमिति ४१ जनाको भएकोमा उपाध्यक्ष सहित ५ जना दलित

महिलाहरु सहभागी भएको देखिन्छ । अखिल नेपाल ट्रेड युनियन महासँघ कास्कीमा दलित ३० प्रतिशत सहभागी देखिन्छ ।

## ४.३. जनयुद्धको क्रममा कास्की जिल्लाबाट वलिदान गर्ने दलित सहिदहरु

**तालिका ४.७: एमाओवादी जनयुद्धमा कास्की जिल्लाबाट वलिदान गर्ने दलित सहिद तथा वेपत्ताहरुको विवरण**

| | | | |
|---|---|---|---|
| १. | नाम : रिता नेपाली (क.भावना) जन्म : २०४०।०५।०१ सहादत : २०५९।०२।१९ | लामाचौर - ५ कास्की । | इलाका सदस्य |
| २. | नाम : छलिमाया नेपाली (क.सिमा) जन्म : २०३८।८।२५ शहादत : २०५८।११।१२ | | पार्टी सदस्य एवं महिला जिल्ला सदस्य |
| ३. | नामः धन कुमारी बि.क.(क.समीक्षा) जन्म : २०४६।९।७ सहादत : २०६०।१०।२४ | ढिकुरपोखरी-१ १ कास्की | पार्टी सदस्य एवं जिल्ला कलाकार |
| ४. | नाम : हिरालाल बि.क. (क.उत्सर्ग) जन्म : २०३२। । सहादत : २०५८।११।२७ | पोखरा-१० राम बजार, कास्की | |
| ५. | नाम : सुर्य बि.क.(क.ज्वाला)पार्टी जन्म : २०४०।०६।२२ सहादत : २०६०।१०।२४ | रिभान- ८ कास्की । | बिद्यार्थी जिल्ला सदस्य |
| ६. | नाम : अस्मिता वि.क. क.(सासा) जन्म : २०४५।५।२१ सहादत : २०६२।०५।२ | थुमा थुमकोडांडा - ७ कास्की । | पार्टी विद्यार्थी जिल्ला सदस्य |

| | | | |
|---|---|---|---|
| ७ | कमल परियार (क.भरत)<br>जन्म : २०४३।३।२७<br>सहादत : २०५९।०२।१९ | कालिका-१, कास्की । | पार्टी सदस्य |
| ८. | नाम : अनिता परियार<br>जन्म : २०४२।०५।०७<br>सहादत : २०५९।०२।२६ | सैमारङ - ५ कास्की | जनता |
| ९. | नाम : शिव परियार<br>जन्म : २०४१।०३।०२<br>सहादत : २०६१।०५।१२ | हेम्जा-६, कास्की । | |
| १०. | नाम : खिम बहादुर परियार<br>जन्म :<br>सहादत : २०५९।०२।२६ | पार्चे -७, कास्की । | समर्थक |
| ११ | नाम : विष्णु खड्का(नेपाली)<br>जन्म : २०४२।०१।११<br>सहादत : २०५८।०९।१७ | | |
| १२. | नाम : सोम ब.वि.क.(ज्योति)<br>जन्म :<br>बेपत्ता : २०५९।०३।२३ | ले.न.पा.-१३, कास्की । | पार्टी सदस्य |
| १३ | नाम : टीका वि.क.(सम्झना)<br>जन्म :<br>बेपत्ता : २०५९।०९।१८ | लुम्ले-१, कास्की | विद्यार्थी कार्यकर्ता |

स्रोत : एमाओवादी जिल्ला कार्यालय, कास्की ।

एमाओवादीले सञ्चालन गरेको जनयुद्धको क्रममा कास्की जिल्लामा ३९ जना सहिद र १९ जना वेपत्ता भएको अवस्था भेटिन्छ , जसमा दलितहरु ११ जना सहिद र २ जना वेपत्ता भएको पाइन्छ । यसरी दलित समुदायको वलिदान कूल सहिद संख्याको २८.२० प्रतिशत र कुल बेपत्ता संख्याको १०.५२ प्रतिशत हुन्छ ।

## ४.४. कास्की जिल्लाका दलित समुदायहरु ए.ने.क.पा.माओवादीमा लाग्नुको कारण

कास्की जिल्लामा रही ए.ने.क.पा.माओवादीमा आवद्ध रहेका ८० जना दलित नेता, कार्यकर्ताहरु संग भेटघाट गरी प्रश्नावलीहरु भराउने क्रममा केही बन्द प्रश्नहरु थिए भने केही खुला प्रश्नहरु गरी १८ प्रश्नहरु सोधिएको थियो । जसमा उत्तरदाताहरु बाट आएको जवाफहरुलाई यहां अभिलेखकरण गर्ने सन्दर्भमा सम्वन्धित प्रश्नावलीहरुलाई सँक्षेपिकरण गरी ९ वटा शीर्षक बनाई बन्द प्रश्नावलीको उत्तरहरुलाई तालिकीकरण गरी त्यसको संक्षिप्त व्याख्या गरिएको छ भने खुल्ला प्रश्नावलीको उत्तरहरुलाई बुँदागतरुपमा समावेश गरिएको छ

**तालिका ४-८: एमाओवादीमा दलित सहभागिताका कारणहरु**

| (क) आर्थिक लाभ | | (ख) समाज परिवर्तन | | (ग) दलित मुक्तिको लागि | | (घ)नेता बन्नको लागि | |
|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ३ | ३.७५ | ३४ | ४२.५ | ३८ | ४७.५ | ५ | ६.२५ |

स्रोत :- क्षेत्रगत अध्ययन, २०७०

कास्की जिल्लामा स्थायी बसोवास गरी वस्ने तथा अन्य जिल्लामा जन्म भई कर्मथलोको रुपमा कास्कीमा वस्दै आएका दलितहरु ए.ने.क.पा.(माओवादी ) मा लाग्नुका कारणहरु खोज्दै जानेक्रममा जनयुद्धकालदेखि नै पार्टीमा आबद्ध तथा शान्तिप्रक्रियामा पार्टी आएपछि सहभागी हुने करिव ८० जना दलितहरुसंग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीहरु भर्ने तथा अन्तरवार्ता लिने शिलशिलामा अधिकांश दलित सदस्यहरुको ए.ने.क.पा.( माओवादी ) मा लाग्नुका कारण दलित मुक्तिको लागि भन्ने ४७.५ प्रतिशत भेटिए र समाज परिवर्तनको लागि भन्ने ४२.५ प्रतिशत देखियो । साथै आर्थिक लाभ र नेता बन्नको लागि राजनीतिमा आबद्ध भएको भन्ने भनाई अति न्यून संख्यामा पाइयो ।

## ४.५ दलित र बिशेष अधिकार सम्वन्धमा एमाओवादीमा संलग्न दलितको विचार

**तालिका ४.९: दलित उत्थानमा एमाओवादीको नीतिप्रति दलितको अभिमत**

| क) आर्थिक अनुदान | | (ख) रोजगारी | | (ग) नीति निर्माण | | (घ) माथिका सवै | |
|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५ | ६.२५ | | | | | ७५ | ९३.७५ |

स्रोत :- क्षेत्रगत अध्ययन,२०७०

कास्की जिल्लामा बसी ए.ने.क.पा. माओवादीको राजनीतिक दलमा सक्रिय, सदस्यका रुपमा काम गर्ने दलित नेता कार्यकर्ताहरु संग भेटघाट गरी पार्टीले अघि सारेको विशेषाधिकारको सम्वन्धमा प्रश्नावलीहरु भर्ने भराउने शिलशिलामा दलितहरुलाई आर्थिक अनुदानमा विशेषाधिकार दिनु पर्छ भन्ने सख्या ६.२५ प्रतिशत पाइयो भने रोजगारी, नीति निर्माण र आर्थिक अनुदान सवै क्षेत्रमा विशेषाधिकार दिनुपर्छ भन्नेको सख्या ९३.७५ प्रतिशत हुन गयो । उपरोक्त उत्तरदाताको भनाई अनुसार युगौदेखि राज्यसत्ता बाट बञ्चित दलित समुदायलाई अन्य विपन्न समुदायलाई सरह समानुपातिक अधिकार मात्र दिएर पुग्दैन यदि समतामुलक, समृद्ध नेपाल बनाउने हो भने दलित समुदायलाई थप अधिकारको सुनिश्चित राज्यले गर्नु पर्दछ , भन्ने भनाई जोडदार रुपमा आएको पाइयो ।

## ४.६ पार्टी भित्र दलितमाथि भेदभाव

**तालिका ४.१०: एमाओवादी दलमा दलित उपरको भेदभाव**

| (क) हुन्छ | | (ख) हुदैन | |
|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ३५ | ४३.७५ | ४५ | ५६.२५ |

स्रोत :- क्षेत्रगत अध्ययन, २०७०

दक्षिण एसियाको मुख्यत् हिन्दू राष्ट्र भएको मुलुक नेपालमा ३५ सय बर्ष अघि देखि मानिसले मानिसलाई जातको आधारमा जातीय भेदभाव तथा छुवाछतको व्यवहार गरेको पाइन्छ । जातीय छुवाछुतको प्रथा समाजको कलङक हो भनेर बुझ्दा बुझ्दै पनि यसलाई निर्मुल पार्न सकिएको छैन । र पनि राज्यले जातीय विभेद सामाजिक अपराध हो भनि स्वीकार गरी त्यसको निराकरणको लागि जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ जारी गरी सकेको छ । यस्तो अवस्थामा सर्वहारा वर्गको क्रान्तिकारी पार्टी ए.ने.क.पा. माओवादी भित्र दलितहरुलाई भेदभाव व्यवहार हुन्छ की हुँदैन भन्ने सन्दर्भमा पार्टीमा आवद्ध ८० जना नेता, कार्यकर्ता तथा सहिद परिवारसंग भेटघाट गरी प्रश्नावलीहरु भर्ने क्रममा करीव ४३.७५ प्रतिशतले पार्टीमा दलितहरुलाइ भेदभाव हुन्छ भनेका छन् भने ५६.२५ प्रतिशतले पार्टीमा भेदभाव हुँदैन भनी उत्तर भरेका छन् । यसबाट के बुझिन्छ भने क्रान्तिकारी पार्टी भित्र पनि दलितहरु माथि विभेद हुन्छ भने अन्य पार्टी तथा जनताहरुमा भेदभाव कति होला भनि सहजै

अनुमान गर्न सकिन्छ । त्यसैले राज्यले जातीय बिभेद अन्तको लागि थप प्रभावकारी कानुन बनाई कार्यन्वयन तर्फ जोड दिन पर्ने जरुरी देखिन्छ ।

## ४.७ पार्टी भित्र दलित, दलित बिचको भेदभाव

**तालिका ४-११: एमाओवादी दलभित्र दलितहरु विचको भेदभाव**

| (क) छैन | | (ख) भात, भान्सा नचल्ने | | (ग) विवाहवारी नचल्ने | |
|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ६० | ७५ | - | - | २० | २५ |

स्रोत :- क्षेत्रगत अध्ययन, २०७० ।

जातीय बिभेदको अन्तको लागि लामो समयदेखि सर्घषरत दलित समुदाय भित्र जातीय भेदभाव हुन्छकी हुदैन भनि पार्टीमा नै संगठित दलित नेता, कार्यकर्तासंग प्रश्नावलीहरु भर्ने क्रममा ८७.५ प्रतिशतले दलित समुदाय भित्र जातीय बिभेद छैन भनी आफुले उत्तर दिएको पाइयो, भने १२.५ प्रतिशतले दलित समुदाय भित्र भात, भान्सामा विभेद नभए पनि विवाहवारीको सम्वन्धमा सहजै स्वीकार गरी मागी विवाह गर्न सकेको पाईदैन । यसबाट के कुरा बुझिन्छ भने दलित र गैरदलित बिच भए जस्तो विभेद दलित दलित बिच नभए पनि पूर्णरुपमा समानता कायम हुन सकेको पाइएन ।

## ४.८ एमाओवादी पार्टीमा दलित सदस्यको मुल्याङकन

**तालिका ४.१२: दलित सदस्यको कार्यक्षमताको एमाओवादीमा मूल्याङ्कन**

| (क) राम्रो मुल्याङकन | | (ख) भेदभाव हुन्छ | | (ग) विकल्पको रुपमा | |
|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५ | ६.२५ | ६० | ७५ | १५ | १८.७५ |

स्रोत :- क्षेत्रगत अध्ययन, २०७० ।

पार्टीमा क्रियाशील दलित नेता, कार्यकर्ता लाई पदोन्नति गर्ने तथा नेतृत्व दिने सवालमा पार्टीको कस्तो व्यवहार हुन्छ भनी प्रश्नावलीहरु भर्ने क्रममा ६.२५ प्रतिशतले राम्रो मुल्याङकन हुन्छ भनी उत्तर भरेको पाइयो भने दलितहरुलाई नीतिमा भने जस्तो प्राथमिकता दिइएको छैन, विकल्पको रुपमा लिइन्छ भन्ने १८.७५ प्रतिशतले उत्तर भरेका छन् । त्यस्तै

गरी पार्टीमा दलितहरुलाई पदोन्नती तथा तेतृत्व दिने सवालमा भेदभाव हुन्छ भन्ने ७५ प्रतिशत भए । यी उत्तरदाताको भनाई अनुसार नीति सिद्धान्तमा भने जस्तो पार्टीले व्यवहार गरेको देखिएन ।

## ४.९ सहिद, बेपत्ता र घाइतेहरु प्रति पार्टीको व्यवहार

**तालिका ४-१३: एमाओवादी दलमा सहिद, वेपत्ता तथा घाइते दलित प्रतिको व्यवहार**

| (क) संरक्षण गरेको छ | | (ख) वास्ता गरेको छैन | |
|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ७० | ८७.५ | १० | १२.५ |

स्रोत :- क्षेत्रगत अध्ययन,२०७० ।

माओवादीले सञ्चालन गरेको दश वर्षे जनयुद्धमा सहिद, बेपत्ता भएका परिवारलाई पार्टीले संरक्षण गरेको छ, छैन भन्ने सन्दर्भमा भरिएको प्रश्नावलीहरुमा ८७.५ प्रतिशतले सरकारमा गएपछि सहिद परिवारलाई राहत स्वरुप दस लाख दिने नीति भएअनुसार आठ लाख पाई सकेका र रोजगारीको सवालमा पनि सहिद परिवारलाई प्राथमिकता दिएको छ र सहिदहरुको स्मृतिमा विद्यालाय खोली सहिदका परीवारको छोरा, छोरीलाई अध्यापन गराएको पाइन्छ, साथै सहिदहरुको स्मृतिमा अस्पताल खोल्नुको साथै सहिद परिवारलाई सम्मान गर्दै आएकोले पार्टी ले संरक्षण गरेको छ भनी उत्तर भरेको पाइयो भने १२.५ प्रतिशतले वास्ता गरेको छैन भनि उत्तर भरेको पाइन्छ । यसबाट के बुझिन्छ भने सहिद परिवारलाई अधिकतम् रुपमा संरक्षण गरेको भन्ने प्रस्ट हुन्छ ।

## ४.१०. राजनीतिमा दलित सहभागिताको आवश्यकता

राजनीतिमा दलित सहभागिताको अपरिहार्यताको सम्वन्धमा प्रश्नावलीको उत्तर दिने क्रममा विभिन्न दलित अभियन्तहरुको मूल भनाई निम्नानुसार आएको पाइन्छ ।

- राजनीतिले सवै चिजको नेतृत्व गर्ने भएकोले राजनीतिमा दलितहरुको सहभागिता आवश्यकता छ ।
- दलितहरु लामो समयदेखि जातीय भेदभाव तथा छुवाछुतको मारमा परेको हुँदा सो उत्पीडन बाट मुक्त हुन पनि राजनीतिमा सहभागिताको आवश्यक छ ।
- दलित समुदायहरुको सामाजिक, आर्थिक, सांस्कृतिक पहुंच विस्तार गर्न राजनीतिक सहभागिता आवश्यकता देखिन्छ ।

- दलितहरु राज्यसत्ताबाट लामो समयदेखि वञ्चित भएको हुनाले राज्यसत्तामा प्रतिनिधित्व गर्नको लागि पनि राजनीतिमा सहभागिताको जरुरी छ ।
- राजनैतिक दल, राज्यसत्ता, समाज आदि क्षेत्रबाट शोषण तथा भेदभावमा परेका दलितहरुलाई जागरुक बनाउँदै अधिकार सम्पन्न बनाउन र समाज परिवर्तनको लागि राजनीतिमा सहभागिता जनाउन जरुरी देखिन्छ ।

## ४.११. पार्टी शान्ति प्रक्रियामा आएपछि दलितले प्राप्त गरेका उपलब्धिहरु

एमाओवादीमा लामो समय काम गरेका दलित अभियन्ताहरुको मूल्याङकनमा शान्तिप्रक्रियामा आएपछि राज्यमा यस दलको पहुँच र प्रभाव विस्तार हुँदै जानेक्रममा दलित समुदायहरुको लागि निम्न विशेष कार्यहरु उपलब्धिको रुपमा रहेको व्यहोरा छ ।

- दलित समुदायहरुले अन्य समुदायले भन्दा कम उमेरमा ६० वर्षमा वृद्ध भत्ता पाउनु ।
- दलित समुदायका ५ वर्ष मुनिका बालबालिकालाई रु.२००।- पोषण भत्ताको व्यवस्था ।
- शिक्षामा छात्रवृत्तिको विशेष सहुलियत ।
- दलित समुदायले जग्गा खरिद गर्दा रजिष्ट्रेसन शुल्कमा २५ प्रतिशत छुटको व्यवस्था हुनु ।
- जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ जारी हुनु ।

## ४.१२. दलित सहभागिताको चुनौतिहरु

ए.ने.क.पा.माओवादीमा सक्रिय दलितहरुको विचारमा यस दलले पनि नारा र भाषणमा, आफ्ना दस्तावेजमा दलित समुदायको मुल्याङकन समावेशी प्रतिनिधित्व र सामाजिक न्याय प्रदान गर्ने भनेता पनि त्यस्तो व्यवहारमा हुन नसकेको मूल्याङकन छ । अन्तरवार्ताको क्रममा दलित राजनीतिक कर्मीहरुबाट आएको विचारहरुलाई निम्न वुँदामा प्रस्तुत गरिएको छ ।

- राजनीतिक दलहरुको दलितहरुलाई मतदाता र आन्दोलनका कर्मचारी बनाउने सोच हुनु ।
- दलितहरुमा पिछलग्गु र दव्वु मानसिकता हुनु ।
- गरिवी, अशिक्षा, बेरोजगारका कारण राजनीतिमा सक्रियतापूर्वक लाग्न नसक्नु ।

- धार्मिक र साँस्कृतिक कारणवश हेयको दृष्टिकोणको चपेटामा पर्ने भएकोले राजनैतिक वितृष्णा पैदा हुनु ।

## ४.१३. तथ्याङ्कको विश्लेषणको निश्कर्ष :

कास्की जिल्लाको प्रभावशाली राजनीतिक दलहरुमा दलित समुदायहरुको सहभागिताको विवरण तालिकामा देखाइएको छ । जसमा आफूलाई प्रजातान्त्रिक पार्टी भन्न रुचाउने नेपाली कांग्रेसको जिल्ला कार्य समितिमा दलितको सहभागिता छैन । नयां पार्टीको रुपमा जन्मिएको संघीय समाजवादी पार्टीमा कूल संख्याको ९.९० प्रतिशत दलितको सहभागिता भएको पाइन्छ । त्यस्तैगरी निर्वाचनमा भाग नलिएका ने.क.पा-माओवादीको जिल्ला समितिमा कूल संख्याको १०.६१ प्रतिशत दलित प्रतिनिधित्व भेटिन्छ । ने.क.पा.एमालेको जिल्ला कार्य समितिमा कुल संख्याको ११.७६ प्रतिशत दलित सहभागिता भएको पाइन्छ । एनेकपा माओवादीको जिल्ला कार्य समितिमा कुल संख्याको १३.४७ प्रतिशत दलित सहभागिता भएको देखिन्छ ।

एमाओवादी कास्कीमा दलित सहभागिता भन्ने विषयमा नै अध्ययन गरिएको हुनाले कास्की जिल्लाका ४ निर्वाचन क्षेत्रमा एमाओवादीका संगठनहरुमा दलित सहभागितालाई तालिकीकरण गरी देखाइएको छ । जसमा एमाओवादी कास्कीमा २०६९।९।०१ सम्म नवीकरण भएका सक्रिय पार्टी सदस्यहरु जम्मा ५,१५६ जना छन् जसमा राज्य सदस्यहरु ६१ जना छन्, भने दलित राज्य सदस्यहरु ७ जना देखिन्छन । कास्की जिल्लामा पार्टी जिल्ला सदस्यहरु २३० जना छन् भने दलित जिल्ला सदस्यहरु ३१ भएको पाइन्छन । यस जिल्लामा इलाका सदस्यहरु ५१९ जना छन् भने दलित इलाका सदस्यहरु ७८, जना छन । जुन कुल इलाका सदस्यको १५ प्रतिशत हुन्छ । जम्मा दलित पार्टी सदस्यहरु ८७८ जना छन् । जसमा महिलाहरु १९९ र पुरुषहरु ६७९ छन् जुन कुल संख्याको १७ प्रतिशत हुन्छ । जनयुद्धको क्रममा माओवादीले सञ्चालन गरेको जनसत्तामा कास्की जिल्लाको जनसरकार प्रमुखसम्म थमन परियार भएका रहेछन् भने डम्मर परियार (विवेक) माओवादी जनसेनाको व्रिगेड भि.सि.सम्म भएको भेटियो । युद्धकै शिलशिलामा कास्की जिल्लाबाट सहिद ३९ जना र वेपत्ता १९ भएको पाइयो, जसमा दलितहरु ११ जना सहिद जुन (२८.२० प्रतिशत) र २ जना वेपत्ता (१०.५२ प्रतिशत) भएको देखिन्छ ।

एमाओवादीले संगठन निर्माण गर्ने सन्दर्भमा कास्की जिल्लामा भएको ४ निर्वाचन क्षेत्रमा गाउँ तथा नगरका वडाहरुमा पार्टी कमिटी बनाएको पाइन्छ । जसमा गांउ कमिटीका अध्यक्ष-१ र वडा कमिटीका अध्यक्ष ६ जना दलित रहेछन् । त्यस्तै गरी गाउँ कमिटीको सचिव ५ जना र वडा कमिटी सचिव ३ जना दलित भएको पाइन्छ । ले.न.पा.१ को वडा कमिटीमा अध्यक्ष सहित ४१.६६ प्रतिशत सहभागिता देखिन्छ भने भरतपोखरी गांउ कमिटीमा अध्यक्ष सहित २३.८० प्रतिशत सहभागिता भेटिन्छ । ३ वटा गांउ कमिटिमा दलित सहभागिता सुन्य छ । ८ वटा वडा कमिटीमा दलित सहभागिता देखिदैन । पोखरा १४ को वडा कमिटीमा सचिव सहित ४६.१५ प्रतिशत दलित सहभागिता भेटिन्छ । यसले के देखाउछ भने, एमाओवादीमा संगठित पार्टी सदस्यहरुको कूल संख्याको आधारमा दलित सहभागिता समानुपातिक नै देखिन्छ भने कमिटीमा पनि समानुपातिक सहभागिता भएको पाइयो । तर कमिटीको नेतृत्व तहमा भने दलितहरुको न्युन सहभागिता भेटियो । यसले के देखाउछ भने एमाओवादीले दलितहरुलाई राजनीतिक नेतृत्व दिने सवालमा नीति र विधिलाई समाउन सकेको पाइएन् ।

एमाओवादी कास्कीमा संगठित दलित नेता, कार्यकर्ताहरुसंग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीहरु भर्ने क्रममा आएका बिचारलाई सँश्लेषण गर्दा राजनीतिले नै परिवर्तन, विकास, शान्ति, सुशासन कायम गर्ने भएकोले नै राज्यसत्ताबाट बञ्चित दलितहरु राजनीतिमा सहभागी हुनु जरुरी देखिन्छ भन्ने भनाई मूलरुपमा आएको पाइयो । एमाओवादीमा दलितहरु संगठित हुनुका कारणहरु दलितहरुलाई विशेषाधिकारको माध्यमबाट राज्यसत्तामा प्रतिनिधित्व गराउने र जातीय बिभेद तथा छुवाछुत प्रथालाई पूर्णरुपमा अन्त्य गर्ने नाराहरु एमाओवादीमा भएकोले सामाजिक परिवर्तन तथा दलितहरुको मुक्तिको लागि एमाओवादीमा लागेको पाइयो । दलितहरुको उत्थानको सम्वन्धमा दलितहरुलाई राज्यले नीति निर्माण तथा रोजगारीमा विशेषाधिकार दिनु पर्ने भनाई ९३.७५ प्रतिशत दलित अभियन्ताहरुको आयो । त्यस्तै गरी एमाओवादीमा दलित उपर भेदभाव हुन्छ भन्ने ४३.७५ प्रतिशत दलित अभियन्ताहरुको विचार आए । दलितहरुको बीचमा पनि विवाहवारीको सवालमा भेदभाव हुन्छ भन्ने भनाई २५ प्रतिशत दलित अभियन्ताहरुको पाइयो ।

दलित समुदायहरुको लागि ६० वर्षमा वृद्धभत्ता, जग्गा खरिद गर्दा रजिष्ट्रेशन शुल्कमा २५

प्रतिशत छुट हुनु, दलित बालबालिकाहरुलाई पोषण भत्ताको व्यवस्था हुनु, शिक्षामा केही छात्रवृत्तिको व्यवस्था हुनु र जातीय भेदभाव तथा छुवाछुतलाई निरुत्साहित पार्न जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ आउनु उपलब्धीको रुपमा लिएको पाइन्छ । राजनीतिक दलहरुले दलित समुदायहरुलाई मतदाता र आन्दोलनको कर्मचारी बनाउने सोच हुनु र गरिवी, अशिक्षा, बेरोजगार आदिका कारण राजनीतिमा सक्रितापूर्वक लाग्न नसक्नु र दलितहरुमा दव्वु मानसिकता हुनु दलितहरुको चुनौतिको विषय बनेको पाइन्छ ।

*परिच्छेद - पाँच*

# उपसंहार, निष्कर्ष तथा सुझाव

## ५.१. उपसंहार

प्रजातन्त्र पूर्ण हुनका लागि व्यापक जन सहभागिता हुनु जरुरी हुन्छ । नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक र विबिधतायुक्त मुलुक हो ।त्यसैले गर्दा राज्यसत्तामा सबै जात जाति, दलित, महिला, मधेसी, अल्पसंख्यक, भाषा, लिंग क्षेत्र  आदि सबैको प्रतिनिधित्व आवश्यक हुन्छ । शासन व्यवस्था प्रजातान्त्रिक हुनको लागि राज्यको सबै भन्दा बढी शोषित , पीडित, अपहेलित, उपेक्षित सवै नागरिकहरुको राज्यमा समानुपातिक सहभागिता हुन जरुरी हुन्छ , त्यसमा पनि देशको १३ प्रतिशत भन्दा बढी जनसंख्या भएका दलित समुदायहरुको राज्यम पहुँच हुनु अनिवार्य छ । दलितहरु राज्यको नीति निर्माण तहमा पुग्नको लागि प्रथमत् राजनीतिमा नै सहभागी हुन आवश्यक छ ।

मानव सभ्यताको ऐतिहासिक विकासक्रममा आदिम युगमा कुनै वर्ग र वर्णको उदय भएको पाइँदैन । त्यसैले यस युगलाई रामराज्यको उपमा दिएको पाईन्छ । मानव सभ्यताको विकास संगै बिस्तारै वर्गको जन्म हुनको साथै मानवीय कार्यको आधारमा वर्णले पनि आफ्नो स्थान ओगट्न सफल भएको पाईन्छ । प्रारम्भमा वर्ग र वर्णमा कुनै भिन्नता भएको पाइँदैन । यहाँ सम्म कि मानिसले स्वइच्छाले वर्ण र वर्ग परिवर्तन गर्न सक्दथ्यो । धर्मले बिशेषस्थान ओगट्न सफल रहेको तत्कालीन सामाजिक संरचनमा गीताले वर्ण मानिसमा अन्तरनिहित गुणमा आधारित हुन्छ भन्ने दार्शनिक मान्यता अघि सारेको पाइन्छ । तर समयान्तरालमा वर्ण व्यवस्थाले जातिगत मान्यता पाई विस्तारै वर्ण जन्मगत बन्न पुग्यो । मुलत : इ.पु.१८५ मा राजा मनुले मनुस्मृति लेखेर वर्णाश्रम धर्मलाई वैधानिकता प्रदान गरेपश्चात यसैको आधारमा भारत, नेपाल र केही छिमेकी मुलुकहरुमा हजारौ वर्षदेखि जातपात र छुवाछुत प्रथा चल्दै आएको पाईन्छ । यस किसिमको प्रथा विश्वका अन्य मुलुकहरुमा नपाइए पनि भारत, नेपाल जस्ता देशमा बस्ने मानिसहरुले हजारौ वर्षदेखि ठूलो सामाजिक भेदभाव, घृणा र अपमान

सहनुपरेको छ । जसले गर्दा भारत, नेपालजस्ता देशहरुमा जातिप्रथा सामाजिक कलंक बन्न पुगेको छ ।

किरात कालीन नेपाली समाज (इ.पु. १५५५ ) बाट इ.१०० सम्म मा समतामूलक समाज थियो । त्यसवेला कुनै वर्ण वा जातपातको संकेतसम्म पाइँदैनथ्यो । लिच्छवीकालमा सर्वप्रथम वर्ण व्यवस्थाको अवधारणा आरम्भ भयो । मध्यकाल (८७९-१७६८) मा आफ्नो व्यापकता जमाउन सफल वर्ण व्यवस्थाकै आधारमा काठमाडौका राजा जयस्थिति मल्लले समाजलाई ४ जात ३६ वर्ण एवं ७२५ उपजातहरु कायम गराए । ब्राम्हण र गुरु पुरोहितहरुको ईसारामा यो जातपात एवं छुवाछुत प्रथालाई सामाजिक कानुनको रुपमा यहाँ लाद्ने काम गरे । राजा रामशाहले सोही परम्परालाई निरन्तरता दिदैं जातपात र छुवाछुत प्रथालाई झन बलियो पार्ने काम गरे । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियानमा सबै जातजातिलाई समेट्ने प्रयत्न गरेता पनि नेपाल एकिकरण पश्चात नेपाललाई "सक्कली हिन्दु स्थान" को उपमा दिदैं जातपात र छुवाछुतलाई मुलुकभरि लाद्ने काम गरे । त्यसै गरी भीमसेन थापाको प्रधानमन्त्रीत्वकालमा चालु सामाजिक रितिस्थितिलाइ सुधार गर्ने नाममा छुवाछुत प्रथालाई झन कठोर पार्ने काम भएको पाईन्छ । तत्पश्चात नेपाली राजनीतिको एक दुःखद राणाशासन कालमा जंगबहादुरले एकछत्र शासनमात्र चलाएनन, त्यसको साथै वि.स.१९१० मा मुलुकी ऐन जारी गरेर समाजमा विद्यमान जातपात र छुवाछुत प्रथालाई कानुनी रुप समेत दिए ।

२००७ सालको राजनीतिक परिवर्तन सँगै नेपाली समाजमा केही खुलापन आउनुको साथै २०१५ को संविधान मार्फत जातपातको आधारमा भेदभाव नगरिने, सरकारी सेवामा विना भेदभाव नियुक्ति एवं जाति-जाति बीचमा घृणा र द्धेस फैलाउन नपाइने प्रावधानको उल्लेख समेत भएको पाइन्छ । जातपात, छुवाछुत सम्बन्धमा सँबिधानमा उक्त प्रावधान भए तापनि व्यवहारमा लागु हुन नसकिरहेका परिपेक्ष्यमा २०१७ सालमा मुलुक निर्दलीय पञ्चायति शासन व्यवस्थामा रुमलिन पुग्यो । २०१९ को संबिधान मार्फत धर्म, जात, वर्ण र लिङ्गको आधारमा कसैलाई पनि भेदभाव नगरिने उल्लेख हुनुको साथै २०२० को नयाँ मुलुकी ऐन मार्फत जातीय छुवाछुतलाई निन्दनीय गरियो । स्मरणीय छ २०१९ को संविधानमार्फत नेपाललाई "हिन्दू राष्ट्र" को रुपमा घोषणा गरिनुको साथै २०२० को मुलुकी ऐन मार्फत छुवाछुतलाई दण्डनीय नबनाइएबाट दलितहरुको सामाजिक अवस्थामा कुनै परिवर्तन आउन

सकेन । जसले गर्दा दलितहरुको राजनीतिक सहभागितामा कमी आउनु स्वभाविकै थियो । २०४६ सालको जनआन्दोलनको सफलतासँगै पंञ्चायति व्यवस्थाको अन्त भई २०४७ को संविधान निर्माण संगै नेपाली समाजमा व्याप्त रुपमा रहेको छुवाछुत प्रथालाई निरुत्साहित गर्दै २०४८ सालमा मुलुकी ऐनमा संशोधन गरी दण्ड सँजायको व्यवस्था गरेको पाइन्छ । नेपालमा एमाओवादीले संचालन गरेको १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनपश्चात बनेको अन्तरिम संबिधान २०६३ को (**धारा१४**) मा **छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक** : को व्यवस्था गरिएको छ, सोही अनुसार मुलुकी ऐनमा सजांयको व्यवस्था गरिएको छ । ऐतिहासिक सबिधान सभाले जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ जारी गरी जातीय विभेद गर्ने कसुरदारलाई ३ महिनादेखि ३ वर्षसम्म कैद र ५ हजारदेखि २५ हजारसम्म सजांयको व्यवस्था गरेको पाइन्छ, पीडितलाई पीडकबाट २५ हजार देखि १ लाखसम्म क्षतिपूर्ति भराई दिने व्यवस्था समेत छ । देशमा गणतन्त्रको घोषणा भई सक्दा पनि जातीय विभेद जस्तो कुसंस्कार कायमै रहनु देशको लागि अभिसाप नै हो, त्यसैले सामाजिक परिवर्तन विनाको राजनीतिक परिवर्तन फलदायी हुन नसक्ने हुँदा हरेक मुलुकले राजनीतिको मूल प्रवाह सँगै सामाजिक, आर्थिक, शैक्षिक आदि पक्षलाई समेत समान रुपमा विकसित गर्दै लैजानु पर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

राजनीतिमा दलित सहभागिता ए.ने.क.पा.माओवादी कास्कीको अध्ययन विषयक शीर्षक यस शोध अध्ययनको क्रममा प्राप्त भएका राजनीतिक, सैद्धान्तिक सम्वन्धी लेख, रचना, पुस्तक, साहित्य आदि र शोध उद्देश्य पूरा गर्न भरिएका प्रश्नावलीहरुको उत्तर समेतलाई विश्लेषण गर्दा खेरी यो निष्कर्षमा पुग्न सकिन्छ कि दलित समुदायहरुले नेपालको राजनीतिक इतिहासमा हिन्दू वर्णाश्रममा आधरित शासन व्यवस्थाले गर्दा वर्षौ देखि जातीय भेदभाव तथा छुवाछुत जस्तो अमानवीय, घृणित व्यवहारको सामना गर्दै आउन परेको देखिन्छ । जातिय विभेदका बिरुद्धमा दलित अगुवाहरुले २००४ सालदेखि नै विभिन्न संगठन मार्फत आन्दोलनको प्रयास गरेको पाइन्छ, तर आन्दोलनलाइ राजनीतिक आन्दोलनसंग जोड्न नसकी आन्दोलनले मूर्तरुप लिन सकेको पाइएन । राज्यको १३ प्रतिशत भन्दा बढी जनसंख्या भएका श्रम, सीप र सिर्जनाका धनी दलित समुदायहरुलाई राज्यमा लैजान कुनै पनि राजनीतिक दलहरु उत्साहित भएको पाइएन । राणा शासनको अन्तपछि देशको शासनसत्ता नेपाली

कांग्रेसको हातमा पुगेको देखिन्छ । त्यस सरकारले केही टाठा, वाठा दलितहरुलाई उनीहरुको आन्दोलनलाई मत्थर पार्न राष्ट्रियसभाका सदस्यसम्म बनाइदिएको पाइयो । यस्तो निकृष्ट खालको भेदभावको बाव्जुद पनि दलित समुदयले नेपालको एकीकरण गर्ने सवालमा होस् वा नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाको लागि होस् आफ्नो जीवन बलिदान गर्न कुनै आनाकानी अर्थात पछि हटेको पाइएन । सो कुरा वाघे सार्की, विशे नगर्ची, जसवीर कामी लगायतको भूमिकाले प्रष्ट पारेको पाइन्छ । नेपालमा २०४६ सालको सफल आन्दोलनपछि राजनीतिक दलहरु खोल्ने संबैधानिक व्यवस्था भएकाले राजनीतिक दलहरुको संख्यामा वृद्धि हुन थाल्यो । त्यसपछि ती राजनीतिक दलहरुमा दलित समुदायलाई पनि न्युन सहभागिता गराएको देखिन्छ । विशेष गरी तत्कालीन ने.क.पा.माओवादी ले सञ्चालन गरेको १० वर्षे जनयुद्धमा दलित समुदायहरु अधिकतम् सहभागी भएको पाइन्छ । जनयुद्धको क्रममा दशौ हजार सहिद र सयौ बेपत्ता भएकोमा दलित समुदायहरु बाट पनि देशै भरिमा १०८४ जना शहिद र ६९ जना बेपत्ता भई योगदान गरेको पाइन्छ । त्यस्तै गरी माओवादीले निर्माण गरेको जनमुक्ति सेनामा पनि दलितहरु २३०५ जना सहभागी रहेछन । जसमा डिभिजन सहायक कमाण्डर सम्मको सैनिक हैसियत बनाएको पाइयो । जनसेनामा संलग्न दलित महिलाहरुले पनि वटालियन कमाण्डसम्मको जिम्मेवारी समालेको देखियो । केही प्रभावशाली राजनीतिक दलहरुको केन्द्रीय समितिमा भएको दलित सहभागितालाई हेर्दा समानुपातिक समावेशीतालाई आत्मसाथ गर्न सकेको पाइएन । यस शोध-पत्रको मुख्य उदेश्य भनेको ए.ने.क.पा.माओवादी कास्कीमा दलित समुदायको सहभागिताको अवस्था अध्ययन गर्ने भएकोले त्यसै विषयमा नै बढी केन्द्रीत भएको छ । कास्की जिल्लामा रही ए.ने.क.पा.माओवादी को राजनीतिक दलमा आवद्ध भई पूर्णकालीन र अंशकालीनरुपमा काम गर्ने केहि नेतृत्वसंग मौखिक अन्तरवार्ता पनि लिएको र पार्टी सदस्य एवं सहिद परिवारहरु गरी जम्मा ८० जना व्यक्तिहरु बाट आएको उत्तरलाई मुल्याङ्कन तथा विश्लेषण गर्दा दलित समुदायहरु ए.माओवादीमा सहभागी हुनका कारणहरु युगौदेखि जातीय बिभेदमा पिल्सिदै आएकोले ए.ने.क.पा.माओवादीले नै दलितहरुको मुद्धालाई सम्वोधन गरेको हुँदा नै दलित समुदायहरु दलित मुक्तिको साथै समाज परिवर्तनका लागि सहभागी भएको विचारहरु आए । ए.ने.क.पा.माओवादी कास्कीमा भएका जम्मा पार्टी सदस्यहरु ५,१५६ भएकोमा दलितहरु ८७५ जना संगठित सदस्यहरु भएको पाइयो, जुन कुल संख्याको १७ प्रतिशत हुन्छ । ए.माओवादी पार्टीमा दलित सहभागिता समानुपातिक प्रतिनिधित्व भएको देखिन्छ । त्यस्तै दलित समुदायबाट केही गाउँ कमिटी र नगरका वडा

कमिटीको अध्यक्ष एवम सचिव भएको पाइयो भने केही गाउँ तथा वडा कमिटीमा दलित सहभागिता शून्य भएको भेटियो । समग्रमा हेर्दा ए.ने.क.पा.माओवादीको सगठनहरुमा दलित समुदायको सहभागिता राम्रो भएको देखिन्छ । ऐतिहासिक संबिधानसभाको सदस्य संख्या ६०१ भएकोमा माओवादी सभासद २४० भएको पाइन्छ । सवै दलहरुबाट सहभागी दलितहरु जम्मा ५१ जना छन् जसमा २६ जना माओवादीबाट प्रतिनिधित्व भएको पाइयो । जुन माओवादी सभासद संख्याको १०.८३ प्रतिशत हुन्छ । यसमा समानुपातिक समावेशीतालाई माओवादीले पछ्याएको देखिन्छ भने अन्य राजनीतिक दलले कार्यान्वयन गरेको देखिएन ।

यस शोधपत्रको उद्देश्यअनुसार प्राप्त निष्कर्षहरुलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

- नेपालका राजनीतिक दलहरुमा दलितहरुको सहभागिता र प्रतिनिधित्व विगतका दाँजोमा बढ्दै गएको भए तापनि त्यो पूर्ण समावेशी भने छैन ।
- माओवादीमा दलितहरुको सहभागिता कूल संख्याको आधारमा र अन्य दलहरुभन्दा समानुपातिक भएको पाइयो ।
- दलितहरुले माआवादीमा आफ्नो सहभागिता र भूमिकालाई केहीले असन्तोषका रुपमा लिएतापनि धेरैले सन्तोषजनककै रुपमा लिइएको पाइयो ।
- माओवादीमा दलितहरुको भूमिकाको मुल्याङकनमा विभेद नै भेटियो ।
- दलितहरुको कार्यक्षमतालाई उपयोगका र विकल्पका रुपमा मात्र लिइएको पाइयो ।
- माओवादीमा दलितहरुका विचमा पूर्ण समानता भएको पाइएन ।

## ५.३ सुझावहरु

यस शोध अध्ययनको क्रममा प्राप्त भएका उपलव्धिहरु लाई विश्लेषण गर्दा निम्न सुझावहरु पेश गरिएको छ ।

- नेपालमा भएका पार्टीहरुले दलित समुदायलाई अधिकाँश चुनावी भोटबैंकको रुपमा प्रयोग गरेका र राजनीतिक अवसर दिने कुरामा दलितहरुलाई उपेक्षा गरेको पाइएको हुँदा आगामी दिनहरुमा राजनीतिक दलहरुले अनिवार्य रुपमा दलित समुदायहरुलाई राजनीतिक नेतृत्वमा लैजाने र हरेक अवसरमा कम्तिमा समानुपातिक सहभागिता गराउनु लागि पर्ने देखिन्छ ।
- राजनीतिमा सहभागी हुने वातावरण निर्माण गर्न दलित समुदायहरुलाई आर्थिक समृद्धिमा जोड दिनुको साथै सामीजक अन्तरघुलन, साँस्कृतिक अन्तरघुलनको लागि

राजनीतिक दलहरुको अगुवाइमा कार्यक्रमहरु बनाउने ।

- सवै राजनीतिक दलहरुले आ-आफ्नो राजनीतिक विधानमा दलित समुदायको राजनीतिक सहभागितमा वृद्धि गर्न विशेष व्यवस्था गर्ने ।
- सवै राजनीतिक दलहरुले समानुपातिक समावेशीताको सिद्धान्तलाई व्यवहारिक कार्यान्वयनको पूर्णता दिने ।
- विशेष गरी श्रमजीवी वर्गको राजनैतिक सिद्धान्त बोकेका पार्टीहरुले अनिवार्य रुपमा संख्यात्मक प्रतिनिधित्वलाई गुणात्मक बनाउने नीति बनाइ त्यसको शुरुवात गर्ने ।
- राजनीतिक दलका कुनै पनि कार्यकर्ताले जाति, लिङ्ग, भाषाको आधारमा कुनै पनि व्यक्तिमाथि विभेदको व्यवहार गर्छ भने पहिला त्यस्ता नेता, कार्यकर्तालाई पार्टी सदस्यबाट निलम्वन गरी कानुनी कार्वाही गर्न सहयोग पुऱ्याउनु पर्छ ।

# सन्दर्भसूची

असरफ, अली, एण्ड शर्मा एल. एन (१९९५), *पोलिटिकल सोसियोलोजी,* हैदरावाद : यूनिभर्सीटी प्रेस ।

उपाध्याय, केदारनाथ (२०६६), "दलित अधिकारलाई संवैधानिक ग्यारेन्टी आवश्यक" *नयाँ नेपालमा दलित ।*

किसान, यम बहादुर र डा. विद्यानाथ (२०५९) *सामाजिक न्याय शिक्षा,* ।

के.सी., डा.सुरेन्द्र (२०६७), "सामाजिक रुपान्तरण र दलित प्रश्न" *दलित सन्देश,* वर्ष २, अंक ८ पुस, पृ.१५।

गिरी, प्रदीप (२०६६), *दलित सन्देश,* वर्ष १, पृ.२५।

गेना, सि. वी. (१९९३), *आधुनिक राजनीतिक विश्लेषण,* न्यू दिल्ली : विकास पब्लिसर्स ।

जोहरी, ए. सी. (१९९४), *प्रिन्सपल अफ मोर्डन पोलिटिकल साईन्स,* न्यू दिल्ली : ओरिएण्ट लंगमेन लिमिटेड ।

जोहरी, ए. सी. (१९९४), *प्रिन्सपल अफ मोर्डन पोलिटिकल साईन्स,* न्यू दिल्ली : ओरिएण्ट लंगमेन लिमिटेड ।

दुलाल, विश्वभक्त, (२०६६), *नयाँ नेपालमा दलित,* नेपाल सरकार राष्ट्रिय दलित आयोग, काठमाडौ ।

दाहाल, पुष्पकमल प्रचण्ड (२०६४), *दलित मुक्ति,* वर्ष ४ अंक १ आश्विन पृष्ठ १ मुक्ति मोर्चा केन्द्रीय कार्यालय काठमाडौ ।

दुलाल, विश्वभक्त, (२०६४), *नयां नेपालमा दलित महिला,* दलित महिला संघ, केन्द्रीय कार्यालय, ललितपुर पृ.७२ ।

नीए, नर्मन एण्ड भर्वा, सी. (१९७६), "पोलिटिकल पार्टीसिपेसन", *ह्याण्डबुक अफ पोलिटिकल साईन्स,* भो. ४, म्यासाचुसेटस् : एडिसन वेजीले पब्लीसिङ् कम्पनी ।

*नेपालको अधिराज्यको संविधान* (२०४७), काठमाडौं : जनसुविधा प्रकाशन ।

*नेपालको अन्तरिम सविधान* (२०६३), काठमाडौं : हिमाली प्रकाशन ।

*नयां नेपालमा दलित महिला* (२०६४) दलित महिला संघ, काठमाडौ ।

नेपाली, गोविन्द, (२०६६) *नयां नेपालमा दलित,* नेपाल सरकार राष्ट्रिय दलित आयोग, काठमाडौ

नेपाली, डि.वी (२०६८), "इतिहासमा दलित समुदायको नियति बलिदानमा अघि, सहभागितामा पछि" *दलित सन्देश,* बर्ष ।

परियार, थमन (२०६४), *जनयुद्ध र दलित मुक्ति,* नेपाल दलित मुक्ति मोर्चा एकीकृत, कास्की ।

परियार, तिलक, (२०६६), "महान जनयुद्ध, दलित र नयाँ सबिधान" *दलित सन्देश* पृ.१६ वर्ष १ अंक १०, फागुन ।

पाठक, सुदिप (२०६६), *दलित अधिकार नै मानव अधिकार हो,* काठमाडौ : नेपाल सरकार राष्ट्रिय दलित आयोग,।

पाण्डेय, मधुसूदन (२०६४), *नेपालका दलितहरु,* काठमाडौं : पैरवी प्रकाशन ।

पाण्डेय, मधुसूदन (२०६४), *धर्मान्तरणबाट दलित समस्या सुल्झँदैन,* काठमाडौं : पैरवी प्रकाशन

बराल, उमानाथ (२००१), "पोलिटिकल पार्टिसिपेसन अफ दलित कास्टस् इन कास्की डिस्ट्रीक्स" *जनप्राज्ञमंच,* पोखरा : टुटा, जेएमसी ।

भट्राई, वावुराम (२०६६) "नयाँ सविधान र दलित मुक्तिको प्रश्न" दलित सन्देश,वर्ष १ अंक १

वैशाख पृ. १३

रस्तेल, परशुराम (२०६६), "महान जनयुद्धमा दलित मुक्ति आन्दोलनको उपलब्धि" *दलित सन्देश,* वर्ष १ अंक ८ पुस, पृष्ठ १९

रस्तेल, परशुराम (२०६६), "दलित समुदायलाई विशेषाधिकारको व्यवस्था" *दलित सन्देश,* वर्ष १, वैशाख २०६६ ।

राई, बहादुर,पदम (२०६७) "दलित समुदायको लागि विशेषाधिकार" *दलित सन्देश,* दलित मुक्ति मोर्चा केन्द्रीय समिति पृ.१८ ।

वि.क., गणेश (२०६८), "दलित समुदायको वास्तविक पहिचान" *दलित सन्देश,* बर्ष ३, पृ.१४

वि.क., बहादुर भीम (२०६७), "नेपाली क्रान्तिमा दलित समुदायको भूमिका" *दलित सन्देश,* नेपाल दलित मुक्ति मोर्चा केन्द्रीय समिति, पृ.११ ।

विश्वकर्मा, उपेन्द्र (२०६४), "संघर्षको अचूक निशाना व्राह्मण नभई ब्राह्मणवाद" *दलित मुक्ति,* वर्ष ४ अंक १ पृ.७४, काठमाण्डौ : नेपाल दलित मुक्ति मोर्चा केन्द्रीय समिति काडमाडौ

विश्वकर्मा, सन्तोषी (२०६४), *दलित मुक्ति,* काठमाण्डौ : दलित मुक्ति मोर्चा (एकिकृत)

वैद्य, मोहन (किरण) (२०६६), *दलित सन्देश,* पृ.३५ वर्ष, १ अङ्क १,

वैद्य, मोहन (२०६४), *दलित मुक्ति,* वर्ष ४ अंक १, आश्विन पृष्ठ, दलित मुक्ति मोर्चा केन्द्रीय कार्यालय काठमाडौ ।

*समानताको ढोका खुल्दै : नेपालमा दलितहरुको न्यायमा पहुँच* (२०६८), काठमाडौं : संयुक्त राष्ट्रसँघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल ।

*संबिधानसभा गतिविधि-२* (२०६८), “नागरिक सम्वन्ध समिति”वर्ष १,अंक २ श्रावण

*सागठनिक विवरणहरु* (२०६९), ए.ने.क.पा.(माओवादी) जिल्ला कार्यालय कास्की ।

श्रीपाली, दलजित (२०६७), “जनमुक्ति सेनामा भर्ति हुदा मृत्यु या मुक्तिको कसम खाइएको हो” *दलित सन्देश,* वर्ष २,अंक १०,पृ.७ ।